# कोशी दर्पण

वर्षः३ | अङ्कः५ | २०८३ असार

कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर

**संरक्षक:**

श्री राजेन्द्र कुमार पौडेल, प्रमुख सचिव, कोशी प्रदेश

**सल्लाहकार:**

श्री रामकृष्ण अधिकारी, प्रदेश सचिव, शासकीय सुधार महाशाखा

श्री राजु प्रसाद गुरागाई, प्रदेश सचिव, कानून महाशाखा

**सम्पादक मण्डल:**

| | |
|---|---|
| प्रधान सम्पादक: | श्री नारायण प्रसाद रिसाल, प्रदेश सचिव |
| कार्यकारी सम्पादक: | श्री रुपा सुनुवार, उपसचिव |
| सम्पादक: | श्री विजय कुमार मगर, वरिष्ठ शाखा अधिकृत |
| सम्पादक: | श्री अनमोलमणि भट्टराई,वरिष्ठ शाखा अधिकृत |
| सम्पादक: | श्री मदन खनाल, शाखा अधिकृत |

**प्रकाशन कार्यदल:**

| | |
|---|---|
| संयोजक: | श्री रामकृष्ण अधिकारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य: | श्री कृष्ण प्रसाद पौडेल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य: | श्री मनिस कुमार तिमलसिना, आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| सदस्य: | श्री किरण ढकाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य सचिव: | श्री विनय भास्कर दत्त, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**डिजाइन तथा चित्रण:**

श्री विनय भास्कर दत्त, कम्प्युटर अधिकृत

**प्रकाशक तथा सर्वाधिकार:**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर

**प्रकाशन सङ्ख्या:** ५०० प्रति

https://ocmcm.koshi.gov.np/ मा समेत प्रकाशित

**प्रकाशन मिति:** २०८३, असार

**मुद्रण:** गजुरमुखी प्रेस, विराटनगर

---

प्रकाशित लेख-रचना लेखकका निजी विचार हुन्। लेखमा प्रकाशक/सम्पादक मण्डलको तर्फबाट कुनै धारणा प्रतिबिम्बित गरिएको मानिने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ साभार गर्नुपरेमा श्रोत खुलाई प्रयोग गर्न सकिनेछ ।

मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना

कोशी प्रदेश सरकारले आफ्ना विभिन्न गतिविधि, नीति, कार्यक्रम, उपलब्धि, विकास प्रयास तथा प्रदेशसँग सम्बन्धित महत्वपूर्ण विषयहरूलाई समेटेर पाँचौं संस्करणको 'कोशी दर्पण' प्रकाशन गर्न लागेकोमा अत्यन्तै हर्षित छु। प्रकाशोन्मुख जर्नल प्रदेश सरकारका कामहरूलाई व्यवस्थित रूपमा अभिलेख राख्न र आम नागरिक, विद्यार्थी, अनुसन्धानकर्ता तथा सरोकारवालालाई कोशी प्रदेश सरकारका काम-कारबाही र विकास यात्राका बारेमा आधिकारिक जानकारी प्रदान गर्ने महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

'कोशी दर्पण' केवल एउटा प्रकाशन मात्र नभई प्रदेश सरकारका नीति, कार्यक्रम, उपलब्धि र अनुभवलाई अभिलेखीकरण गरी भावी दिशा तय गर्ने मार्गदर्शक पनि हो। सरकारका गतिविधि र काम कारवाही तत्कालीन समयका लागि मात्र नभई भावी पुस्ताका लागि पनि अध्ययन, अनुसन्धान र सन्दर्भ सामग्रीका रूपमा सुरक्षित रहनु आवश्यक हुन्छ। यही उद्देश्यलाई आत्मसात् गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निरन्तर प्रकाशित भइरहेको यस जर्नलले प्रदेश सरकारको वर्तमान अवस्था र आगामी यात्रालाई दिशाबोध गर्नेछ भन्नेमा विश्वस्त छु। साथै यस जर्नलमा प्रकाशित विषयवस्तुहरु भविष्यमा कोशी प्रदेश सरकारको विकास र प्रशासनिक इतिहास अध्ययन गर्नेहरूका लागि महत्वपूर्ण स्रोत बन्न सक्ने अपेक्षा गरेको छु।

नेपालको संघीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकारहरू नयाँ संस्थागत संरचनाका रूपमा विकास भइरहेका छन्। सरकारका गतिविधि र निर्णयहरू सुरक्षित रहँदा भविष्यमा विगतका कामको अध्ययन र मूल्याङ्कन गर्न सजिलो हुन्छ। साथै सरकारका गतिविधिबारे विश्वसनीय र आधिकारिक जानकारी प्राप्त गर्न नागरिक तथा अनुसन्धानकर्तालाई सहयोग पुग्दछ। प्रदेश तहमा संघीय शासन प्रणाली कसरी कार्यान्वयन भइरहेको छ भन्ने बुझ्न पनि यस्ता प्रकाशन महत्वपूर्ण हुन्छन्। प्रदेश सरकारका विविध आयामसँगै विभिन्न क्षेत्रका विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता, बौद्धिक व्यक्तित्व तथा अनुभवी लेखकका खोजमूलक, विश्लेषणात्मक र सिर्जनात्मक लेखमार्फत प्रदेशलाई समृद्ध र समुन्नत बनाउन अझ टेवा पुग्नेछ।

फोन नं. +९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np

मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार स्थापना भएदेखि नै आफ्ना नीति, योजना, विकास निर्माणका कार्य, सार्वजनिक सेवा प्रवाह तथा जनहितका कार्यक्रमलाई नागरिकसमक्ष प्रभावकारी रूपमा पुऱ्याउने प्रयास गर्दै आएको छ। सूचना प्रविधिको विकाससँगै सरकारले गरेका कार्यहरुको तथ्यपरक र विश्वसनीय दस्तावेज निर्माण गरी अभिलेख सार्वजनिक गर्नु त्यति नै महत्वपूर्ण हुन्छ। यसले सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै सुशासन, पारदर्शिता र जनउत्तरदायित्वलाई थप सुदृढ बनाउन मद्दत गर्दछ। 'कोशी दर्पण' ले प्रदेशको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षसहित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, वातावरण संरक्षण तथा सुशासनका क्षेत्रमा भएका उपलब्धिलाई तथ्याङ्कगत र तथ्यपरक विश्लेषणसहित समेट्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु। साथै प्रदेशको समृद्धि, दिगो विकास, नवीन सोच र असल अभ्यासलाई संस्थागत गरी 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माणको अभियानमा 'कोशी दर्पण' को प्रकाशन महत्वपूर्ण हुने विश्वास लिएको छु।

अन्त्यमा, कोशी प्रदेश सरकारको गतिविधि, उपलब्धि, नीति, विकास प्रयास र संस्थागत यात्रालाई तथ्यपरक र अनुसन्धानमुखी अभिलेख गरी प्रदेशसम्बन्धी ज्ञान, प्रशासन र विकासको अध्ययनलाई अझ बलियो बनाउँदै नागरिकमा सरकारप्रतिको विश्वास अभिवृद्धि गर्न 'कोशी दर्पण' को प्रकाशन सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु। साथै यस महत्वपूर्ण दस्तावेजको प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२० असार २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np

कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

# शुभकामना



नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको सफल कार्यान्वयन गर्दै आम नागरिकलाई शासकीय सुखानुभूति गराउने सन्दर्भमा कोशी प्रदेश सरकार निरन्तर क्रियाशील छ । यसै पृष्ठभूमिमा संघीयता कार्यान्वयनको परिप्रेक्ष्यमा प्रदेश प्रशासनका बहुआयामिक सवालहरू उजागर गर्न, सरकारका नीति, रणनीति एवम् विकास कार्यक्रमहरूलाई सरल ढङ्गले आम जनतामाझ प्रसार गर्न, र सार्वजनिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा आबद्ध अनुभवी कर्मचारी एवम् प्राज्ञिक वर्गको ज्ञान, धारणा र बौद्धिक विचारलाई समेट्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट **"कोशी दर्पण"** नियमित रूपमा प्रकाशन हुँदै आउनु अत्यन्त गौरवको विषय हो । सूचना, सञ्चार र बौद्धिक बहसको साझा चौतारीका रूपमा यस प्रकाशनले स्थापित गरेको पहिचान प्रशंसनीय छ ।

यस प्रकाशोन्मुख पाँचौँ अङ्कका लागि कोशी प्रदेशको विशिष्ट भूगोलमा केन्द्रित भई सुशासन र प्रशासनिक सुधार, दोस्रो आवधिक योजना, संघीयताको परिप्रेक्ष्यमा प्रदेशको भूमिका, स्थानीय तहको सशक्तिकरण, कृषि एवम् पर्यटन क्षेत्रका अवसर तथा चुनौती, जलविद्युत, लगानीको वातावरण, सामाजिक-आर्थिक रूपान्तरणका साथै वातावरण, जलवायु परिवर्तन, स्वास्थ्य र सूचना प्रविधि जस्ता समसामयिक एवम् रणनीतिक विषयक्षेत्रहरूमा बौद्धिक, तथ्यमूलक र अनुसन्धानमूलक लेख-रचनाहरू समावेश गरिनु समयसान्दर्भिक र स्वागतयोग्य कदम हो । यस अङ्कले समेटेका विषयवस्तुले प्रदेशको समग्र विकासको मार्गचित्रलाई थप स्पष्ट पार्न र नीति निर्माण तहमा रचनात्मक पृष्ठपोषण पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्त्यमा, आफ्नो अमूल्य ज्ञान, अनुभव र अनुसन्धानका निचोडहरू लेखमार्फत साझा गर्नुहुने सम्पूर्ण आदरणीय लेखक, कर्मचारी तथा प्राज्ञिक वर्गप्रति आभार व्यक्त गर्दछु । यस प्रकाशनको स्तरीयता कायम राख्दै नियमित प्रकाशनका लागि अहोरात्र खटिने सम्पादक मण्डल, सहयोगी कर्मचारी र प्रकाशन कार्यदललाई हार्दिक धन्यवाद दिँदै "कोशी दर्पण" को पाँचौँ अङ्कको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

१५ असार २०८३

**राजेन्द्र कुमार पौडेल**

प्रमुख सचिव

कोशी प्रदेश, विराटनगर

# सम्पादकीय

अनुसन्धान, नवप्रवर्तन र सुशासनः समृद्ध कोशीको मार्ग

जनमुखी सार्वजनिक प्रशासन लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्ड हो । राज्यका नीति, योजना र कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसको मूल दायित्व हो । बदलिँदो सामाजिक, आर्थिक तथा प्राविधिक परिवेशसँगै प्रशासनिक प्रणालीले पनि समयअनुकूल रूपान्तरण गर्नुपर्ने आवश्यकता दिनप्रतिदिन बढ्दै गएको छ। नागरिकको बढ्दो अपेक्षा, सुशासनप्रतिको प्रतिबद्धता, डिजिटल प्रविधिको तीव्र विस्तार तथा संघीय शासन प्रणालीको सुदृढीकरणका लागि सक्षम, उत्तरदायी, पारदर्शी र नतिजामुखी प्रशासन आजको अपरिहार्य आवश्यकता बनेको छ ।

संघीय शासन व्यवस्थाले प्रदेश सरकारलाई विकास, सेवा प्रवाह तथा सार्वजनिक व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । यी जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्न नीति निर्माण, अनुसन्धान, नवप्रवर्तन र प्रमाणमा आधारित निर्णय प्रक्रियालाई संस्थागत गर्नु आवश्यक छ । प्रशासनिक सुधार केवल कानुनी तथा संरचनागत व्यवस्थाबाट मात्र सम्भव हुँदैन; यसका लागि अनुसन्धान, ज्ञानको आदानप्रदान, अनुभवको दस्तावेजीकरण र सिर्जनात्मक बहसलाई निरन्तर प्रवर्द्धन गर्नुपर्छ । यही उद्देश्यलाई आत्मसात् गर्दै कोशी प्रदेश सरकारले प्रकाशित गर्दै आएको कोशी दर्पण जर्नलको यस नयाँ संस्करणमार्फत प्रशासन, सार्वजनिक नीति, आर्थिक विकास, सुशासन, वित्तीय संघीयता, नवप्रवर्तन तथा समसामयिक विषयमा आधारित अनुसन्धानमूलक र विश्लेषणात्मक सामग्री पाठकमाझ प्रस्तुत गरेका छौँ ।

यस जर्नलले अनुसन्धानकर्ता, नीति निर्माता, प्रशासक, शिक्षाविद्, विद्यार्थी तथा सरोकारवालाबीच ज्ञान आदानप्रदानको साझा मञ्च निर्माण गर्ने विश्वास लिइएको छ । यहाँ प्रकाशित लेख, अध्ययन तथा विश्लेषणले प्रादेशिक नीति निर्माण र कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी, खोजमूलक, प्रमाणमा आधारीत तथा नागरिकमैत्री बनाउन योगदान पुर्‍याउने अपेक्षा गरेका छौँ । आगामी अंकमा अझ गुणस्तरीय, मौलिक र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका अनुसन्धानमूलक सामग्री समेट्दै जर्नललाई थप परिष्कृत र समृद्ध बनाउने हाम्रो प्रतिबद्धता रहेको छ ।

यस संस्करणको प्रकाशनमा मार्गदर्शन, सल्लाह र सहयोग प्रदान गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, प्रमुख सचिवज्यू, सचिवज्यूहरू तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्पूर्ण पदाधिकारीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । साथै, आफ्ना अनुसन्धानमूलक लेख, विचार र विश्लेषणमार्फत जर्नललाई समृद्ध बनाउनुहुने सम्पूर्ण लेखक, मुद्रक संस्था तथा सहयोगी महानुभावप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

अन्त्यमा, कोशी दर्पण जर्नल लाई अझ उपयोगी, अनुसन्धानमूलक गुणस्तरीय बनाउन पाठकवर्ग, विज्ञ तथा सरोकारवालाबाट प्राप्त हुने रचनात्मक सुझाव, प्रतिक्रिया र अनुसन्धानमूलक योगदानको निरन्तर अपेक्षा गर्दै यो संस्करण आदरणीय पाठकमाझ समर्पित गर्दछौँ ।
धन्यवाद।

– सम्पादक मण्डल

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | कोशी प्रदेशको पर्यटन क्षेत्र: अवसर, चुनौती र आगामी दिशा | १ |
| २ | विपद् व्यवस्थापनमा प्रदेश सरकार | ९ |
| ३ | विकास व्यवस्थापनमा कोशी प्रदेश सरकारको भूमिका र भावी रणनीति | १५ |
| ४ | धान खेती र जलचक्र: नेपालको पहाडी गह्वाकान्लादेखि तराईसम्मको जल–पारिस्थितिक दृष्टिकोण | २३ |
| ५ | स्थानीय तहको सशक्तीकरणमा प्रदेशको भूमिका | ३० |
| ६ | कोशी प्रदेशमा पर्यटन क्षेत्रको अवसर र चुनौती | ३६ |
| ७ | नेपालमा पर्यटन क्षेत्रको अवसर र चुनौती: कोशी प्रदेशको सन्दर्भ | ४८ |
| ८ | नेपालमा संघीयतापछि स्थानीय तहमा सुशासन: यथार्थ र भावी दिशा | ५३ |
| ९ | साना तथा मझौला उद्यमको उन्नयनका लागि क्षमता विकास | ६५ |
| १० | नेपालमा सूचना तथा सञ्चार प्रविधि विकासको प्राथमिकता : डिजिटल नेपालको मार्गचित्र र चुनौती | ६९ |
| ११ | How to attract Foreign Direct Investment to Koshi Province | ७५ |
| १२ | Monsoon-Induced Disasters in Koshi Province: Trend Analysis and Policy Implications | ८२ |
| १३ | Agriculture Transformation in Koshi Province: Prospects and Challenges | ८९ |
| १४ | Exploring the Nexus Between Right to Information (RTI) and Good Governance: An Assessment of Nepalese Regime | ९७ |
| १५ | Social Media and Electoral Campaigns in Nepal: A Legal Analysis of Regulation and Oversight | १०७ |
| १६ | Investment Prospects in Koshi Province: Areas, Opportunities and Challenges | ११९ |

# कोशी प्रदेशको पर्यटन क्षेत्र: अवसर, चुनौती र आगामी दिशा

✍ किशोर कुमार राई*



**लेख सार (Executive Summary)**

यस लेखमा कोशी प्रदेशको पर्यटन क्षेत्रका अवसर, चुनौती र आगामी कार्यदिशाको विश्लेषणात्मक मूल्याङ्कन गरिएको छ। जैविक विविधता, विश्वका सर्वोच्च हिमशिखरहरू र त्रि-धार्मिक आस्थाका केन्द्रहरू हुनु यस प्रदेशका सबल पक्ष हुन् भने कमजोर पक्षहरूलाई हेर्दा यातायात पूर्वाधार, सुस्त लगानी र प्रचारप्रसारको अभाव प्रमुख चुनौती हुन्। प्रदेश सरकारको '८२ गन्तव्य' पहिचान गर्ने नीति बढी महत्त्वाकाङ्क्षी र बजेट छर्ने प्रकृतिको देखिएकाले, त्यसको सट्टा '२० वटा उच्च प्राथमिकताका रणनीतिक गन्तव्य' छनोट गरी साधन-स्रोत केन्द्रित गर्नुपर्ने सुझाव यस लेखले अघि सारेको छ। भारतीय, भुटानी र बङ्गलादेशी बजारको सामीप्यतालाई उपयोग गर्दै सार्वजनिक-निजी साझेदारीमा पूर्वाधार विकास गरेमा कोशी प्रदेशको पर्यटनले प्रादेशिक समृद्धिमा गुणात्मक योगदान दिने निष्कर्ष निकालिएको छ।

**सार शब्द कुञ्जी:** कोशी प्रदेश, २० रणनीतिक गन्तव्य, पर्यटन पूर्वाधार, व्यावहारिक लगानी, साहसिक पर्यटन, दिगो विकास।

## १. पृष्ठभूमी:

### बहुआयामिक विविधता र सहिष्णुताको सङ्गम

नेपालको संघीय संरचना अनुसार पूर्वी भूगोललाई समेटेको कोशी प्रदेश प्राकृतिक, भू-धरातलीय, धार्मिक र सांस्कृतिक दृष्टिकोणले मात्र होइन, मानवीय र सामाजिक सहिष्णुताका हिसाबले पनि एक जीवन्त सङ्ग्रहालय हो। दक्षिणमा समुद्र सतहबाट मात्र ५९ मिटर उचाइमा रहेको झापाको केचनाकवलदेखि उत्तरमा विश्वकै सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) सम्मको छोटो दूरीमा यो प्रदेश फैलिएको छ। यो तीव्र भू-धरातलीय उतारचढावले गर्दा यहाँ उष्ण प्रदेशीय तराई, समशितोष्ण पहाड र अल्पाइन हिमाली जलवायुको अनुपम समीश्रण पाइन्छ, जुन संसारमै विरलै देख्न पाइने प्राकृतिक विशेषता हो।

यस प्रदेशको सबैभन्दा सुन्दर र सबल पक्ष यहाँको धार्मिक तथा सांस्कृतिक सहिष्णुता हो। कोशी प्रदेश किराँत सभ्यताको उद्गम थलो हो, जहाँ रैथाने मुन्धुमी दर्शन र संस्कृति शताब्दियौँदेखि अक्षुण्ण छ। यही भूमिमा हिन्दू धर्मका अगाध आस्थाका केन्द्रहरू बराहक्षेत्र, पिण्डेश्वर, विष्णुपादुका, रामधुनी, पाथिभरा र हलेसी रहेका छन् भने बौद्ध धर्मालम्बीहरूको पवित्र गुम्बा र ध्यानकेन्द्रहरू हिमाली तथा पहाडी भेगमा फैलिएका छन्। विशेष कुरा के छ भने, यहाँ खोटाङको हलेसी महादेवलाई हिन्दू, बौद्ध र किराँत तिनै सम्प्रदायले उत्तिकै श्रद्धाका साथ पूज्ने गर्दछन्। ताप्लेजुङको पाथिभरा देवीलाई एकातिर हिन्दूहरू शक्तिपीठका रूपमा पुज्छन् भने रैथाने लिम्बू समुदायले आफ्नो सांस्कृतिक आस्थाको केन्द्र मान्दछन्।

* सदस्य, कोशी प्रदेश योजना आयोग । ९८५२०४९५०७ । kishorthulung@gmail.com

यो प्रदेश बहुजातीय (राई, लिम्बू, शेर्पा, लेप्चा, मैथिल, राजवंशी, क्षेत्री-ब्राह्मण आदि) र बहुभाषिक समाजको उत्कृष्ट उदाहरण हो। यहाँका फरक-फरक भेषभूषा,  चाडपर्व (उधौली-उभौली, सिरुवा, ल्होसार, छठ, दशैँ-तिहार) र जीवनशैलीहरू एकापसमा द्वन्द्व होइन, सहअस्तित्व र उत्सवका रूपमा अन्तर्घुलित भएका छन्।

त्यसैले, कोशी प्रदेशको पर्यटन केवल 'हिमाल हेर्ने र प्रकृति घुम्ने' माध्यम मात्र होइन, यो त यहाँको अद्वितीय भौगोलिक विविधता र परापूर्वकालदेखि कायम रहेको अनुपम सामाजिक-धार्मिक सहिष्णुताको प्रत्यक्ष अनुभूति गर्ने अवसर पनि हो। यही सहिष्णु र अतिथि-सत्कारयुक्त मानवीय पूँजी नै यस प्रदेशको पर्यटन विकासको मुख्य मेरुदण्ड हो ।

नेपालको पूर्वी ढोका मानिने यो प्रदेश अन्तर्राष्ट्रिय पर्यटकका साथै छिमेकी देश भारत, भुटान र बङ्गलादेशका पर्यटकका लागि सबैभन्दा पायक पर्ने गन्तव्य हो । सरकारी स्तरबाट घोषणा गरिएका '८२ गन्तव्य' जस्ता नीतिहरू सुन्दा आकर्षक सुनिए पनि सीमित स्रोत-साधनका कारण ती बढी महत्त्वाकाङ्क्षी र छरिएका योजना साबित हुने जोखिम छ। वर्तमान परिप्रेक्ष्यमा, धेरै गन्तव्यमा बजेट टुक्राउनुभन्दा "थोरै तर अब्बल" २० वटा प्रमुख गन्तव्यहरू पहिचान गरी रणनीतिक रूपमा लगानी केन्द्रित गर्नु नै कोशी प्रदेशको पर्यटन ब्युँताउने व्यावहारिक मार्गचित्र हुनसक्छ।

**२. अवसरहरू (Opportunities)**

कोशी प्रदेशको भू-धरातलीय, प्राकृतिक र सांस्कृतिक विशिष्टताका कारण यस क्षेत्रमा पर्यटन विकासका अभूतपूर्व र बहुआयामिक अवसरहरू विद्यमान छन् । यी अवसरहरूलाई बुँदागत रूपमा निम्नानुसार विश्लेषण गर्न सकिन्छः

**रणनीतिक भौगोलिक अवस्थिति र विशाल अन्तर्राष्ट्रिय बजार**

**छिमेकी मुलुकको सामीप्यता:** कोशी प्रदेशको दक्षिणी र पूर्वी सिमाना भारतको बिहार र पश्चिम बंगालसँग जोडिएको छ। यी दुई राज्यको संयुक्त जनसंख्या झण्डै २० करोडभन्दा बढी छ । यसका साथै बंगलादेश र भुटान पनि काँकडभिट्टा नाकाबाट केही घण्टाकै दूरीमा छन् ।

**हिल स्टेसनको अवसर:** भारतको बिहार र पश्चिम बंगालको गर्मी मैदानबाट केही घण्टामै पुग्न सकिने भेडेटार, कन्याम, श्रीअन्तु, र वसन्तपुर जस्ता शितल पहाडी गन्तव्यहरूलाई "सप्ताहान्त पर्यटन" (Weekend Tourism) का रूपमा विकास गर्ने ठूलो अवसर छ ।

**भू-धरातलीय र प्राकृतिक विविधता (Micro-Climate)**

एउटै प्रदेशमा संसार: ५९ मिटरको केचनाकवलदेखि ८,८४८.८६ मिटरको सगरमाथासम्म फैलिएको यो प्रदेशमा उष्ण, समशितोष्ण र हिमाली जलवायु पाइन्छ।संसारकै गहिरो अरुण उपत्यका र विश्वका ५ सर्वोच्च शिखरहरू (सगरमाथा, कञ्चनजङ्घा, लोत्से, मकालु, चोयु) यसै प्रदेशमा छन् ।

**पर्या-पर्यटन (Eco-Tourism):** नेपालकै एकमात्र चरा आरक्ष "कोशी टप्पु वन्यजन्तु आरक्ष" (जहाँ दुर्लभ अर्ना र रैथाने तथा आगन्तुक चराहरू पाइन्छन्) र मकालु-वरुण राष्ट्रिय निकुञ्ज जस्ता क्षेत्रहरू जैविक विविधता अनुसन्धान र प्रकृतिप्रेमी पर्यटकका लागि उत्कृष्ट केन्द्र हुन् ।

**लालीगुराँस र चिया बगान:** तिनजुरे-मिल्के-जलजले (TMJ) क्षेत्रलाई लालीगुराँसको राजधानीका रूपमा र इलाम, झापा र मोरङका गलैँचा जस्ता चिया बगानलाई कृषि-पर्यटन (Agro-Tourism) को रूपमा ब्रान्डिङ गर्ने अवसर छ । चिया बगान, कोशी टप्पुको चरा अवलोकन, र तिनजुरे-मिलके-जलजले (लालीगुराँसको राजधानी) लाई पर्यावरण-मैत्री पर्यटनको केन्द्र बनाउने प्रचुर सम्भावना रहेको छ ।

### धार्मिक, सांस्कृतिक र सामाजिक सहिष्णुता

**त्रि-धार्मिक र मुन्धुमी गन्तव्य:** खोटाङको हलेसी महादेव (जसलाई हिन्दू, बौद्ध र किराँत तिनै सम्प्रदायले पूज्छन्), ताप्लेजुङको पाथिभरा, र सुनसरीको बराहक्षेत्र जस्ता पवित्र स्थलहरूले "धार्मिक पर्यटन सर्किट" निर्माण गर्ने अवसर दिन्छन्।त्रि-धार्मिक स्थल र किराँत संस्कृतिको 'मुन्धुम ट्रेल' लाई एकीकृत गरी पूर्वी नेपालमा बलियो धार्मिक सर्किट बनाउन सकिन्छ ।

**जीवन्त सांस्कृतिक सङ्ग्रहालय:** राई, लिम्बू, शेर्पा, लेप्चा, राजवंशी र धिमाल जस्ता रैथाने समुदायको मौलिक जीवनशैली, भेषभूषा, र परिकारहरू (जस्तै: तोङ्बा, वाचिपा, किनिमा, याङ्बेन) लाई होमस्टे (सामुदायिक आवास) मार्फत आर्थिक उपार्जनमा बदल्ने अवसर छ । यहाँको आपसी सामाजिक सहिष्णुताले पर्यटकहरूलाई सुरक्षित र आत्मीय वातावरण प्रदान गर्दछ ।

### साहसिक र पर्या-पदयात्रा (Adventure Tourism)

नयाँ पदमार्गको उदय: परम्परागत एभरेष्ट बेसक्याम्प बाहेक हालै विकास गरिएको 'मुन्धुम ट्रेल' (रैथाने किराँती संस्कृति र मध्य-पहाडी दृश्य अवलोकन गरिने पदमार्ग) ले पदयात्रीहरूका लागि नयाँ विकल्प दिएको छ।सगरमाथा क्षेत्रमा मात्र केन्द्रित पर्यटनलाई कञ्चनजङ्घा, मकालु, र चोयु जस्ता हिमालहरूमा विस्तार गरी 'लक्जरी र आइसोलेटेड' ट्रेकिङको रूपमा विकास गर्ने अवसर छ।

**जलयात्रा र हवाई साहसिक खेल:** सप्तकोशी र तमोर नदीमा र्‍याफ्टिङ तथा कायाकिङ, र धरानको भेडेटार वा इलामको राँके क्षेत्रमा प्याराग्लाइडिङ, स्काई वक, जीपलाईन र बन्जी जस्ता साहसिक खेलहरूको व्यावसायिक विकास गर्ने प्रशस्त सम्भावना छ ।

### सीमावर्ती व्यापारिक र मेडिकल पर्यटन (Cross-Border & Medical Tourism)

**उपचार र पर्यटनको मिश्रण:** धरान,विराटनगर र आसपासका क्षेत्रमा रहेका अस्पतालहरू (जस्तै: वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, रामलाल गोल्छा ,मेची आँखा अस्पताल) र अन्य विशिष्टीकृत स्वास्थ्य संस्थाहरूमा वर्षेनी हजारौँ भारतीय नागरिकहरू उपचारका लागि आउँछन् । यसलाई "मेडिकल टुरिजम" का रूपमा विकास गरी उनीहरूलाई पहाडी क्षेत्र भ्रमण गराउने प्याकेज बनाउन सकिन्छ ।

**पारवहन र व्यापार:** विराटनगर र काँकडभिट्टा जस्ता सुदृढ व्यापारिक नाकाहरू भएकाले भारतीय पर्यटकहरू सहजै आफ्नै सवारी साधनमा नेपाल प्रवेश गरी सपिङ र मनोरञ्जनका लागि आउने वातावरण छ ।

### ३. चुनौतीहरू (Challenges)

**अवरुद्ध र असुरक्षित सडक यातायात:** कोशी प्रदेशका प्रमुख पहाडी र हिमाली गन्तव्यहरू (जस्तै: ताप्लेजुङको पाथिभरा, संखुवासभाको मकालु क्षेत्र, खोटाङको हलेसी) जोड्ने सडकहरू अझै पनि साँघुरा र हिउँदमा मात्र चल्ने खालका छन्।वर्षायाममा बाढी र पहिरोका कारण सडकहरू हप्तौँ अवरुद्ध हुँदा पर्यटकहरू बीचमै अलपत्र पर्ने जोखिम रहन्छ।

**अन्तर्राष्ट्रिय हवाई पहुँचको अभाव:** विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजना अझै गफमै सीमित छ। भारत वा बंगलादेशका प्रमुख सहरहरूबाट सिधा उडान नहुँदा पर्यटकहरूले काठमाडौँ हुँदै लामो र खर्चिलो दूरी तय गर्नुपर्छ । पहाडी क्षेत्रका सुकेटार र र तुम्लिङटार विमानस्थलहरू मौसमको प्रतिकूलताका कारण बारम्बार बन्द भइरहन्छन् ।

**महत्त्वाकाङ्क्षी योजना र बजेटको विकेन्द्रीकरण**

**८२ गन्तव्यको अलमल र छरिएको बजेट:** प्रदेश सरकारले '८२ गन्तव्य' घोषणा गरेर लोकप्रिय बन्न खोजे पनि ती सबै ठाउँमा पूर्वाधार पुऱ्याउन बजेट र स्रोत अपर्याप्त छ । धेरै ठाउँमा थोरै-थोरै बजेट छर्दा कतै पनि अन्तर्राष्ट्रिय स्तरको होटल, सुदृढ सञ्चार, खानेपानी वा व्यवस्थित पैदलमार्ग बन्न सकेको छैन ।

**पर्यटन आगमन र लगानीमा भौगोलिक असन्तुलन**

**एकल गन्तव्यको दबाब (Sagarmatha-Centric Tourism):** कोशी प्रदेश आउने कुल बाह्य पर्यटकमध्ये ९०% भन्दा बढी सिधै सोलुखुम्बु (सगरमाथा क्षेत्र) पुग्छन्। मकालु-वरुण, कञ्चनजङ्घा, मुन्धुम ट्रेल, वा तराईका धार्मिक र पर्या-पर्यटन क्षेत्रहरूले निकै कम पर्यटक पाउँछन् । यसले गर्दा सगरमाथा क्षेत्रमा वातावरणीय प्रदुषण र ओभर-टुरिजम (Over-tourism) को चुनौती थपिएको छ भने अन्य जिल्लाहरू आर्थिक लाभबाट बञ्चित छन् ।

**निजी क्षेत्रको लगानी आकर्षित गर्न नसक्नु:** नाम्चे वा इलाम जस्ता सिमित क्षेत्रबाहेक अन्य ग्रामीण वा नयाँ पर्यटकीय गन्तव्यहरूमा तारे होटल वा स्तरीय रिसोर्टहरू खोल्न निजी क्षेत्र डराइरहेको अवस्था छ ।

**नीतिगत अन्योल र अन्तर-निकाय समन्वयको अभाव**

**तीन तहका सरकारबीच क्षेत्राधिकार विवाद:** नेपालका प्रमुख राष्ट्रिय निकुञ्जहरू (सगरमाथा, मकालु-वरुण, कञ्चनजङ्घा संरक्षण क्षेत्र) र वन क्षेत्रहरू संघीय सरकारको मातहतमा छन् । प्रदेश वा स्थानीय सरकारले त्यहाँ पर्यटकीय पूर्वाधार बनाउन वा राजस्व सङ्कलन गर्न खोज्दा वन ऐन र कानुनी जटिलताका कारण ठूलो व्यवधान झेल्नुपर्छ ।

**तथ्याङ्क व्यवस्थापनको अभाव:** काँकडभिट्टा, विराटनगर वा पशुपतिनगर नाकाबाट कति भारतीय वा बङ्गलादेशी पर्यटकहरू भित्रिए, उनीहरू कहाँ बसे र कति खर्च गरे भन्ने कुराको कुनै वैज्ञानिक र एकीकृत डिजिटल रेकर्डिङ प्रणाली छैन ।

**सीमावर्ती तथा व्यावहारिक समस्याहरू**

**नाकाहरूमा प्रशासनिक सास्ती:** भारतीय पर्यटकहरू आफ्नै गाडी लिएर नेपाल आउँदा भन्सार (भन्सार अनुमति) र सीमा नाकामा सुरक्षाकर्मीहरूबाट झन्झटिलो जाँच र सास्ती भोग्नुपर्ने गुनासो व्यापक छ।यसले गर्दा उनीहरू नेपाल बस्नुभन्दा भारतकै सिक्किम वा दार्जिलिङ जान रुचाउँछन् ।

**भारतीय मुद्रा (INR) को समस्या:** नेपालमा रु. १०० भन्दा ठूला दरका भारतीय नोटहरू (रु. ५०० का नोट) चलाउन कानुनी बन्देज भएकाले भारतीय पर्यटकहरूलाई डिजिटल भुक्तानी वा नगद बोकेर हिँड्न निकै सास्ती छ ।

**जलवायु परिवर्तन र वातावरणीय जोखिम**

**हिमाल पग्लिने र प्राकृतिक प्रकोप:** जलवायु परिवर्तनका कारण कोशी प्रदेशका हिमतालहरू फुट्ने जोखिम (Glacial Lake Outburst Flood )(GLOF) बढेको छ । समयअगावै वा ढिलो गरी हुने भारी वर्षा, हिमपहिरो र बेमौसमी मौसम परिवर्तनले पदयात्री र पर्वतारोहीहरूको सुरक्षामा गम्भीर चुनौती थपेको छ । (उदाहरणका लागि, हालैका वर्षहरूमा पूर्वी नेपालमा आएका बाढी र पहिरोले कतिपय स्थापित पदमार्गहरू ध्वस्त पारेका छन्) ।

**कमजोर कनेक्टिभिटी:** पहाडी र हिमाली क्षेत्रका सडकहरू वर्षायाममा अवरुद्ध हुनु र तुम्लिङटार वा सुकेटार जस्ता विमानस्थलहरू मौसमका कारण नियमित नहुनु प्रमुख बाधा हो ।

**गुणस्तरीय गन्तव्य व्यवस्थापन (Destination Management):** पर्यटकहरू कति दिन बस्ने र कहाँ खर्च गर्ने भन्ने

योजनाको कमी छ।भारतीय पर्यटकहरू सीमा क्षेत्रमा भोग्नुपर्ने प्रशासनिक झन्झटका कारण आउन हिचकिचाउँछन् ।

**अन्तर-निकाय समन्वयको अभाव:** राष्ट्रिय निकुञ्ज र वन क्षेत्र संघीय सरकार मातहत हुँदा स्थानीय र प्रदेश सरकारले पर्यटकीय गतिविधि बढाउन कानुनी अवरोध खेप्नुपर्छ ।

### ४. विश्लेषणात्मक प्रस्तुती: ८२ होइन, २० गन्तव्यको रणनीति

कोशी प्रदेश सरकारले पर्यटन वर्षका लागि घोषणा गरेको ८२ गन्तव्यको अवधारणा सुन्दा लोकप्रिय र राजनीतिक रूपमा समावेशी लागे पनि आर्थिक, व्यवस्थापकीय र रणनीतिक दृष्टिकोणबाट त्यो निकै कमजोर र छरिएको (Fragmented) योजना हो ।

यसको सट्टा २० वटा उच्च प्राथमिकताका रणनीतिक गन्तव्य छनोट गरी साधन-स्रोत केन्द्रित गर्नु नै कोशी प्रदेशको पर्यटन ब्युँताउने वास्तविक र व्यावहारिक मार्गचित्र हुन्छ।यस रणनीतिको विस्तृत विश्लेषणात्मक स्वरूप र मर्मलाई निम्नानुसार बुझ्न सकिन्छ:

**रणनीतिको मूल मर्म: "Mass" (संख्या) भन्दा "Value" (गुणस्तर र प्रतिफल)**

पर्यटन विकासमा धेरै ठाउँको संख्या देखाउनुभन्दा छानिएका ठाउँहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुविधासम्पन्न बनाउनु महत्त्वपूर्ण हुन्छ । ८२ वटा गन्तव्यमा वार्षिक बजेट टुक्रा-टुक्रा पारेर बाँड्दा कतै पनि गतिलो सडक, आधुनिक शौचालय, सञ्चार नेटवर्क वा स्तरीय होटल बन्न सक्दैन ।

२० गन्तव्यको रणनीतिले "थोरै लगानी, धेरै ठाउँमा छर्ने" परम्परागत सरकारी शैलीलाई विस्थापित गरी "केन्द्रित लगानी, दीर्घकालीन प्रतिफल" (Focused Investment) को सिद्धान्तलाई अङ्गीकार गर्दछ ।

**तीन वटा मुख्य कोरिडोरमा गन्तव्यको वर्गीकरण:**

२० रणनीतिक गन्तव्यको योजनालाई भौगोलिक सुगमता र प्राकृतिक विशेषताका आधारमा ३ वटा मुख्य 'पर्यटन कोरिडोर' मा विभाजन गरी विकास गरिन्छ:

**कोशी प्रदेशका २० रणनीतिक गन्तव्य**

| मेची कोरिडोर (पूर्व) | कोशी कोरिडोर (मध्य) | सगरमाथा कोरिडोर (पश्चिम) |
|---|---|---|
| १. कञ्चनजङ्घा बेसक्याम्प | ७. मकालु-वरुण राष्ट्रिय निकुञ्ज | १४. सगरमाथा आधार शिविर |
| २. पाथिभरा (ताप्लेजुङ) | ८. गुफापोखरी (सङ्खुवासभा) | १५. हलेसी महादेव (खोटाङ) |
| ३. कन्याम/अन्तु डाँडा | ९. टीएमजे (लालीगुराँस क्षेत्र) | १६. नाम्चे बजार |
| ४. सन्दकपुर | १०.भेडेटार/नाम्जे | १७. गोक्यो ताल |
| ५. माङसेबुङ (इलाम) | ११.बराहक्षेत्र/पिण्डेश्वर /रामधुनी | १८. पत्ताले डाँडा (सोलु) |
| ६. कचनकवल (झापा) | १२.कोशीटप्पु वन्यजन्तु आरक्ष | १९. साल्पा पोखरी () |
| | १३. मुन्धुम ट्रेल | २०. रौता पोखरी/लिम्चीङ्बुङ |

### क) द्रुत पूर्वाधार विकास (Fast-Track Infrastructure)

८२ गन्तव्यको तुलनामा २० वटा गन्तव्यमा मात्र ध्यान दिँदा प्रदेशको पर्यटन बजेटले ती क्षेत्रमा बाह्रै महिना चल्ने पक्की सडक, उच्च गतिको इन्टरनेट, खानेपानी र रिसोर्ट निर्माणका लागि निजी क्षेत्रलाई सहुलियत दिन पुग्छ । ५ देखि १० वर्ष भित्र यी २० वटा केन्द्रलाई पूर्ण सुसज्जित (Fully Developed) बनाउन सकिन्छ ।

### ख) प्रष्ट ब्रान्डिङ र लक्षित डिजिटल मार्केटिङ

अन्तर्राष्ट्रिय वा भारतीय पर्यटकहरू ८२ वटा फरक-फरक नाम सुन्दा अलमलिन्छन्। पर्यटन बजारमा '२० विशिष्ट गन्तव्य' को मात्र एकीकृत ब्रान्डिङ गर्दा (जस्तै: “Top 20 Destinations of Koshi”) प्रचारप्रसार गर्न, वृत्तचित्र बनाउन र डिजिटल प्रवर्द्धन गर्न सजिलो र बढी प्रभावकारी हुन्छ ।

### ग) भारतीय र बङ्गलादेशी बजार केन्द्रित प्याकेज (Targeted Packages)

यो रणनीतिले बिहार र पश्चिम बङ्गालका पर्यटकका लागि "गर्मी छल्ने र विकेन्ड मनाउने" (भेडेटार, कन्याम, श्रीअन्तु) र "धार्मिक पर्यटन" (पाथिभरा, हलेसी, बराहक्षेत्र) को निश्चित प्याकेज सिर्जना गर्छ । ८२ वटाको भिडमा यी प्रमुख आकर्षणहरू ओझेलमा पर्ने खतरा हुन्न ।

### घ) वातावरणीय र सांस्कृतिक दिगोपना

सगरमाथा क्षेत्रमा मात्र पर्यटकको अत्यधिक चाप (Over-tourism) हुँदा वातावरणीय सङ्कट बढेको छ । २० गन्तव्यको रणनीतिले पर्यटकहरूलाई कञ्चनजङ्घा, मकालु, र मुन्धुम ट्रेलतर्फ विविधीकरण (Diversify) गरी सन्तुलित प्रादेशिक विकास र वातावरणीय संरक्षण (GLOF जस्ता जोखिम न्यूनीकरण) मा सघाउ पुऱ्याउँछ ।

| सूचक | ८२ गन्तव्यको रणनीति (महत्त्वाकाङ्क्षी) | २० गन्तव्यको रणनीति (व्यावहारिक) |
|---|---|---|
| बजेट वितरण | बजेट कनिका छरेझैं छरिन्छ; प्रतिफल शून्यप्रायः हुन्छ । | बजेट ठोस रूपमा परिचालन हुन्छ; आयोजना चाँडो सकिन्छ । |
| पूर्वाधार स्तर | आधारभूत संरचना (बाटो, शौचालय) पनि अधुरै रहन्छन् । | अन्तर्राष्ट्रिय स्तरका रिसोर्ट र पक्की पहुँच मार्ग बन्छन् । |
| निजी क्षेत्रको आकर्षण | लगानीको सुरक्षा र बजार नदेख्दा निजी क्षेत्र आकर्षित हुन्न । | बजार सुनिश्चित हुने हुँदा निजी क्षेत्र ढुक्कले लगानी गर्छ । |
| पर्यटकको बसाई | पर्यटकीय गन्तव्य अव्यवस्थित हुँदा पर्यटक चाँडै फर्कन्छन् । | एकीकृत प्याकेजका कारण पर्यटकको बसाई र खर्च दुवै बढ्छ । |

'८२ होइन, २० गन्तव्य' को रणनीति कुनै क्षेत्रलाई उपेक्षा गर्ने नीति होइन । यो त "थोरै गर्ने तर उत्कृष्ट गर्ने" व्यवस्थापकीय सिद्धान्त हो । कोशी प्रदेशले भावुकता र राजनीतिक लोकप्रियताभन्दा माथि उठेर यी २० वटा 'गेम चेन्जर' गन्तव्यमा मात्र आफ्नो सम्पूर्ण वित्तीय र प्रशासनिक शक्ति केन्द्रित गर्ने हो भने, यसले प्रादेशिक अर्थतन्त्रलाई साँच्चिकै कायापलट गर्न सक्छ ।

## ५. निष्कर्ष तथा आगामी कार्यदिशा

कोशी प्रदेश प्राकृतिक सौन्दर्य, भू-धरातलीय उतारचढाव, सांस्कृतिक विविधता र परापूर्वकालदेखि कायम सामाजिक-धार्मिक सहिष्णुताको एक अद्वितीय जीवन्त सङ्ग्रहालय हो। यति धेरै अवसर र प्राकृतिक पूँजी हुँदाहुँदै पनि कमजोर पूर्वाधार, नीतिगत अस्पष्टता र स्रोत-साधनको विकेन्द्रीकरणका कारण कोशी प्रदेशको पर्यटनले प्रादेशिक समृद्धिमा अपेक्षित योगदान दिन सकेको छैन ।

पर्यटन विकासमा भावुकता वा अत्यधिक महत्त्वाकाङ्क्षा भन्दा नीतिगत यथार्थता आवश्यक हुन्छ । ८२ गन्तव्यको घोषणा सुन्दा राम्रो सुनिए पनि यसले लगानीलाई कमजोर बनाउँछ। त्यसैले, कोशी प्रदेशले तत्काल आफ्नो रणनीति परिमार्जन गरी '२० प्रमुख गन्तव्य' मा मात्र आफ्ना सम्पूर्ण ऊर्जा, बजेट र जनशक्ति केन्द्रित गर्नुपर्छ ।

**आगामी कार्यदिशा (Action Plan)**

कोशी प्रदेशको पर्यटन क्षेत्रलाई दिगो, सुरक्षित र आर्थिक रूपमा फलदायी बनाउन आगामी दिनमा निम्नलिखित रणनीति र कार्यदिशा अवलम्बन गर्नुपर्छ:

**१. '२० रणनीतिक गन्तव्य' मा लगानीको केन्द्रीकरण (Focused Investment)**

प्रदेश सरकारले तत्काल आफ्नो नीति परिमार्जन गरी तीनवटा कोरिडोर (मेची, कोशी र सगरमाथा) का प्रमुख २० गन्तव्यहरूलाई मात्र पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

ती क्षेत्रहरूमा बाह्रै महिना चल्ने पक्की सडक, व्यवस्थित पदमार्ग, आधुनिक सूचना केन्द्र, खानेपानी, शौचालय र तीव्र गतिको इन्टरनेट जस्ता आधारभूत पूर्वाधार ५ देखि १० वर्षभित्र सम्पन्न गर्ने गरी 'क्र्यास प्रोग्राम' (Crash Program) सञ्चालन गर्नुपर्छ।

**२. सीमावर्ती पूर्वाधार र बजार केन्द्रित ब्रान्डिङ**

बिहार र पश्चिम बङ्गलादेशका पर्यटकहरूलाई लक्षित गरी झापाको कन्याम/अन्तु, धनकुटाको भेडेटार र इलामका शितल हिल स्टेसनहरूलाई "सप्ताहान्त पर्यटन" (Weekend Getaway) को रूपमा विकास गर्नुपर्छ ।

विराटनगर र काँकडभिट्टा नाकामा 'पर्यटक सहजीकरण केन्द्र' स्थापना गरी आफ्नै गाडी लिएर आउने भारतीय पर्यटकहरूलाई भन्सार र सुरक्षा जाँचमा भोग्नुपर्ने सास्ती र प्रशासनिक झन्झटको अन्त्य गरिनुपर्छ । १०० रुपैयाँभन्दा ठूला भारतीय नोटको व्यावहारिक प्रयोग वा डिजिटल भुक्तानी (QR Code) लाई सहज बनाइनुपर्छ।

**३. धार्मिक र सांस्कृतिक सहिष्णुता सर्किटको प्रवर्द्धन**

हलेसी, पाथिभरा र बराहक्षेत्रलाई जोडेर 'त्रि-धार्मिक तथा सांस्कृतिक सर्किट' निर्माण गर्नुपर्छ । यसले भारत, भुटान र अन्य मुलुकका धार्मिक पर्यटकहरूलाई आकर्षित गर्नेछ । साथै रामायण सर्किटसंग जोडन मिल्ने चारधाम सर्किट (पिण्डश्वर, वराहक्षेत्र, रामधुनी,  बिष्णुपादुका )को विकास गर्नु पर्दछ ।
मुन्धुम ट्रेल र ग्रामीण होमस्टेहरूलाई प्रवर्द्धन गर्दै रैथाने किराँत संस्कृति र जीवनशैलीको बजारीकरण गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नुपर्छ ।

**४. हवाई कनेक्टिभिटी र पूर्वाधार अपग्रेड**

विराटनगर विमानस्थललाई क्षेत्रीय हबको रूपमा विकास गरी गण्डकी र लुम्विनी प्रदेश लगायत भारत र बङ्गलादेशका प्रमुख सहरहरूबाट सिधा उडान जोड्न पहल गर्नुपर्छ ।

मौसमका कारण पहाडी जिल्लाका विमानस्थलहरू (सुकेटार र तुम्लिङटार) मा हुने उडान अवरोधलाई न्यूनीकरण गर्न आधुनिक प्रविधिको जडान गरिनुपर्छ ।

**५. जलवायु उत्थानशीलता र वातावरणीय सुरक्षा (Climate Resilience)**

जलवायु परिवर्तनका कारण बढ्दो हिमताल विष्फोटनजन्य बाढी (GLOF) र पहिरोको जोखिमलाई मध्यनजर गर्दै हिमाली तथा पहाडी पदमार्गहरूमा पूर्वसूचना प्रणाली (Early Warning Systems) जडान गर्नुपर्छ ।

सगरमाथा क्षेत्रको अत्यधिक चाप (Over-tourism) लाई कम गर्न कञ्चनजङ्घा र मकालु क्षेत्रमा पर्यटकलाई आकर्षित गर्ने खालका सहुलियत र रोयल्टी छुटका नीतिहरू ल्याउनुपर्छ ।

**६. सार्वजनिक-निजी साझेदारी (PPP Model)**

सरकारले केवल नियामक र पूर्वाधार विकासकर्ताको भूमिका निर्वाह गर्दै होटल, रिसोर्ट, प्याराग्लाइडिङ, र्‍याफ्टिङ र केवलकार जस्ता व्यावसायिक गतिविधिहरूमा निजी क्षेत्रको लगानी आकर्षित गर्न 'एकद्वार प्रणाली' र विशेष कर छुटको व्यवस्था गर्नुपर्छ ।

यदि कोशी प्रदेशले यो यथार्थपरक, केन्द्रित र व्यावहारिक कार्यदिशा अङ्गीकार गर्ने हो भने, आगामी केही वर्षभित्रै यो प्रदेश नेपालकै सबैभन्दा समृद्ध र विश्वकै एक उत्कृष्ट पर्यटकीय गन्तव्य बन्ने निश्चित छ ।

**६. सन्दर्भ सूची (References)**

नेपाल पर्यटन बोर्ड (NTB) (२०२६). प्रादेशिक लगानी र पर्यटन सम्भावना प्रतिवेदन. काठमाडौँ ।
कोशी प्रदेश योजना आयोग (२०८१). प्रथम पञ्चवर्षीय योजनाको समीक्षा र मार्गदर्शन. विराटनगर ।
कोशी प्रदेश योजना आयोग(२०८२). कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरु योजना अवधारणापत्र. विराटनगर ।
शर्मा, पी. (२०२५). नेपालमा प्रादेशिक पर्यटन: गन्तव्य केन्द्रित लगानीको आवश्यकता. आर्थिक जर्नल, अङ्क ४ ।

# विपद् व्यवस्थापनमा प्रदेश सरकार

✍ रामकृष्ण अधिकारी*



**लेखसार**

प्रस्तुत लेखमा नेपालको सङ्घीय संरचनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको बहुआयामिक भूमिका, जिम्मेवारी र चुनौतीहरूको विस्तृत विश्लेषण गरिएको छ । नेपाल बाढी, पहिरो र डुबान जस्ता मनसुनजन्य विपद्को उच्च जोखिममा रहेको पृष्ठभूमिमा, यस लेखले नेपालको संविधानको अनुसूची ७ र ९ को साझा अधिकार सूची बमोजिम संघ र स्थानीय तहसँगै प्रदेश सरकारलाई तोकिएका कानुनी तथा संस्थागत संरचनाहरूलाई उजागर गरेको छ । सीमित स्रोत-साधन, दक्ष जनशक्तिको अभाव, र तीनै तहका सरकारबीचको समन्वय जस्ता व्यावहारिक चुनौतीहरूका बाबजुद आम नागरिकको उच्च अपेक्षा र विश्वासलाई सम्बोधन गर्न प्रदेश सरकारले थप सिर्जनात्मक, सक्रिय र सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने निष्कर्ष यस लेखले प्रस्तुत गरेको छ ।

**मुख्य शब्दहरू (Keywords)**

विपद् व्यवस्थापन, प्रदेश सरकार, विपद् जोखिम न्यूनीकरण, मनसुन पूर्वतयारी, अन्तर-तह समन्वय

हाल मनसुन सिजनको प्रारम्भ भैसकेको छ ।नेपालमा बाढी, पहिरो तथा डुबान लगायतका मनशुनजन्य विपद्को उच्च जोखिममा रहेको छ । विगत वर्षहरुमा समेत मनसुनको समयमा बाढी, पहिरो, डुबान लगायतका घटनाहरुबाट ठूलो धनजनको क्षति भएको हाम्रो अनुभव छ । यस प्रकारका घटनाक्रमले आम समुदाय वा निश्चित भौगोलिक क्षेत्र वा राष्ट्रव्यापी रुपमा विपत्तिको अवस्था सृजना भएको छ । अनपेक्षित र अस्वभाविक रुपमा कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भई जनधनको क्षतिहुनु वा जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने घटनाक्रम नै विपद् हो । बाढी पहिरो तथा भूस्खलन, डुबान, भूकम्प, चट्याङ, शितलहर, हिमपात, हिमताल विष्फोटन, हावाहुरी लगायतका प्राकृतिक गतिविधिका कारण सिर्जनाहुने विपद्लाई प्राकृतिक विपद् र विविध प्रकारका सरुवा रोग, डढेलो, हवाई, सडक तथा जल वा औद्योगिक दुर्घटना वा भौतिक संरचनाजन्य दुर्घटना लगायतका मानव सिर्जित गतिविधिका कारण आउने विपद्लाई गैरप्राकृतिक विपद् भनिन्छ । विपद्का कारण जेसुकै भएता पनि त्यसले मानव जीवन, वातावरण र विविध सम्पत्तिको क्षति वा जीवन यापनमा गम्भिर कठिनाइको अवस्था ल्याउदछ । उल्लिखित सबै प्रकारका विपद्का घटना रोक्न नसकिएता पनि कतिपय विपद्का घटना घट्नबाट रोक्न सकिन्छ भने प्राय विपद्का घटना पूर्वानुमान गरी पुर्वतयारी तथा सचेतता मार्फत त्यसका सम्भावित् क्षति न्यूनीकरण गर्न सकिन्छ जसलाई विपद् व्यवस्थापन भनिन्छ । विपद् बहुआयामिक विषय भएकाले यसको व्यवस्थापन सबै सरोकारवाला पक्षहरुको समन्वयात्मक तथा प्रभावकारी क्रियाशिलता आवश्यक हुन्छ । जनउत्तरदायी राज्य प्रणालिले विविध नीतिगत तथा सस्थागत प्रबन्ध गरी विपद् व्यवस्थापनका विविध पक्ष र गतिविधिका लागि विविध

* प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

निकायहरुको जिम्मेवारी तोकी जन, धन र वातावरणको संरक्षण र सुरक्षा गर्दछ ।

वहुविपद् जोखिममा रहेको नेपालमा मनसुनजन्य विपद्ले कूल विपद्को करिव दुइतिहाइ हिस्सा ओगट्ने विश्वास गरिन्छ । यसमा विषेशतः बाढि, पहिरो जस्ता प्राकृतिक विपद्का घटनाहरुले वार्षिक रुपमा ठुलो धनजनको क्षतिका अतिरिक्त वातावरणीय क्षति हुनेगरेको छ। यस प्रकारका सम्भावित विपद्हरुको पर्वानुमान गरी सो को रोकथाम तथा विपद्का समयमा आवश्यक पर्ने साधन, स्रोत तथा जनशक्तिको प्रबन्ध गरी सम्भावित जोखिमको न्यूनीकरण गर्नु लोककल्याणकारी राज्यको अनिवार्य दायित्व हो। यसका अतिरिक्त विपद्का घटना घटेको अवस्थामा उपलब्ध साधनस्रोत तथा जनशक्तिको कुशल परिचालन गरी उद्दार, राहत तथा पुनर्स्थापनका कार्यहरु तदारुकताका साथ तत्काल परिचालन गर्नु पनि उत्तिकै अपरिहार्य छ।

नेपालको संविधानको अनुसूची ७, संघ र प्रदेशको साझा अधिकारको सूचीमा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत र पुनर्स्थापना सम्बन्धी कार्य समावेश गरिएको छ। त्यसै गरी अनुसूची ९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा समेत विपद् व्यवस्थापन सम्बन्धी कार्य उल्लेख भएको छ। यसर्थ नेपालको संविधानमा तिनै तहका सरकारको सक्रिय तथा जिम्मेवार भूमिकाको अपेक्षा गरिएको छ । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा सो को नियमावलीएवं स्थानीय सरकार सञ्चालन ऐन तथा नियमावली लगायतका नीतिगत प्रबन्ध गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नेपाल सरकार प्रतिवद्ध रहेको छ। प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, गृह मन्त्रीको अध्यक्षतामा कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिपद्, प्रदेश आन्तरिक मामिला मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरिएको छ। यसका अतिरिक्त विपद् व्यवस्थापनको कार्यमा विभिन्न विषयगत ऐन कानुन तथा सस्थागत जिम्मेवारी एवं गैरसरकारी तथा निजि निजी क्षेत्र र अन्तराष्ट्रिय समुदाय समेतको साझेदारी तथा सहकार्य आवश्यकता र औचित्यका आधारमा परिचालन गर्ने गराउने प्रणाली स्थापित गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन अनुसार मुख्यमन्त्रीको संयोजकत्वमा गठित प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्ले प्रदेश स्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन तथा निर्देशन दिने लगायतका जिम्मेवारी तोकिएको छ । यसर्थ परिषद् प्रदेश तहको नीति नर्देशन गर्ने उच्च तहको संयन्त्रको रुपमा प्रबन्ध गरिएको छ । प्रत्येक प्रदेशको राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आन्तरिक मामिला हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति गठन हुने व्यवस्था गरिएको छ । यस समितिले संघीय कानून तथा परिषद्को स्वीकृत नीति तथा योजनाको अधिनमा रही प्रदेश स्तरको विपद् व्यवस्थापन सम्बन्धी मध्यकालिन तथा अल्पकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने गराउने र सो कार्यका लागि आवश्यक स्रोतसाधनको प्रबन्ध तथा परिचालन, अन्तर तह तथा अन्तर निकाय समन्वय लगायत विपद् व्यवस्थापन चक्रका सबै चरणका कार्य सम्पादन गर्ने गराउने जिम्मेवारी तोकिएको छ । यसका अतिरिक्त विपद् व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गरी सोको वार्षिक प्रतिवेदन राष्ट्रिय परिषद् पेश गर्ने समेतको जिम्मेवारी यस समितिलाई तोकिएको छ ।

**विपद् व्यवस्थापनमा प्रदेश सरकार**

प्रचलित राष्ट्रिय नीति तथा प्रदेशका नीति तथा कार्यक्रम समेतका आधारमा प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालय विपद् व्यवस्थापनको कार्यकालागि मुख्य जिम्मेवार निकायको रुपमा रहेको छ । प्रदेश सरकारको कार्यविभाजन नियमावली अनुरुप प्रदेशको आन्तरिक मामिला हेर्ने फरक फरक संगठनात्मक प्रबन्ध भएको पाइएता पनि प्रदेश स्तरको नीति, कार्यक्रम तथा सो अनुकुलको साधनस्रोत परिचालन तथा अन्तर निकाय समन्वय गरी प्रभावकारी विपद् व्यवस्थापनका लागि सबै प्रदेश क्रियाशिल रहेका छन् । समग्रमा विपद् व्यवस्थापनका प्रत्येक चरणमा प्रदेश सरकार सक्रिय रुपमा जिम्मेवार रहने नीतिगत परिकल्पना तथा व्यवहार त प्रचलित प्रणाली हो ।

जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसगँ सम्बन्धित सम्पूर्ण क्रियाकलाप विपद् व्यवस्थापन अन्तर्गत पर्दछ। विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याँकन, विपद् रोकथाम वा विपद्बाट हुनसक्ने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नु विपद् न्यूनीकरण हो भने विपद्का घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसँग सम्बन्धित कार्य विपद् प्रतिकार्य हो। विपद्को घटनापछि गरिने पुनर्निर्माण एवं पुनर्स्थापनासँग सम्बन्धित कार्यलाई विपद् पुनर्लाभ भनिन्छ । सरल रुपमा भन्नुपर्दा विपद् आउनुपुर्वको कार्य, विपद्को समयमा गरिने कार्य र विपद् पश्चात गरिने कार्यको समष्टि नै विपद् व्यवस्थापन हो। विपद् व्यवस्थानको यि तिनै चरणमा प्रदेश सरकारको महत्वपुर्ण भूमिका हुने अपेक्षा विद्यमान नीति तथा आम नागरिकमा रहेको छ ।

**विपद् जोखिम न्यूनीकरण**

विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश सरकारले सम्बन्धित विषयगत निकाय मार्फत विपद् जोखिमको विश्लेषण तथा मूल्याँकन गर्ने गराउने, सम्भावित क्षतिको न्यूनीकरण तथा जोखिम कम गर्न प्रदेश सरकारले देहायका कार्य गर्दछः

- केन्द्र र जिल्ला तहसंगको समन्वयमा प्रदेश स्तरमा नीति, योजना तथा कार्यक्रम निर्माण एवं विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने गराउने ।
- केन्द्र र जिल्ला तहसंगको समन्वयमा प्रदेश स्तरमा मौसमजन्य विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने गराउने ।
- भौगोलिक सहजता, साधनस्रोतको उपलब्धता तथा विपद्को जोखिम पक्ष समेतको मूल्याँकनका आधारमा प्रदेश भित्रको सहकार्यका लागि सहमत स्थानीय तहहरुको सहकार्यमा विपद् व्यवस्थापनका लागि आवश्यक साधनस्रोत तथा जनशक्ति सहितको चुस्त एवं व्यवस्थित आपत्कालिन कार्यसञ्चालन केन्द्रको स्थापना तथा सञ्चालनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।
- आपत्कालिन कार्यसञ्चालन केन्द्र, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति एवं सम्बन्धित सुरक्षा निकायहरुलाई उनिहरुको विषय विषेशज्ञता तथा आवश्यकता अनुसारका विपद् उद्दार तथा राहत सम्बन्धी सामाग्री तथा साधनस्रोत उपलब्ध गर्ने गराउने ।
- प्रदेश सरकारका पुर्वाधार निर्माण सम्बन्धी मापदण्डलाई विपद् संवेदनसिल बनाई मानवीय क्रियाकलापका कारण उत्पन्न हुनसक्ने विपद्का घटनालाई न्यूनीकरण तथा नियन्त्रण गर्ने गराउने ।
- प्रदेश सरकार मातहतका निकायलाई आ आफ्नो कार्य जिम्मेवारीको दायरा भित्रको विषयमा सम्भावित विपद्को अवस्थामा तत्काल परिचालन र विषेशत विपद्को समयमा आवश्यक साधन स्रोत र जनशक्ति तत्काल परिचालित हुन सक्ने अवस्थाको सुनिश्चितता गर्ने गराउने ।
- उपलब्ध साधन स्रोतको उच्चतम परिचालन गर्दै विपद् उद्दार तथा राहतको सीप, क्षमता र अनुभव भएका

जनशक्ति तत्काल परिचालन(QRT/IRT) का लागि प्रदेश स्तरका सुरक्षा निकाय लगायतका संवद्ध पक्षसंग समन्वय गरी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने गराउने ।

- प्रदेश भित्रका राजमार्ग तथा सडकका सम्भावित अवरोधका जोखिम पहिचना गर्दै सो को न्यूनीकरण तथा अवरोध हुदा तत्काल हटाउने गरी प्रदेश मातहतका तथा सम्बन्धित विषयगत कार्यालय/निकायको समन्वयमा राजमार्ग/सडक अवरोध हटाउने कार्यमा समन्वय र सहजीकरण गर्ने गराउने ।
- जिल्ला स्थित आपत्कालिन कार्य सञ्चालन केन्द्र सञ्चालनका लागि सहजीकरण गरी प्रदेका सबै जिल्ला भित्र घटेका सबै प्रकारका विपद्का घटनाको विवरण तत्काल संकलन तथा सम्बन्धित निकाय तथा पदाधिकारीलाई सम्प्रेषण गर्ने गराउने प्रबन्ध मिलाउने ।
- केन्द्र, प्रदेश तथा स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र र जिल्ला स्थित सुरक्षा निकायहरुवीच व्यवस्थित सम्पर्क प्रणाली स्थापित गरी विपद्जन्य घटनाको सुचनाको तत्काल र सहज आदान प्रदान हुने प्रणाली स्थापित् गर्ने ।
- विपद्का क्षेत्रमा प्रदेशमा क्रियाशिल संघसंगठन, सुरक्षा निकाय एवं सरकारी निकायसंग समन्वय गरी सचेतना मुलक कार्यक्रम सञ्चालन, तालिम, कृतिम घटना अभ्यास लगायतका पुर्व तयारिका कार्य गर्ने गराउने ।
- सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत विपद् सम्बन्धी सचेतना मुलक सामाग्रि तथा माथिल्लो तटीय क्षेत्र एवं सम्बन्धित निकायबाट प्राप्त हुने वर्षा, बाढी, पहिरो लगायतका विपद् सम्बन्धी सूचना तथा जानकारी सरोकारवाला पक्षहरुसम्म पुग्ने प्रबन्ध मिलाउने ।

**विपद् प्रतिकार्य**

विपद्को घटना घटिसकेको अवस्थामा सोबाट पीडित तथा प्रभावितको तत्काल उद्दार गरी सुरक्षित गर्ने र थप क्षति हुन नदिन आवश्यक प्रबन्ध मिलाई प्रभावित जनसमुदायको गाँस, वास तथा कपासको प्रबन्ध मिलाउन प्रभावित क्षेत्रका सम्बन्धित निकायकसंगको समन्वयमा प्रदेश सरकारले देहायको कार्य सम्पादन गर्दछः

- विपद्का घटना घटेको अवस्थामा उपलब्ध सबै संयन्त्र परिचालन गरी विपद् सम्बन्धी यथार्थ सूचना तथा विवरण प्राप्त गर्ने ।
- विपद्ग्रस्त क्षेत्रमा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, जनप्रतिनिधि एवं स्थानीय वुद्धीजिवि समेतसंग समन्वय गरी आवश्यकतानुसार सम्बन्धित क्षेत्रमा रहेको साधन स्रोत परिचालनका लागि समन्वय र सहजीकरण गर्ने ।
- आवश्यकतानुसार विपद् व्यवस्थापन सम्बन्धी बैठक बसी आवश्यक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा साधन, स्रोत र जनशक्तिको परिचालन गर्ने गराउने ।
- विपद्को प्रकृति र गाम्भिर्यताका आधारमा उद्दार कार्यमा आवश्यक साधन स्रोत र सामाग्रि परिचालन गर्न सरोकारवाल निकाय बीच समन्वय गर्ने एवं प्रदेश मातहतका निकाय र साधन स्रोत परिचालनका लागि समन्वय र सहजीकरण गर्ने ।
- थप जोखिम रोक्न जिल्ला विपद् व्यवस्थापन समितिबाट कुनै सहयोगका लागि अनुरोध भै आएमा आवश्यक निर्णय, कार्यान्वयन र अनुगमन गर्ने गराउने ।
- विपद्का कारण कुनै परिवार तथा समुदाय आफ्नो घरवासबाट विस्थापित हुने अवस्थामा सम्बन्धित स्थानीय तहसंग समन्वय गरी गास, बास र कपास सहितको सुरक्षित सेल्टरको प्रबन्ध मिलाउन थप सहयोगा अनुरोध भै

आएमा वा त्यस्तो अवस्था देखिएमा सम्बन्धित जिल्ला संग समन्वय गरी सहयोग उपलब्ध गराउने ।

- विस्थापित परिवारलाई कानून बमोजिम तोकिएको तत्काल राहत तथा अन्य आधारभुत सेवा उपलब्ध गराउने कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- विपद् ग्रस्त क्षेत्रमा सुरक्षित खानेपानि तथा आवश्यक स्वास्थ्य सुविधा उपलब्ध हुने प्रबन्ध मिलाउन जिल्ला स्थित प्रदेश सरकारका निकाय परिचालित भएको अवस्थामा आवश्यक साधन स्रोत उपलब्ध गर्ने गराउने ।
- विपद्का घटनामा परी घइते तथा विरामि परेका व्यक्तिहरुको निशुल्क स्वास्थ्य उपचारको प्रबन्ध मिलाउन सहयोग, समन्वय र सहजीकरण गर्ने गराउने ।
- विपद्का कारण कुनै संक्रामक रोग लगायतका कुनै स्वास्थ्य सम्बन्धी जोखिम मुल्याँकन गरी गराइ आवश्यक सतर्कता अपनाउने र त्यस्तो अवस्था आएमा आवश्यक स्वास्थ्य उपचारको प्रबन्ध मिलाउने ।
- जल, स्थल वा आकाश मार्फत तत्काल उद्दार तथा राहतका कार्य गर्न आवश्यक भएको अवस्थामा सम्बन्धित निकायसंग समन्वय गरी सो को प्रबन्ध मिलाउने ।
- विपद् प्रतिकार्यमा विपद्को गाम्भिर्यताका आधारमा गैरसरकारी संघ संगठनहरु वीच समन्वय तथा परिचालन गर्ने गराउने ।
- विपद्का घटना तथा सो को व्यवस्थापनका प्रयासहरुका सम्बन्धमा सहि, सत्य र तथ्यपरक सूचना तथा जानकारी सरोकारवाला आमसमुदाय सम्म पुग्ने प्रबन्ध मिलाई गलत, भ्रामक तथा त्रासदिपुर्ण गलत सूचना प्रवाह हुनसक्ने तर्फ सचेत रहि त्यस्ता गतिविधि नियमन गर्न आवश्यक कार्य गर्ने गराउने ।
- नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, लगायतका निर्णय कार्यान्वय, भएका घटना तथा गतिविधिको रिपोर्टिङ्ग गर्ने तथा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

**विपद् पुनर्लाभ**

विपद् प्रतिकार्य चरण सम्पन्न भैसकेपश्चात सोका कारणबाट भएको भौतिक क्षति तथा वातावरणीय क्षतिको मुल्याँकन, तिनको पुनर्निमाण गरी नागरिकको जनजीविका र आधारभूत सेवा सुविध पुनर्स्थापना गर्न संघ तथा स्थानीय सरकार समेतको समन्वयमा प्रदेश सरकारेल देहायका कार्य सम्पादन गरिन्छः

- विपद्का समयमा विस्थापित समुदायको साविकको थातथलो बसोबासको लागि सुरक्षित रहेनरहेको सम्बन्धित निकाय मार्फत सुनिश्चित गरी पुनर्स्थापित गर्न आवश्यक भएमा सम्बन्धित स्थानीय तहसं समन्वय गर्ने ।
- विपद्का कारण क्षति भएका पुर्वाधार सम्बन्धित विषयगत कार्यालय मार्फत पुनर्निर्माण गर्ने गराउने र पुनर्निर्माण कार्यको समन्वय, सहजीकरण तथा नियमन गर्ने गराउने ।
- प्रदेशका जिल्ला स्थित विषयगत् कार्यालय मार्फत विपद् पश्चातको पुनर्लाभका चरण सञ्चालन गरिनु पर्ने कार्यक्र अन्य विषयगत निकाय एवं विकास साझेदारका कार्यक्रमसंग दोहोरो नपर्ने एवं आफ्नो कार्य जिम्मेवारी भित्रका क्रियाकलाप नछुट्ने गरी योजना तर्जुमा गरी गराई आवश्यक साधन स्रोत उपलब्ध गराउने ।
- नियमानुसार नीजि आवास पुननिर्माणका लागि लाभग्राहि कायम गर्न सहजीकरण गर्ने, पुनर्निर्माण चरणको अनुगमन तथा मुल्याँकन गरी सो बापतको सुविधा उपलब्ध गराउन प्रदेश सरकारको तर्फबाट तोकिए बमोजिमको रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउने ।

यस प्रकार विपद् व्यवस्थापनमा प्रदेश सरकारले सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारीको सूचि लामो देखिन्छ । उल्लिखित कार्य प्रभावकारी रुपमा सम्पादन गर्न दक्ष जनशक्ति, पर्याप्त साधन स्रोतको प्रबन्ध तथा तिनै तहका सरकार र ती

मातहतका निकाय, सबै सुरक्षा निकाय, गैह्रसरकारी निकाय, सञ्चार माध्यम, निजि क्षेत्र लगायतको साथ सहयोग र समन्वय अपरिहार्य हुन्छ । जनप्रतिनिधि तथा समुदायको पुर्वाधार निर्माण तर्फको अधिक प्राथमिकता, सीमित साधन स्रोत तथा जनशक्ति एवं प्रचलित नीति तथा कानुनले समेत विपद् व्यवस्थापनमा संघ र प्रदेश सरकारको प्रत्यक्ष जिम्मेवारीको भार उच्च देखिदा विपद् व्यवस्थापनको कार्य प्रदेश सरकारका लगि चुनौतिपुर्ण देखिन्छ । उपरोक्त चुनौतिका वावजुद आम नागरिकमा प्रदेश सरकारसंगको अपेक्षा र विश्वास उच्च रहेको अवस्थामा प्रदेश सरकारले थप सिर्जनात्मक भइ समन्वय र सहजकर्ताको भूमिका निर्वाह गर्दै विपद् व्यवस्थापनमा खरो रुपमा उत्रिनुपर्ने अवस्था छ ।

**सन्दर्भ सामग्रीः**

नेपाल सरकार। (२०७२). *नेपालको संविधान.* कानून किताब व्यवस्था समिति।

कानून किताब व्यवस्था समिति। (२०७४). *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४*।

कानून किताब व्यवस्था समिति। (२०७६). *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६*।

गृह मन्त्रालय। (n.d.). *विभिन्न प्रकाशनहरू*। नेपाल सरकार।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण। (n.d.). *विविध प्रकाशनहरू* । नेपाल सरकार ।

# विकास व्यवस्थापनमा कोशी प्रदेश सरकारको भूमिका र भावी रणनीति



✍ अमर दिप सुनुवार*

**सारांश (Abstract)**

आधुनिक शासन प्रणालीमा विकास व्यवस्थापन सार्वजनिक प्रशासनको प्रमुख कार्य हो । सार्वजनिक प्रशासनले मूलतः आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपान्तरणमार्फत नागरिकको जीवनस्तर सुधार, सामाजिक न्याय तथा समृद्धि हासिल गर्ने लक्ष्य राख्छ । नेपालमा योजनाबद्ध विकासको सुरुआत प्रथम पञ्चवर्षीय योजनाबाट भएको भए पनि नेपालको संविधान २०७२ पछि संघीय शासन प्रणाली लागू भएसँगै विकास व्यवस्थापन बहुस्तरीय संरचनामा रूपान्तरण भएको छ । यस व्यवस्थाअन्तर्गत प्रदेश सरकारहरू विकास व्यवस्थापनका प्रमुख संवाहकका रूपमा स्थापित भएका छन् । कोशी प्रदेशले संघीयता कार्यान्वयनपछि पूर्वाधार विकास, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य सेवाको विस्तार लगायत क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । प्रदेश सरकारले सडक, पुल, सिँचाइ, खानेपानी, विद्युत तथा शहरी पूर्वाधारमा लगानी बढाएको छ भने कृषि, उद्योग, पर्यटन र सामाजिक क्षेत्रलाई विकासका प्रमुख आधारका रूपमा प्राथमिकता दिएको छ । नेपालको विकास र समृद्धिलाई साकार पार्न संघीय शासन अवलम्बन गरी प्रदेशस्तरमा प्रदेश योजना आयोग, मन्त्रालयहरू तथा स्थानीय तहबीचको सहकार्यबाट विकास योजना तथा कार्यक्रम सञ्चालन हुँदै आएका छन् । संस्थागत संरचना निर्माण, विकास नीतिको तर्जुमा, स्थानीय तहसँगको समन्वय तथा सार्वजनिक–निजी साझेदारीको प्रवर्द्धन कोशी प्रदेशका महत्वपूर्ण उपलब्धि हुन् ।

सीमित वित्तीय स्रोत, संघीय अनुदानमा निर्भरता, कमजोर अन्तरसरकारी समन्वय, संस्थागत क्षमता अभाव, आयोजना कार्यान्वयनमा ढिलासुस्ती, राजनीतिक अस्थिरता, सुशासनका चुनौती तथा विपद् जोखिम विकास व्यवस्थापनका प्रमुख बाधकका रूपमा रहेका छन् । विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन पर्याप्त वित्तीय स्रोत व्यवस्थापन, नीतिगत स्थायित्व, विकेन्द्रीकरणको सुदृढीकरण, डिजिटल शासन विस्तार, आयोजना बैंक स्थापना, सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन, मानव विकासमा लगानी, निजी क्षेत्र तथा सहकारीसँग सहकार्य, विपद् उत्थानशील विकास, नागरिक सहभागिता, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक प्रशासनको क्षमता अभिवृद्धिलाई प्राथमिकता दिदै प्राकृतिक स्रोत, कृषि, उद्योग तथा पर्यटनका पर्याप्त सम्भावनाहरू रहेको कोशी प्रदेशले सुशासन, जनसहभागिता, प्रविधिमैत्री शासन, निजी क्षेत्रसँगको साझेदारी तथा मानव विकासलाई जोड दिनुपर्छ ।

**मुख्य शब्दहरू :** विकास व्यवस्थापन, कोशी प्रदेश, संघीयता, सुशासन, दिगो विकास, प्रदेश सरकार

* निर्देशक, अध्यागमन विभाग

## १ विषय प्रवेश

विकास व्यवस्थापन (Development Management) आधुनिक सार्वजनिक प्रशासनको आधारभूत प्रकार्य हो । विकास कुनै पनि समाजको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपान्तरणसँग सम्बन्धित बहुआयामिक प्रक्रिया हो । आधुनिक राज्यको प्रमुख उद्देश्य नागरिकको जीवनस्तर उकास्नु, अवसरहरूको विस्तार गर्नु तथा सामाजिक न्याय सुनिश्चित गर्नु हो । यी उद्देश्यहरू प्राप्त गर्न विकास व्यवस्थापन अपरिहार्य साधनका रूपमा स्थापित भएको छ । नेपालमा २०१३ बाट योजनाबद्ध विकासको सूत्रपात भएसँगै त्यसयता विभिन्न आवधिक योजनाहरू मार्फत विकासका नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुँदै आएका छन् । कुनै पनि मुलुकको विकास व्यवस्थापन प्रक्रियालाई योजनाबद्ध, परिणाममुखी, सहभागी तथा उत्तरदायी बनाउनु समकालिन सार्वजनिक प्रशासनको प्रमुख चुनौती हो । नेपालमा संघीयताको कार्यान्वयनसँगै प्रदेश सरकारले विकास व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । प्रदेश योजना आयोग, मन्त्रालयहरू तथा स्थानीय तहहरूसँगको सहकार्यमार्फत विकासका नीति तथा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

नेपालको संविधान २०७२ जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागू भएसँगै विकास व्यवस्थापनको संरचनामा महत्वपूर्ण परिवर्तन आएपछि संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारी बाँडफाँट गरिएकाले विकास व्यवस्थापन बहुस्तरीय प्रणालीमा रूपान्तरण भएको छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागू भएपछि प्रदेश सरकारहरू विकास व्यवस्थापनका प्रमुख संवाहकका रूपमा स्थापित भएका छन् । मुलुकमा संघीय शासन प्रणालीको कार्यान्वयन भएसँगै विकास र समृद्धिको मार्गचित्र विकेन्द्रीकरण हुदै तिव्र बनेको छ। संघीयताको कार्यान्वयनपछि कुल सार्वजनिक खर्चको करिब ३५ प्रतिशतभन्दा बढी हिस्सा प्रदेश तथा स्थानीय तहबाट परिचालन हुने गरेको देखिन्छ। संघीयताको कार्यान्वयनसँगै कोशी प्रदेशले पूर्वाधार विकास, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य सेवाको विस्तारमा उल्लेखनीय प्रगति गरेको देखिन्छ । यद्यपि सीमित आन्तरिक राजस्व परिचालन क्षमता, प्रशासनिक दक्षतामा सिमितता, कमजोर अन्तरसरकारी समन्वय, आयोजना कार्यान्वयनमा ढिलासुस्ती, भ्रष्टाचार, विपद् जोखिम तथा राजनीतिक अस्थिरता जस्ता चुनौतीहरू विद्यमान रहेका छन् । कोशी प्रदेशको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सुशासन, डिजिटल शासन, परिणाममुखी योजना प्रणाली, निजी क्षेत्रसँगको साझेदारी, विपद् उत्थानशील विकास तथा मानव विकासमा आधारित रणनीतिहरू अवलम्बन गर्नु आवश्यक रहेको छ। यस सन्दर्भमा यस आलेखमा विकास व्यवस्थापनको सैद्धान्तिक आधार, कोशी प्रदेशमा यसको अभ्यास, उपलब्धि, चुनौती तथा सुधारका रणनीतिक उपायहरूको विश्लेषण गरिएको छ ।

## २ प्रदेशको विकास व्यवस्थापनका आधार र कार्यक्षेत्र

विकास व्यवस्थापन सार्वजनिक विकास प्रशासनको आधुनिक स्वरूप हो । विकास प्रशासनले राज्यको प्रशासनिक संयन्त्रमार्फत विकास कार्यक्रम सञ्चालनमा जोड दिन्छ भने विकास व्यवस्थापनले सरकार, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा समुदायबीचको साझेदारीलाई प्राथमिकता दिइ विकास योजना तथा कार्यक्रमलाई परिणाममुखी बनाउछन् । आधुनिक सार्वजनिक विकास व्यवस्थापनमा परिणाममुखी योजना तथा कार्यक्रम जनसहभागिता र साझेदारी सुशासन तथा उत्तरदायित्व विकेन्द्रीकरण समावेशी विकास दिगोपना र नवप्रवर्तन तथा प्रविधिको उपयोग जस्ता आधारभूत मूल्यहरुलाई आत्मसात गरिएको हुन्छ । संघीयताको कार्यान्वयनसँगै प्रदेश सरकारहरुको संस्थागत क्रियाशिलताले प्रदेशको विकास र समृद्धिको आधार र संरचना निर्माण हुदै गएको छ । यसले प्रदेशको विकास व्यवस्थापनलाई उद्देश्यमूलक रुपमा उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी विकासका अपेक्षित नतिजा हासिल

गर्न सहयोग गरेको देखिन्छ ।

संघीय शासन प्रणालीमा प्रदेश सरकारहरुको विकास व्यवस्थापनको सैद्धान्तिक आधार र कार्यक्षेत्रलाई नेपालको संविधान २०७२ नै मार्गदर्शन गरेको छ । नेपालको संविधान २०७२ को धारा ७६ मा नेपालको शासन प्रणालीमा संघ प्रदेश र स्थानीय तह तीन तहको मूल संरचना भनि परिभाषित गरेको र अनुसूचीमा तीनै तहको एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ । यस अन्तरगत अनुसूची ६ मा प्रदेश सरकारको एकल अधिकारहरु तथा अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार एवम् अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको प्रबन्ध गरेको छ । प्रदेश सरकारको एकल तथा साझा अधिकारक्षेत्रमा विकास व्यवस्थापन गर्नु प्रदेश सरकारहरुको संवैधानिक दायित्व हो । प्रदेश सरकारले गर्ने विकास व्यवस्थापनका प्रमुख कार्यक्षेत्रलाई देहाय बमोजिक आयाममा बिश्लेषण गरिएको छ।

नेपालको सबैभन्दा बढी जनसंख्या भएको कोशी प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको कुल जनसंख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ । कोशी प्रदेशको जनसङ्ख्या नेपालको कुल जनसंख्याको करिब १७ प्रतिशत हो भने प्रदेशको क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ । प्रदेशमा चौध जिल्ला, एक महानगरपालिका, दुई उपमहानगरपालिका, छयालिस नगरपालिका तथा आट्ठासी गाउँपालिका रहेका छन् । कोशी प्रदेशको आर्थिक संरचनामा कृषि क्षेत्रको प्रमुख योगदान रहेको छ । प्रदेश योजना आयोगको तथ्याङ्क अनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादन (PGDP) मा कृषि क्षेत्रको योगदान करिब ३५ प्रतिशत, सेवा क्षेत्रको ४५ प्रतिशत तथा उद्योग क्षेत्रको २० प्रतिशत रहेको अनुमान गरिएको छ । प्रकाशित तथ्याङ्कानुसार प्रदेशको गरिबी दर राष्ट्रिय औसतभन्दा केही कम अर्थात् करिब 17.17 प्रतिशत रहेको देखिन्छ।

**२.१ पूर्वाधार विकास**

पूर्वाधार विकास हाम्रो जस्तो विकासशिल मुलुकहरुको लागि आर्थिक विकास एवम् संरचनात्मक रूपान्तरणको आधार हो । प्रदेश सरकारहरुले सडक, पुल, सिँचाइ, खानेपानी, विद्युत तथा शहरी पूर्वाधार निर्माणलाई प्राथमिकता दिएका छन् भने कोशी प्रदेशमा पनि सडक, पुल, सिँचाइ, खानेपानी, विद्युत तथा शहरी पूर्वाधार निर्माणमा महत्वपूर्ण लगानी भइरहेको देखिन्छ । कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटमा भौतिक पूर्वाधार क्षेत्रलाई कुल बजेटको करिब ३५ प्रतिशत विनियोजन गरिएको छ ।

कोशी प्रदेश सरकारले कोशी करिडोर, विराटनगर औद्योगिक क्षेत्रसँग सम्बन्धित सडक सञ्जाल तथा पहाडी जिल्लालाई जोड्ने सडक परियोजनाहरूलाई प्रदेशका रणनीतिक राजमार्गहरूको रुपमा आत्मसात गरेको छ । प्रदेश सरकारका यस्ता पूर्वाधार विकासका योजना तथा कार्यक्रमले सन्तुलित क्षेत्रीय विकासमा योगदान पुऱ्याएका छन् । कोशी प्रदेश सरकारले आगामी दिनमा संखुवासभा, भोजपुर, ताप्लेजुङ र सोलुखुम्बु जस्ता दुर्गम जिल्लामा सडक पहुँच विस्तारलाई सेवा प्रवाह तथा आर्थिक गतिविधिमा सुधारसँग जोड्ने गरि सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

२.२ कृषि विकास

कृषी क्षेत्रको विकास नेपाल जस्तो कृषी प्रधान मुलुकहरुका लागि आर्थिक विकास र समृद्धिको मेरुदण्ड हो । नेपालको कृषि क्षेत्रमा विकास व्यवस्थापनको मुख्य लक्ष्य कृषिलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक तथा प्रतिस्पर्धी क्षेत्रमा रूपान्तरण गर्नु हो । प्रदेश सरकारहरुले कृषि आधुनिकीकरण, व्यावसायिक खेती, सिँचाइ विस्तार, कृषि यान्त्रीकरण तथा मूल्यश्रृङ्खला विकास कार्यक्रम सञ्चालन गरिरहेका छन् । कोशी प्रदेश नेपालको कृषि उत्पादनको सम्भावनायुक्त क्षेत्र हो । नेपालको कुल धान उत्पादनको करिब २८ प्रतिशत, मकै उत्पादनको २० प्रतिशतभन्दा बढी तथा चिया उत्पादनको

९० प्रतिशतभन्दा बढी हिस्सा कोशी प्रदेशबाट हुने गरेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कले देखाउँछ भने यस प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा धान, मकै, तरकारी तथा फलफूल जस्ता खाद्यवाली तथा नगदेवाली उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### २.३ औद्योगिक विकास

आधुनिक विश्वमा औद्योगिक क्षेत्रको विकास आर्थिक विकास र समृद्धिको मेरुदण्ड हो । नेपालको आर्थिक सम्भावनायुक्त क्षेत्र रहेको औद्योगिक क्षेत्रको योगदान वर्षेनी न्यूनहुदै गएको छ । नेपालका दर्ता भएका उद्योगमध्ये करिब २५ प्रतिशत उद्योग कोशी प्रदेशमा रहेका छन् । विराटनगर औद्योगिक क्षेत्र देशकै सबैभन्दा पुरानो औद्योगिक क्षेत्र हो, जहाँ सयौँ उद्योग सञ्चालनमा रहेका छन् । प्रदेशको औद्योगिक क्षेत्रले हजारौँ व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । तर प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान अझै २० प्रतिशतभन्दा कम रहेको देखिन्छ ।

नेपालमा विद्यमान उद्योगहरुलाई संरक्षण तथा प्रोत्साहन र नयाँ स्थापना हुने उद्योगलाई आकर्षण हुनेगरि नीतिगत व्यबस्था गरि औद्योगिक विकासलाई प्रवर्द्धन गर्नु समकालिन आवश्यकता हो । कोशी प्रदेशको औद्योगिक विकास गर्न विराटनगर औद्योगिक क्षेत्रलाई विकास र विस्तार गर्न आवश्यक छ । कोशी प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार तथा बजार पहुँचको सम्भावना उच्च रहेको छ । उद्योगमैत्री वातावरण निर्माण, लगानी प्रवर्द्धन, औद्योगिक ग्राम स्थापना तथा रोजगारी सिर्जनामा प्रदेश सरकारले विशेष ध्यान दिनु अपरिहार्य छ ।

### २.४ पर्यटन विकास

विश्वमा पर्यटन क्षेत्रको विकासलाई आर्थिक विकास र समृद्धिको रणनीतिक संवाहक मानिन्छ । नेपाल प्राकृतिक सांस्कृतिक र ऐतिहासिक पर्यटन विकासको दृष्टिकोणले अति सम्भावनायुक्त क्षेत्र रहेको मुलुक हो । नेपालको कुल ग्राहस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको करिव २ प्रतिशत योगदान रहेको छ । कोशी प्रदेश पनि पर्यटकीय सम्भावनाले भरिपूर्ण रहेको छ । यस प्रदेशमा सगरमाथा, मकालु, कञ्चनजंघा, कोशी टप्पु वन्यजन्तु आरक्ष तथा पाथिभरा जस्ता धार्मिक सम्पदाहरू रहेका छन् । प्रदेश सरकारले साहसिक पर्यटन, धार्मिक पर्यटन, पर्यावरणीय पर्यटन तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेको छ ।

प्रदेशको पर्यटन सम्भावना अनुकुल नीतिको पहिचान गरि यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा पर्यटन क्षेत्रको विकास मार्फत स्थानीय रोजगारी, आय आर्जन तथा विदेशी मुद्रा आर्जनमा योगदान पुऱ्याउनेछ । नेपालमा आउने कुल विदेशी पर्यटकमध्ये उल्लेखनीय संख्या सगरमाथा, मकालु तथा कञ्चनजंघा क्षेत्र भ्रमणका लागि कोशी प्रदेश पुग्ने गरेका छन् । पर्यटन बोर्डका अनुसार सगरमाथा क्षेत्रमा वार्षिक ५० हजारभन्दा बढी विदेशी पर्यटक भ्रमण गर्ने गरेका छन् ।

### २.५ सामाजिक विकास

मानव विकास सूचकाङ्क सुधार गर्नु सामाजिक विकासको प्रमुख उद्देश्य हो । विश्वव्यापी तहमा कुनै पनि राज्यको विकासलाई मापन गर्ने आधार त्यस मुलुकको सामाजिक विकास सूचकाङ्क पनि हो । नेपालको आर्थिक विकास र समृद्धिको रणनीतिक सामाजिक क्षेत्रको विकासमा प्राप्त उपलब्धिलाई मान्न सकिन्छ । नेपालको कुल ग्राहस्थ्य शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा लैङ्गिक समानता सामाजिक विकासका प्रमुख आयाम भएकाले प्रदेश सरकारको विकासका लागि पनि सामाजिक क्षेत्रको विकास आधारभूत क्षेत्र हो । यसका लागि कोशी प्रदेश सरकारले विद्यालय शिक्षा सुधार, प्राविधिक शिक्षा विस्तार, स्वास्थ्य सेवा पहुँच अभिवृद्धि तथा महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ ।

### ३ कोशी प्रदेशका अभ्यास र उपलब्धिहरू

संघीय शासन प्रणालीको कार्यान्वयन भएसँगै कोशी प्रदेशमा विकास व्यवस्थापनका लागि विभिन्न नीतिगत संस्थागत तथा संरचनाहरू स्थापित भएका छन् । कोशी प्रदेश सरकारले प्रदेशस्तरीय विकास नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, कृषि मन्त्रालय, पर्यटन मन्त्रालय लगायतका मन्त्रालयहरू मार्फत क्षेत्रगत विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रदेशस्तरीय विकास नीति, योजना तथा कार्यक्रम निर्धारण गर्न र तीनिहरुबीच सामञ्जस्यता कायम गर्न प्रदेश योजना आयोगबाट प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा क्षेत्रगत विकास रणनीति तयार गरिएको छ ।

कोशी प्रदेशको विकास व्यवस्थापनलाई नतिजामूखी बनाउन प्रदेश अन्तरगतका स्थानीय तहहरुलाई प्रभावकारि परिचालन गर्नु अपरिहार्य छ । प्रदेश अन्तरगतका नगरपालिका तथा गाउँपालिकाहरूले स्थानीय विकास योजना तथा कार्यक्रमहरुलाई प्रादेशिक विकासका नीतिसँग सन्तुलन कायम गरि कार्यान्वयन गर्न ध्यान पुर्याउनु आवश्यक छ । प्रदेश सरकारले स्थानीय तहसँग सहकार्य गरी विकास कार्यक्रम सञ्चालन गर्दछन् । प्रदेशको विकास समृद्धिको लक्ष्यलाई मूर्तरुप दिन प्रदेशभित्रका उद्योग, व्यापार, सहकारी संस्था तथा गैरसरकारी संस्थाहरू महत्वपूर्ण साझेदार हुन् । विकास साझेदार निकायहरुबीच सार्वजनिक–निजी साझेदारी (PPP) नीति बमोजिम समन्वय सहकार्य र साझेदारीलाई सबलीकरण गरि विकास व्यवस्थापनलाई प्राथमिकता दिईएको छ । यसका लागि कोशी प्रदेशले लगानी सम्मेलन गरी लगानीका सम्भावित क्षेत्र र परियोजना पहिचान तथा नक्साङ्कन गरिसकेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको कुल बजेट करिब ३५ अर्ब २७ करोड रुपैयाँ रहेको थियो । त्यसैगरि आर्थिक वर्ष २०८२/८३ मा करिब ३५ अर्ब ८७ करोड रुपैयाँ रहेको थियो भने आर्थिक वर्ष २०८३/८४ मा करिब ४० अर्ब ४४ करोड रुपैयाँ रहेको छ । बजेटको ठूलो हिस्सा भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रमा केन्द्रित गरिएको छ। प्रदेशले आयोजना बैंक निर्माण, प्रदेश गौरवका आयोजना छनोट तथा सार्वजनिक–निजी साझेदारीमार्फत लगानी आकर्षित गर्ने प्रयास गरिरहेको छ । संघीयता कार्यान्वयनपछि प्रदेश सरकारहरुले विकास व्यवस्थापनमा उल्लेखनीय उपलब्धीहरु हासिल गरेका छन् । कोशी प्रदेशले विकास व्यवस्थापनमा संस्थागत आधार निर्माण, सडक तथा भौतिक पूर्वाधार विस्तार कृषि उत्पादन तथा बजार पहुँचमा सुधार, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच विस्तार, पर्यटन क्षेत्रको सम्भावनालाई नीति तथा कार्यक्रममा प्राथमिकता जस्ता महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । यसका साथै स्थानीय तहसँगको सहकार्यमा विकास कार्यक्रम सञ्चालन गर्ने अभ्यास संस्थागत हुँदै गएको छ । कोशी प्रदेशका विकास र समृद्धिका आधारहरु तयार भएपनि नतिजामूखी विकास व्यवस्थापनमा वित्तीय स्रोतको सीमितता, संस्थागत क्षमता, अन्तरसरकारी समन्वय, राजनीतिक स्थिरता तथा सुशासन कायम गर्नु प्रमुख चुनौतीहरु हुन ।

स्रोतमा सीमितता नेपालका सबै प्रदेश सरकारको साझा समस्या हो जसका कारण प्रत्येक प्रदेशको विकास बजेटको ठूलो हिस्सा संघीय हस्तान्तरणमा निर्भर छ । बहुतहगत सरकार र तीनका निकायहरुबीचमा अन्तरसरकारी समन्वय कमजोर रहेको छ । यसले गर्दा संघ, प्रदेश र स्थानीय तहबीच भूमिका तथा जिम्मेवारीमा कहिलेकाहीँ दोहोरोपन र अस्पष्टता देखिन्छ। प्रदेश सरकारको विकास र समृद्धिको बाधक राजनीतिक अस्थिरता देखापरेको छ । प्रदेश सरकार गठन तथा सञ्चालनमा संघीय सरकारको छाँया देखापर्दा सरकार परिवर्तन र नीतिगत अस्थिरताले विकास योजनाको निरन्तरतामा असर पुऱ्याउने गरेको छ । प्रदेशमा सुशासन कायम गर्न सार्वजनिक खरिद, आयोजना व्यवस्थापन तथा बजेट कार्यान्वयनमा पारदर्शिता र उत्तरदायित्वको चुनौती रहदै आएको देखिन्छ ।

### ४ कोशी प्रदेशका विकास व्यवस्थापनका रणनीतिक प्राथमिकताहरु

प्रदेश सरकारले विकास व्यवस्थापनलाई उपलब्धिमूलक एवम् प्रभावकारी बनाउन दिगो भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक–सांस्कृतिक विकासलाई सुनिश्चित गर्न निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारसँग सहकार्यमा आधारित विकास प्रयासलाई रणनीतिक बनाउनु आवश्यक रहेको छ । नेपालमा विकास व्यवस्थापनलाई उपलब्धीमूलक बनाउन देहायबमोजिम रणनीतिक उपायहरु अवलम्वन गर्न सकिन्छ ।

१. प्रदेश सरकारको विकास व्यवस्थापनलाई परिणाममुखी बनाउन विकासका लागि पर्याप्त साधनस्रोत व्यवस्थापनलाई सुनिश्चित गर्नुपर्छ । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरि सबै तह, क्षेत्र र निकायमा पर्याप्त विकास बजेटको सुनिश्चिता आजको आवश्यकता हो। कोशी प्रदेशको पनि सार्वजनिक वित्तको संरचनात्मक रुपान्तरणका लागि वस्तुगत योजना तर्जुमा गरि सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । राजस्व परिचालन तथा आन्तरिक स्रोत वृद्धि गरी वित्तीय आत्मनिर्भरता बढाउनुपर्छ ।

२. नेपालको सबै क्षेत्रगत विकास व्यवस्थापनलाई उपलब्धिमूलक एवम् प्रभावकारी बनाउन विकास सम्बन्धि नीतिगत स्थायित्व (Stability of Development Policy) कायम गर्न संस्थागत प्रबन्ध गर्नुपर्छ । यसका लागि क्षेत्रगत विकासमा स्पष्ट दीर्घकालीन राष्ट्रिय विकास नीति तर्जुमा गरिसबै तह, क्षेत्र र निकायले अवलम्बन आवश्यक छ। प्रदेशस्तरीय दीर्घकालीन विकास दृष्टिकोण तयार गरी नीतिगत स्थिरता सुनिश्चित गर्नुपर्छ ।

३. नेपालको विकास व्यवस्थापनलाई उपलब्धिमूलक बनाउन विकास प्रणालीमा विकेन्द्रीकरण गरी सबै तहगत सरकारले रणनीतिक भूमिका निर्वाह गर्नुपर्छ । दिगो र रणनीतिक विकासका लागि तहगत सरकारको विकास नीति, योजना, कार्यक्रम, प्रक्रिया तथा चरणलाई एकिकृत एवम् सामञ्जस्य बनाउन पर्दछ । साथै यसका लागि प्रदेश तथा स्थानीय तहमा पर्याप्त अधिकार तथा स्रोत उपलब्ध गराउनुपर्छ ।

४. नेपालको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन विकासमा डिजिटल शासनको व्यवस्थापन तिव्र बनाउनुपर्छ। यसका लागि प्रत्येक प्रदेशले डिजिटल शासन तथा ई–गभर्नेन्स प्रणाली विस्तार गर्नुपर्छ । विकास व्यवस्थापनमा सहभागी सबै पात्र र निकायलाई नवप्रवर्तनात्मक शासनमा अभ्यस्त बनाउनुपर्छ । मुलुकको विकास प्रक्रिया र प्रणालीमा नवप्रवर्तन र अत्याधुनिक सूचना प्रविधिको अधिकतम सदुपयोग हुने प्रणाली विकास गर्नुपर्छ । यसका लागि प्रदेशस्तरीय विकास व्यवस्थापनलाई अनलाइन सेवा, डिजिटली प्रणाली र स्मार्ट प्रशासनिक व्यवस्थापन अवलम्बन गर्नुपर्छ ।

५. प्रदेश सरकारले आयोजना बैंक स्थापना गरी प्राथमिकताप्राप्त परियोजनाहरू मात्र कार्यान्वयन गर्नुपर्छ । प्रदेशको विकास व्यवस्थापनलाई सबलीकरण गर्न आयोजना व्यवस्थापनलाई सुदृढीकरण गरि आयोजना सुशासन कायम गर्नुपर्छ । विकास संयन्त्रलाई प्रविधिमैत्री तथा परिणाममुखी बनाउन सबल आयोजना पहिचान, तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन प्रणालीको अबलम्वन गर्नुपर्छ । यसले विकास आयोजनाहरुलाई प्रक्षेपित लागतमा, अपेक्षित गुणस्तरमा र निर्धारित समयमा सम्पन्न गर्न सहयोग पुग्दछ ।

६. नेपालमा प्रदेश सरकारको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक–निजी साझेदारीलाई प्रभावकारी बनाउनु आवश्यक छ । कोशी प्रदेशले प्रदेशस्तरमा लगानी सम्मेलन आयोजना गरि लगानी प्रवर्द्धन गर्नु महत्वपूर्ण पक्ष हो । आगामि दिनमा सम्मेलनमा प्राप्त प्रतिवद्धतालाई कार्यान्वयनमा उतार्नु आवश्यक छ ।

७. नेपालको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रमुख रणनीतिक उपाय मानव विकासलाई सबलीकरण गर्नु हो । यसका मानव जीवनका समग्र पक्षमा सकरात्मक परिवर्तन र मानिसको छनौटको दायरामा विस्तार

(Enlarging Human Choice) गर्नुका साथै मानिसको सक्षमता र स्वतन्त्रताको विकास (Enhancing Human Capabilities and Freedom) गर्ने वस्तुगत योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

८. नेपालको विकास व्यवस्थापनलाई उपलब्धिमूलक बनाउन निजी क्षेत्र तथा सहकारीसँग सहकार्य बढाउनुपर्छ । यसका लागि संस्थागत सुशासन (Corporate Governance) लाई सुनिश्चित गर्ने प्रणालीको विकास गरि कार्यान्वयन गर्नुपर्छ । सबै भौगोलिक क्षेत्रमा विकास प्रक्रिया तथा चरणलाई प्रदेश तथा स्थानीय तहमा पर्याप्त अधिकार तथा स्रोत उपलब्ध गराउनुपर्छ । सार्वजनिक निजी साझेदारि मोडललाई प्रभावकारी बनाउनु आवश्यक छ ।

९. नेपालमा विकास व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवधारणालाई आन्तरिकीकरण गर्दै विकासलाई विपद् उत्थानशील (Disaster Resilient) नेपालमा विकास व्यवस्थापनलाई दिगो र दीर्घकालिन बनाउनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रक्रियालाई सबै तह प्रक्रिया र चरणमा आन्तरिकीकरण गर्न ढिलाई हुनुहुदैन । यसका लागि सम्पूर्ण सरकार (Whole of the Government) र सम्पूर्ण समाज (Whole of the  Government Society) (Whole of the Society) को योगदान पद्धति अनुसार सबै सरोकार निकायहरुको संलग्नतामा विकास योजनाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्छ ।

१०. नेपालमा प्रदेश सरकारको विकास व्यवस्थापनमा नागरिक समाजलाई जनचेतना,  सामाजिक उत्तरदायित्व र नागरिक निगरानी भूमिका अभिवृद्धि गर्नुपर्छ भने निजी क्षेत्रलाई विश्वासमा लिएर लगानी, रोजगारी, सिर्जना, प्रविधि हस्तान्तरण  र सामाजिक न्याययुक्त विकास गर्न उपयुक्त हुन्छ । विकास पद्धतिमा नागरिकहरुको संलग्नतामा विकासको समकालिन रणनीति स्वीकार गर्दै नागरिकको स्वामित्व र अपनत्व भएको विकास नै दिगो विकासको स्वरुप हो ।

११. प्रदेशको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने रणनीतिक उपाय भ्रष्टाचार नियन्त्रण गरि सदाचार प्रवर्द्धन गर्नु हो । यसका लागि विकास प्रक्रियालाई पारदर्शी बनाउने विकासप्रति सरोकारवालालाई उत्तरदायि बनाउने र विकास नीति तथा कानूनको परिपालना अभिवृद्धि गर्दै विकास व्यवस्थापनमा सुशासन कायम गर्नुपर्छ ।

१२. विकास व्यवस्थापनको नियामक, सञ्चालक, व्यवस्थापक र सहजकर्ता सार्वजनिक संयन्त्र भएकोले यसको सक्षमता व्यावसायिकता सुदृढीकरण गर्नुपर्छ । सार्वजनिक प्रशासनयन्त्रको प्रशासनिक क्षमता विकास अन्तरगत कर्मचारी तालिम, प्राविधिक दक्षता, कार्यसम्पादन मूल्यांकन, अनुगमन तथा मूल्यांकनलाई अविलम्व कार्यान्वयन गर्नु आवश्यक छ । साथै प्रशासनयन्त्रलाई प्रविधिमैत्री तथा परिणाममुखी बनाउन सबल अनुगमन मूल्याङ्कन प्रणालीको अबलम्वन गर्नुपर्छ ।

**५ उपसंहार**

कोशी प्रदेशमा विकास व्यवस्थापन संघीय शासन प्रणालीको सफल कार्यान्वयनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । प्रदेशमा प्राकृतिक स्रोत, कृषि उत्पादन, औद्योगिक आधार तथा पर्यटन सम्भावनाको पर्याप्त अवसर भए पनि वित्तीय स्रोतको सीमितता,  संस्थागत कमजोरी,  राजनीतिक अस्थिरता तथा विपद् जोखिमजस्ता चुनौतीहरू विद्यमान छन् । दिगो, समावेशी तथा परिणाममुखी विकासका लागि प्रदेश सरकारले सुशासन, जनसहभागिता, डिजिटल प्रविधि, निजी क्षेत्रसँग साझेदारी तथा मानव विकासलाई प्राथमिकतामा राख्नुपर्छ ।  विकास व्यवस्थापनलाई सुदृढ बनाउन सकेमा कोशी प्रदेश नेपालको आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा समग्र समृद्धिको अग्रणी प्रदेश बन्न सक्ने प्रचुर सम्भावना

रहेको छ ।

कोशी प्रदेशको विकास व्यवस्थापन संघीय शासन प्रणालीको कार्यान्वयनपश्चात् संस्थागत रूपमा सुदृढ बन्दै गएको देखिन्छ। प्रदेशले पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ । तथापि वित्तीय आत्मनिर्भरता, आयोजना कार्यान्वयन क्षमता, सुशासन तथा अन्तरसरकारी समन्वयका क्षेत्रमा सुधारको आवश्यकता देखिन्छ । उपलब्ध तथ्याङ्कले कृषि, पर्यटन तथा उद्योगलाई प्रदेशको आर्थिक वृद्धिका प्रमुख संवाहकका रूपमा पहिचान गरेको छ । त्यसैले दिगो विकासका लागि मानव विकास, डिजिटल सुशासन, सार्वजनिक–निजी साझेदारी तथा विपद् उत्थानशील विकास रणनीतिलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

**सन्दर्भ सामग्री**

१. नेपालको संविधान, नेपाल कानुन किताव व्यवस्था समिति
२. सोह्रौ आवधिक योजना(२०८१।८२-२०८५।८६), राष्ट्रिय योजना आयोग
३. कोशी प्रदेश सरकार, आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रमहरू
४. प्रदेश योजना आयोग, कोशी प्रदेशका विकाससम्बन्धी प्रकाशनहरू
५. संयुक्त राष्ट्रसंघ, दिगो विकास लक्ष्य (SDGs) सम्बन्धी दस्तावेजहरू

# धान खेती र जलचक्र: नेपालको पहाडी गह्राकान्लादेखि तराईसम्मको जल–पारिस्थितिक दृष्टिकोण



✍ डा. राजेन्द्र उप्रेती*

**लेखसारः**
धान खेतीलाई नेपालमा प्रायः खाद्यान्न उत्पादन, चामल आपूर्ति र खाद्य सुरक्षाको दृष्टिबाट मात्र हेरिन्छ। तर धान खेतीको भूमिका अन्न उत्पादनमा मात्र सीमित छैन। विशेषतः वर्षायाममा गरिने पानी–आश्रित धान खेतीले स्थानीय जलचक्र, भू–जल पुनर्भरण, माटोको चिस्यान संरक्षण, बाढी नियन्त्रण, जैविक विविधता, सांस्कृतिक जल–साझेदारी र ग्रामीण आजीविकासँग गहिरो सम्बन्ध राख्छ। पहाडी गह्राकान्ला/टेरेसहरू वर्षाको पानी रोक्ने, माटोमा सोस्ने र तलका मुहान तथा खोल्साहरूलाई जीवन्त राख्ने प्राकृतिक जल–संरचना हुन्। तराईका धान खेतहरूले पनि वर्षायामको पानी व्यवस्थापन, सतहमा पानी सन्तुलन र भू–जल पुनर्भरणमा योगदान पुऱ्याउँछन्। विश्वका विभिन्न अध्ययनहरूले धान खेतलाई केवल पानी खपत गर्ने प्रणालीमात्र नभई भू–जल पुनर्भरण, बाढी नियन्त्रण, माटो संरक्षण, जल शुद्धीकरण, सांस्कृतिक परिदृश्य र जैविक आवास प्रदान गर्ने अर्ध–सिमसार प्रणालीका रूपमा व्याख्या गरेका छन्। यद्यपि पारम्परिक रूपमा लगातार पानी जमाएर गरिने धान खेतीले अत्यधिक पानी खपत, मिथेन उत्सर्जन, पोषक तत्त्व बहाव र असन्तुलित सिँचाइ जस्ता समस्या पनि ल्याउन सक्छ। त्यसैले नेपालका लागि धान खेतीलाई "अन्न उत्पादन प्रणाली" मात्र होइन, "जल–पारिस्थितिक सेवा प्रदान गर्ने प्रणाली" का रूपमा बुझेर कृषि नीति, जलस्रोत नीति, स्थानीय सरकारको योजना र जलवायु अनुकूलन कार्यक्रममा समावेश गर्नु आवश्यक छ। धान बाली लगाएको खेत भिजाउदै सुकाउदै गर्ने (AWD) सिंचाई व्यवस्थापन, वर्षा–पानी संकलन, टेरेस/गह्राकान्ला संरक्षण, परम्परागत कुलो प्रणालीको पुनर्जीवन र स्थानीय अध्ययन–अनुसन्धान यस दिशाका महत्त्वपूर्ण कदम हुन्। यी कुराहरू हाम्रो संतुलित र दिगो विकासका लागि अति आवश्यक छन ।

**मुख्य शब्दहरू:** धान खेती, जलचक्र, भू–जल पुनर्भरण, टेरेस खेती, जलवायु अनुकूलन

## १. परिचय
नेपालको कृषि, संस्कृति र खाद्य प्रणालीमा धानको स्थान अत्यन्त महत्त्वपूर्ण छ । धान केवल मुख्य खाद्यान्न बालीमात्र होइन; यो नेपाली समाजको रितिथिती, श्रम–संस्कृति, चाडपर्व, सामूहिकता, जल–साझेदारी र ग्रामीण जीवनसँग जोडिएको प्रणाली पनि हो । विश्वस्तरमै धानलाई आधाभन्दा बढी जनसंख्याको मुख्य खाद्यान्न मानिन्छ, र विशेषतः एशियामा यसको सांस्कृतिक, आर्थिक र पोषणीय महत्त्व अत्यन्त गहिरो छ । ब्रिटानिकाका अनुसार, विश्वको ठूलो जनसंख्या, विशेष गरी पूर्वी र दक्षिणपूर्वी एशियाका मानिसहरू धानमा निर्भर छन् ।

* PhD, Agriculture Technology Innovation and Intensification, Wageningen University । एग्रिग्रीन नेपाल, विराटनगर, नेपाल

नेपालमा धान खेती तराईका समथर सिँचित फाँटदेखि मध्यम पहाडका गह्राकान्ला र उच्च पहाडी सिमसिमे क्षेत्रमा विभिन्न स्वरूपमा गरिँदै आएको छ । यी सबै प्रणालीहरूको साझा आधार पानी हो । धान खेतीको यही पानी–आश्रित स्वभावलाई कतिपय सन्दर्भमा कमजोरीका रूपमा मात्र व्याख्या गरिन्छ । तर यदि जलचक्रको दृष्टिबाट हेर्ने हो भने धान खेत पानी "खपत" गर्ने स्थान मात्र होइन; पानीलाई रोक्ने, माटोमा सोस्ने, पुनः वितरण गर्ने, सतह–पानीको बहाव घटाउने र भू–जल पुनर्भरणमा योगदान गर्ने जीवित प्रणाली पनि हो ।

नेपालका पहाडी क्षेत्रहरूमा धान खेती गरिने टेरेसहरू वर्षायाममा स–साना जलाशयजस्तै काम गर्छन् । पानी खेतमा केही समय रहन्छ, धानको जराले त्यसको एक भाग उपयोग गर्छ, केही भाग बाष्पीकरण हुन्छ, र बाँकी भाग विस्तारै माटोभित्र पस्दै तलका मुहान, खोला र भू–जल तहलाई पुनर्भरण गर्छ । यसरी धान खेती, विशेषतः पहाडी टेरेस धान खेती, नेपालको जलचक्रको अदृश्य तर अत्यन्त महत्त्वपूर्ण अंग हो । यसरीनै धानका हरेक गह्राहरूले पानीलाई रोकेर बाढीको बहाव र संभावनालाई पनि कम गर्छन ।

## २. धान खेती र जलचक्रको वैज्ञानिक सम्बन्ध

जलचक्र पृथ्वीमा पानीको निरन्तर यात्रा हो । वाष्पीकरण, संघनन, वर्षा, सतह–प्रवाह, माटोमा प्रवेश, भू–जल पुनर्भरण र पुनः प्रवाहको समग्र प्राकृतिक चक्रसँग धान खेती प्रत्यक्ष सम्बन्धित छ । धान खेतमा पानी जम्दा एकातिर सतहबाट बाष्पीकरण हुन्छ भने अर्कोतिर पानी माटोभित्र चुहिएर भू–जल तहमा पुग्छ । यही चुहावट वा जमिन भित्र पानी जाने प्रक्रियाले भू–जल पुनर्भरणको महत्त्वपूर्ण आधार बन्ने गर्छ ।

धान खेतलाई धेरै देशमा अर्ध–सिमसार वा मानव–निर्मित जल–पारिस्थितिक प्रणालीका रूपमा अध्ययन गरिएको छ । जापानमा धान खेतले प्राकृतिक सिमसारको विकल्पका रूपमा भू–जल पुनर्भरण, बाढी नियन्त्रण, माटो कटान नियन्त्रण, जल शुद्धीकरण, जैविक आवास, सांस्कृतिक परिदृश्य र जैविक विविधता संरक्षणजस्ता सेवा प्रदान गर्ने अध्ययनहरूले देखाएका छन् । Natuhara को अध्ययनले जापानका धान खेतले प्राकृतिक सिमसारका धेरै पारिस्थितिक (Ecosystem) सेवाहरूको विकल्पका रूपमा काम गर्ने निष्कर्ष दिएको छ ।

यसैगरी जापानको कुमामोटो क्षेत्रमा धान खेतलाई भू–जल पुनर्भरणका लागि प्राकृतिक पूर्वाधारको रूपमा प्रयोग गरिएको उदाहरण उल्लेखनीय छ । त्यहाँ पुराना वा छोडिएका धान खेतमा स्थानीय खोला र नदीको पानी ल्याएर भू–जल पुनर्भरण गरिने अभ्यास विकसित भएको छ । यी उदाहरणहरूले धान खेतीलाई केवल पानी प्रयोग गर्ने बालीका रूपमा मात्र होइन पानीको बहाव र भण्डारण व्यवस्थापन गर्ने परिदृश्य प्रणालीका रूपमा बुझ्न मद्दत गर्छन् ।

## ३. पहाडी गह्राकान्लामा गरिने धान खेती: नेपालको विशेष जल–पूर्वाधार

नेपालको पहाडी भूगोल भिरालो, साँघुरो र संवेदनशील छ । यही कठिन भूगोलमा किसानहरूले सदियौँदेखि गह्राकान्ला बनाएर पानीको बहाव नियन्त्रण गर्दै धान खेती गरेका छन् । टेरेस खेती माटो सम्याउने मात्र कार्य होइन; यो वर्षाको पानीलाई तलतिर तुरुन्त बग्न नदिई खेत–खेतमा रोक्ने, माटोमा सोस्ने समय दिने र भू–जल पुनर्भरणमा योगदान गर्ने स्थानीय ज्ञानमा आधारित जल–संरचना हो ।

धान रोप्ने समयमा पहाडी खेतहरूमा पानी जम्मा हुन्छ । त्यस पानीको एक भाग धानले उपयोग गर्छ, केही भाग सतहबाट वाष्पीकरण हुन्छ र बाँकी भाग माटोभित्र पस्दै जमिन मुनीबाट तलका मुहान र खोल्साहरूसँग जोडिन्छ । यही कारण धेरै पहाडी बस्तीहरूमा "धान खेत सुक्यो/सकियो भने मुहान सुक्छ" भन्ने स्थानीय भनाइ पाइन्छ । यो भनाइ केवल सांस्कृतिक विश्वास होइन यसको पछाडि जलचक्रको व्यावहारिक विज्ञान छ ।

कोशी प्रदेशका पहाडी जिल्लाहरू धनकुटा, तेह्रथुम, इलाम, पाँचथर, भोजपुर, संखुवासभा र खोटाङमा धेरै स्थानमा वर्षा–आश्रित वा अर्ध–सिँचित टेरेस धान प्रणाली पाइन्छ। यी प्रणालीहरू घट्दै गएमा केवल धान उत्पादन घट्ने होइन; माटोको चिस्यान, मुहानको प्रवाह, स्थानीय जल–स्रोत, बस्तीको पानी सुरक्षा र पहाडी पारिस्थितिकीय प्रणाली सबैमा असर पर्न सक्छ। यसका सुरुवाती परिणामहरू निरन्तर घटिरहेका पानीका श्रोत/मुहानहरूले देखाईरहेका छन । तर हामीले त्यो कुरालाई महत्व दिनुको साटो खानेपानीका मुहानहरू सुके भनेर बसाई सरिरहेकाछौ । ति धेरै मुहानहरू हाम्रै कारणले जलचक्रलाई खल्बल्याउदा सुकिरहेका छन ।

## ४. धान खेतका सकारात्मक जल–पारिस्थितिक योगदान

### ४.१ भू–जल पुनर्भरण

धान खेतमा पानी केही समयसम्म रहँदा पानी माटोभित्र पस्ने अवसर पाउँछ । विशेषतः टेरेस खेतमा पानीको बहाव रोकिँदा infiltration र percolation बढ्न सक्छ । जापानको कुमामोटो जस्ता उदाहरणहरूले धान खेतलाई भू–जल पुनर्भरणको उद्देश्यले योजनाबद्ध रूपमा प्रयोग गर्न सकिने देखाएका छन् ।

नेपालमा यस विषयमा व्यवस्थित संख्यात्मक अध्ययन अझै सीमित छन्, तर स्थानीय अनुभव, मुहानको मौसमी प्रवाह र टेरेस प्रणालीको व्यवहारिक अवलोकनले धान खेती र स्थानीय जलस्रोतबीच सम्बन्ध रहेको संकेत गर्छ । तराईमा पानी रोकेर राख्ने जुट खेती सकिदै जाँदा र धान खेती निरन्तर घटदै जाँदा त्यसको परिणामत घट्दै गएका पानीका श्रोतहरू र गहिरिदै गएका भुमिगत जल-सतहहरूलाई हामीले देखेको नदेख्यै गरिरहेका छौ । त्यसैको कारण निरन्तर पानी माथीको हाम्रो पहुँच घटिरहेको छ ।

### ४.२ बाढी नियन्त्रण र सतह–पानी नियमन

धान खेतहरू वर्षायाममा साना जलाशयजस्तै काम गर्छन् । अत्यधिक वर्षा हुँदा खेतले पानी रोक्छ, सतह–प्रवाहको वेग घटाउँछ र तल्लो भागमा बाढीको दबाब कम गर्न सक्छ । जापान र अन्य एशियाली देशका अध्ययनहरूले धान खेतले बाढी नियन्त्रण, तलछट नियन्त्रण (sediment control) र भुमिगत जलको पुनर्भरण जस्ता सेवा प्रदान गर्ने देखाएका छन् ।

नेपालका पहाडी क्षेत्रमा यो भूमिका अझ महत्त्वपूर्ण छ, किनकि भिरालो जमिनमा पानीको तीव्र बहावले माटो कटान, पहिरो र तल्लो तटीय बाढीको जोखिम बढाउँछ । त्यसैले जतिजति गह्राकान्ला र तिनिहरुमा गरिने धान खेती नासिदैछ त्यतिनै पानीका मुहानहरू सुक्दै जाने र बाढी पैह्रोको समस्या बढदै जादैछ ।

### ४.३ माटो संरक्षण र चिस्यान सन्तुलन

टेरेस धान खेतले माटोको माथिल्लो उर्वर तहलाई बग्नबाट बचाउँछ । खेतमा जमेको पानी र हिलो अवस्थाले माटोको चिस्यान लामो समयसम्म कायम राख्छ । यसले धानपछिका बालीहरूका लागि पनि आधारभूत चिस्यान उपलब्ध गराउन सक्छ । कोशी प्रदेशका पहाडी क्षेत्रहरूमा धानपछि गहुँ, तरकारी, आलु, दलहन वा तेलहन लगाउने परम्परा यस चिस्यान व्यवस्थापनसँग जोडिएको छ ।

### ४.४ स्थानीय जलवायु र सूक्ष्म वातावरण

धान खेतमा जमेको पानीबाट हुने वाष्पीकरणले स्थानीय आर्द्रता बढाउन सक्छ । यसले गर्मीमा चिसोपन, धुलो नियन्त्रण, हरियाली र ग्रामीण सूक्ष्म वातावरणमा योगदान पुर्‍याउँछ । यसलाई अझै वैज्ञानिक रूपमा मापन गर्न आवश्यक छ, तर किसानका अनुभव र ग्रामीण वातावरणीय अवलोकनले धान खेतले स्थानीय वातावरणलाई ठन्डा, हरित र तुलनात्मक

रूपमा सन्तुलित बनाउने संकेत गर्छ ।

### ४.५ संस्कृति, सहकार्य र जल–शासन

धान खेती कुलो, पानी–पालो, सामूहिक रोपाइँ, आली मर्मत, मुहान संरक्षण, बाँध निर्माण र श्रम–सहकार्यसँग जोडिएको छ। यी सबै अभ्यासहरू जल–शासनका स्थानीय रूप हुन् । यो कुराकालागि नेपालका धेरै परम्परागत सिंचाई प्रणालीहरू र तिनिहरूको व्यवस्थापन बिश्वकालागि सिकाईका उदाहरण बनेका छन । जब धान खेती घट्छ केवल एउटा बाली घट्दैन पानी बाँडफाँट, सामूहिक श्रम, कुलो सफाइ, मुहान संरक्षण र ग्रामीण सहकार्यको संस्कृति पनि कमजोर हुँदै जान्छ ।

### ५. धान खेतीका चुनौती र नकारात्मक पक्ष

धान खेतीको जल–पारिस्थितिक भूमिका महत्त्वपूर्ण भए पनि यसका चुनौतीहरू पनि छन् । पारम्परिक रूपमा लगातार पानी जमाएर गरिने धान खेतीले धेरै पानी चाहिन्छ । कतिपय सिँचित क्षेत्रमा असन्तुलित पानी प्रयोगले भू–जल स्रोतमा दबाब पार्न सक्छ । संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (FAO) को धान खेतको जमिन भिजाउदै सुकाउदै पानी व्यवस्थापन सम्बन्धी विवरणले पनि धान खेतीमा पानी व्यवस्थापन सुधार आवश्यक रहेको र AWD जस्ता प्रविधिले पानी बचत गर्न सक्ने बताएको छ ।

लगातार पानी जमाएर राख्दा माटोमा अक्सिजन कमी हुन्छ र अवयवीय (anaerobic) अवस्था सिर्जना हुन्छ । यस्तो अवस्थामा मिथेन उत्पादन हुन सक्छ । धान खेतीलाई विश्वव्यापी मिथेन उत्सर्जनको महत्त्वपूर्ण स्रोतका रूपमा चिनिन्छ र यही कारण जलवायु–मैत्री धान व्यवस्थापन अहिले विश्वव्यापी प्राथमिकता बन्दै गएको छ ।

अर्कोतर्फ, रासायनिक मलको असन्तुलित प्रयोग र पानीको बहावले नाइट्रोजन तथा फस्फोरस खोलानालामा पुगेर जल प्रदूषण बढाउन सक्छ । पहाडी क्षेत्रमा टेरेस मर्मत नगरेमा अत्यधिक वर्षाले आली भत्काउने, माटो बगाउने, पानीको बहाव अनियन्त्रित बनाउने र बाढीको प्रकोप बढने जोखिम पनि रहन्छ । त्यसैले धान खेतीको संरक्षण मात्र पर्याप्त छैन यसको व्यवस्थापन जल–स्मार्ट, माटो–मैत्री र जलवायु–मैत्री हुन आवश्यक छ ।

### ६. जलवायु परिवर्तन, शहरीकरण र धान खेत घट्दो प्रवृत्ति

नेपालमा पछिल्लो समय तीन प्रमुख प्रवृत्तिले धान खेती र जलचक्रको सम्बन्धलाई कमजोर बनाउँदै छन् । पहिलो, जलवायु परिवर्तनका कारण वर्षाको समय, मात्रा र वितरण अनियमित हुँदै गएको छ । कहिले लामो खडेरी, कहिले छोटो समयमा अत्यधिक वर्षा, कहिले रोपाइँ समयमा पानी नपर्ने, कहिले पाक्ने बेला वर्षा हुने समस्या बढ्दै छन् ।

दोस्रो, श्रम अभाव, वैदेशिक रोजगारी र कृषिप्रतिको युवाको रुचि घट्दा धेरै पहाडी धान खेत बाँझो छोडिने, परम्परागत गह्राकान्लाहरू मासिदै जाने र धान खेतहरू अन्य प्रयोगमा जाने जोखिम बढेको छ । तेस्रो, शहरीकरण र अव्यवस्थित जग्गा प्लटिङले तराई र उपत्यकाका उर्वर धान खेतहरू तीव्र रूपमा घटाउँदै छन् । यसले खाद्य उत्पादन मात्र होइन पानी जम्ने प्राकृतिक क्षेत्र, भू–जल पुनर्भरण क्षेत्र र स्थानीय जल–सन्तुलनमा पनि असर पारिरहेकोछ ।

यस सन्दर्भमा धान खेतको संरक्षणलाई केवल कृषि उत्पादनको दृष्टिले होइन जलस्रोत व्यवस्थापन र जलवायु अनुकूलनको दृष्टिले पनि हेर्न आवश्यक छ ।

### ७. कोशी प्रदेशका लागि नीतिगत सन्देश

कोशी प्रदेश नेपालकै भौगोलिक रूपमा अत्यन्त विविध प्रदेश हो । हिमाल, पहाड, चुरे, भावर र तराई सबै क्षेत्र यस

प्रदेशमा पर्छन् । यस्तो विविध भूगोलमा धान खेतीको जल–पारिस्थितिक भूमिका पनि क्षेत्रअनुसार फरक हुन्छ । पहाडमा टेरेस धान खेतले मुहान र साना खोल्साहरूको प्रवाहमा योगदान दिन सक्छन् तराईमा धान खेतले वर्षायामको पानी व्यवस्थापन र भू–जल पुनर्भरणमा भूमिका खेल्न सक्छन्। यस आधारमा निम्न नीतिगत सन्देशहरू महत्त्वपूर्ण देखिन्छन् ।

### ७.१ कृषि र जलस्रोत नीतिको एकीकरण

धान खेतीलाई केवल उत्पादन कार्यक्रम वा खाद्य सुरक्षा कार्यक्रमभित्र सीमित राख्नु हुँदैन । धान खेतलाई जल पुनर्भरण, बाढी नियन्त्रण, माटो संरक्षण र स्थानीय जलवायु सन्तुलनसँग जोडेर कृषि, सिँचाइ, खानेपानी, भू–संरक्षण र स्थानीय विकास योजनामा समावेश गर्नुपर्छ ।

### ७.२ टेरेस संरक्षण तथा वर्षा–पानी पुनर्भरण कार्यक्रम

पहाडी स्थानीय तहहरूले गह्राकान्ला संरक्षण, आली मर्मत, साना पोखरी, कुलो पुनर्जीवन, मुहान संरक्षण र वर्षा–पानी संकलनलाई कृषि कार्यक्रमसँग जोड्न सक्छन् । "टेरेस संरक्षण तथा वर्षा–पानी पुनर्भरण कोष" जस्ता स्थानीय कार्यक्रमले धान खेतको जल–सेवालाई जिवित राख्न सक्छ ।

### ७.३ AWD र जल–स्मार्ट धान प्रविधिको विस्तार

Alternate Wetting and Drying अर्थात् भिजाउने–सुकाउने सिँचाइ विधिले पानी बचत, मिथेन उत्सर्जन कमी र उत्पादन स्थायित्वमा योगदान दिन सक्छ । संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठनका अनुसार AWD कम पानी प्रयोग गरी धान उत्पादन गर्न सकिने प्रविधि हो, जसमा खेतलाई लगातार डुबाएर राख्नुको सट्टा निश्चित अन्तरालमा भिजाउने र सुकाउने गरिन्छ ।

तर धान खेत भिजाउने–सुकाउने सिँचाइ विधि अन्धाधुन्ध रूपमा सबै ठाउँमा लागू गर्ने प्रविधि होइन । माटोको प्रकार, पानीको उपलब्धता, खेतको समतलपन, जात, किसानको सीप र सिँचाइ नियन्त्रण क्षमताअनुसार यसको स्थानीय अनुकूलन आवश्यक छ ।

### ७.४ स्थानीय अध्ययन र डेटा प्रणाली

नेपालमा धान खेती र भू–जल पुनर्भरणबीचको सम्बन्धबारे व्यवस्थित स्थानीय अध्ययन कम छन्। कोशी प्रदेशका पहाडी र तराई क्षेत्रहरूमा निम्न प्रश्नहरूमा अध्ययन आवश्यक छ:

कति पानी टेरेस धान खेतबाट माटोभित्र पस्छ?
धान खेती छोडिएका क्षेत्रमा मुहानको प्रवाह कसरी परिवर्तन भएको छ?
धान खेत, पोखरी, कुलो र मुहानको सम्बन्ध कस्तो छ?
धान खेत भिजाउने–सुकाउने सिँचाइ विधिले पानी बचत र धान उत्पादनमा कस्तो प्रभाव पार्छ?
धान खेत घट्दा भू–जल र स्थानीय तापक्रममा के असर पर्छ?

### ७.५ परम्परागत कुलो र पानी–पालो प्रणालीको पुनर्जीवन

नेपालका धेरै पुराना सिँचाइ प्रणाली केवल भौतिक संरचना होइनन्; ती स्थानीय जल–शासनका जीवित संस्था हुन् । कुलो सफाइ, पानी बाँडफाँट, पालो प्रणाली, सामूहिक मर्मत र जल–न्यायका नियमहरूलाई पुनर्जीवित गर्न स्थानीय सरकारहरूले नीति, बजेट र प्राविधिक सहयोग दिनुपर्छ ।

## ८. निष्कर्ष

धान खेतीलाई हामीले लामो समयदेखि भात खाने बालीका रूपमा मात्र बुझ्दै आएका छौँ। तर गहिरिएर हेर्दा धान खेती जलचक्र, माटो, संस्कृति, सामूहिक श्रम, खाद्य सुरक्षा र पारिस्थितिक स्थायित्वको संयुक्त प्रणाली हो । पहाडी टेरेसहरूमा जम्ने पानी, माटोभित्र पस्ने थोपा, तलका मुहानमा निस्कने धारा, तराईका खेतमा फैलिने वर्षायामको पानी यी सबै धान खेती र जलचक्रबीचको जीवित सम्बन्धका कडीहरू हुन् ।

त्यसैले धान खेतीलाई केवल उत्पादन र उत्पादकत्वको दृष्टिले मात्र होइन जल–पारिस्थितिक सेवा प्रदान गर्ने प्रणालीका रूपमा मान्यता दिनु कोशी प्रदेशजस्तो भौगोलिक विविधता भएको प्रदेशका लागि यो दृष्टिकोण अझ महत्त्वपूर्ण छ । धान खेत जोगाउनु भनेको चामल उत्पादन जोगाउनु मात्र होइन पानी, माटो, मुहान, संस्कृति, जैविक विविधता र ग्रामीण जीवनको सन्तुलन जोगाउनु पनि हो । यदि धान खेतीलाई वैज्ञानिक जल व्यवस्थापन, स्थानीय ज्ञान, जलवायु–स्मार्ट प्रविधि र नीतिगत संरक्षणसँग जोड्न सकियो भने धान खेत पुनः केवल खेत रहने छैनन् ती जीवन, पानी र समृद्धिका भण्डार बन्नेछन् । अनि हाम्रो वातावरण, जलचक्र र समग्र जल–पारिस्थितिक प्रणाली दिगो र समुन्नत बन्नेछ । जसले हाम्रो सन्तुलित र दिगो विकास लक्ष्यलाई दरिलो साथ दिनेछ ।

### सन्दर्भ सामग्री / References

Britannica. (2026). *Rice: Description, history, cultivation, and uses.* Encyclopaedia Britannica. https://www.britannica.com/plant/rice

Food and Agriculture Organization of the United Nations. (2013). *Rice farming: Saving water through Alternate Wetting Drying (AWD) method, Indonesia.* https://openknowledge.fao.org/items/15e7b60a-c58c-4734-9128-01cdc23c7435

Food and Agriculture Organization of the United Nations. (2018). *Rice landscapes and climate change: Options for mitigation in rice-based agroecosystems and the scaling-up of climate-smart rice cultivation technologies in Asia: Workshop report.* https://openknowledge.fao.org/items/3f827940-e4ad-41b6-88c7-b8be1e9e30d8

Food and Agriculture Organization of the United Nations. (2026). *Alternate wetting and drying rice farming – Climate-smart agriculture practice catalogue.* https://openknowledge.fao.org/items/3a167f4c-a4a0-4658-a3db-ab9434b9c985

FAO AGRIS. (2019). *Effect of alternate wetting and drying water management on rice cultivation with low emissions and low water used during wet and dry season.* https://agris.fao.org/search/en/providers/122535/records/65df8d7f0f3e94b9e5d9b856

Institute for Global Environmental Strategies. (2018). *Payment for ecosystem services for groundwater recharge through paddy fields in Kumamoto, Japan: Analysis of success factors.* https://www.iges.or.jp/en/pub/payment-ecosystem-services-pes-groundwater/en

Natuhara, Y. (2013). Ecosystem services by paddy fields as substitutes of natural wetlands in Japan. *Ecological Engineering, 56, 97–106.*
https://www.researchgate.net/publication/236970878_Ecosystem_services_by_paddy_fields_as_substitutes_of_natural_wetlands_in_Japan

NIES / AP-PLAT. (n.d.). *Rice fields as natural infrastructure for groundwater recharge.* Asia-Pacific Climate Change Adaptation Information Platform.
https://ap-plat.nies.go.jp/inas/goodpractices/tool/9.html

Sujono, J. (2010). Flood reduction function of paddy rice fields under different water saving irrigation techniques. *Journal of Water Resource and Protection,* 2(6), 555–559.
https://www.researchgate.net/publication/250389523_Flood_Reduction_Function_of_Paddy_Rice_Fields_under_Different_Water_Saving_Irrigation_Techniques

Uprety, R. (unpublished manuscript). धान खेती र जलचक्रमा यसको भूमिका [Book chapter manuscript].

Watanabe, T. (2018). Paddy fields as artificial and temporal wetland in irrigation. In *Agroecosystems.* IntechOpen. https://www.intechopen.com/chapters/63233

# स्थानीय तहको सशक्तीकरणमा प्रदेशको भूमिका

✍ रुपा सुनुवार*



**लेखसार (Abstract)**

नेपालको संघीय शासन प्रणालीमा स्थानीय तहहरू नागरिकको सबैभन्दा नजिकका र प्रत्यक्ष सेवा प्रवाह गर्ने सरकार हुन्। संविधानको मर्म अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ। यस लेखले संघीयताको परिप्रेक्ष्यमा स्थानीय तहको सशक्तीकरण र सुदृढीकरणका लागि प्रदेश सरकारले निर्वाह गर्नुपर्ने महत्वपूर्ण भूमिकाको विश्लेषण गरेको छ । स्थानीय तहहरूलाई कानुनी स्पष्टता, संस्थागत क्षमता विकास, वित्तीय हस्तान्तरण र समन्वयका माध्यमबाट सक्षम बनाउन प्रदेश तह एक आवश्यक पूलको रूपमा रहन्छ । यद्यपि, स्रोत साधनको बाँडफाँट, नीतिगत अस्पष्टता र अधिकार क्षेत्रको दोहोरोपनका कारण प्रदेश र स्थानीय तहबीच केही चुनौतीहरू पनि देखिएका छन् । यस लेखले प्रादेशिक संरचनाको विद्यमान अवस्था, स्थानीय तहको सबलीकरणका लागि प्रदेशले खेल्नुपर्ने विविध आयामहरू र अन्तर-तह समन्वयको आवश्यकतालाई प्रस्ट्याउँदै, केही अन्तर्राष्ट्रिय सफल अभ्यासहरुको उदाहरण सहित निष्कर्षमा स्थानीय तहको बलियो उपस्थितिबिना संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता असम्भव रहेको ठहर गरेको छ ।

**शब्दकुञ्जी (keywords) : संघीयता, कार्यविस्तृतिकरण, सशिक्तिकरण, GIOMS, ह्यान्ड-होल्डिङ**

## १. पृष्ठभूमि (Background)

नेपालको संविधान (२०७२) ले सामन्ती, निरंकुश र एकात्मक राज्यव्यवस्थाको अन्त्य गर्दै देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा पुनर्संरचना गरेको छ । संविधानको धारा ५६ को उपधारा (१) ले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यस व्यवस्थाअन्तर्गत सात वटा प्रदेश र ७५३ वटा स्थानीय तह (गाउँपालिका, नगरपालिका) र जिल्ला समन्वय समिति क्रियाशील छन् । यो परिवर्तनले केन्द्रीकृत राज्यसत्तालाई गाउँ-गाउँसम्म पुऱ्याउने र नागरिकको पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्ने मुख्य उद्देश्य राखेको छ ।

संघीय शासन प्रणालीमा तीनवटै तहका सरकारहरू आफैंमा सार्वभौम नभई संविधानको परिधिभित्र रहेर राज्यशक्तिको प्रयोग गर्छन् । संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारका सूचीहरू स्पष्ट रूपमा तोकिएका छन् । स्थानीय तहलाई सिधै सरकारको मान्यता दिइएको छ, जुन नेपालको प्रशासनिक र राजनीतिक इतिहासमै एक नवीन अभ्यास हो । संघीयताको सफल कार्यान्वयनका लागि यी तीन तहबीचको अन्तरसम्बन्ध अत्यन्तै महत्वपूर्ण हुन्छ । नेपालको संविधानले ब्यवस्था गरेका संघ, प्रदेश र स्थनीय तहका अधिकार

* उप-सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश

र कार्य जिम्मेवारीहरुलाइ दोहोरोपना नहुनेगरी विस्तृत रुपमा ब्याख्या र वर्गीकरण गर्ने प्रयास स्वरुप नेपाल सरकार (मन्त्रिपरिषद्) ले कार्यविस्तृतीकरण प्रतिवेदन स्वीकृत गरी लागू गरेको छ ।

यद्यपि, संघीयताको अभ्यास सुरु भएको यतिका वर्ष बितिसक्दा पनि प्रदेश तहको औचित्य, यसको प्रभावकारिता र स्थानीय तहसँगको सम्बन्धलाई लिएर विभिन्न कोणबाट बहस र समीक्षा भइरहेका छन् । प्रदेश सरकारहरू आफैं पनि संस्थागत र कानुनी चुनौतीहरू झेलिरहेका छन् र कतिपय अवस्थामा तिनले स्थानीय तहलाई मार्गनिर्देशन गर्नुको साटो अधिकारको क्षेत्राधिकारमा विवाद देखिएको छ । स्थानीय तह भनेको संघीयताको आधारशिला हो, त्यसैले यसको सशक्तीकरणबिना संघीयता बलियो हुन सक्दैन । यसर्थ, प्रदेश सरकारले स्थानीय तहको क्षमता अभिवृद्धि र सशक्तीकरणमा कस्तो भूमिका खेल्नुपर्छ भन्ने विषय संघीयताको सफलताको प्रमुख कडी बनेको छ ।

### २. विषयवस्तुको विश्लेषणात्मक प्रस्तुती (Analytical Presentation)

स्थानीय तहको सशक्तीकरणमा प्रदेशको भूमिकालाई बहुआयामिक दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ । संविधानले प्रदेश सरकारलाई केवल कानून निर्माण वा प्रशासनिक इकाइको रूपमा मात्र नभई स्थानीय तहको अभिभावक र समन्वयकर्ताको रूपमा पनि परिकल्पना गरेको छ । संघीयताको मुख्य उद्देश्य राज्यको शक्ति र स्रोतलाई विकेन्द्रीकरण गरी नागरिकलाई नजिकबाट सेवा प्रदान गर्नु, लोकतन्त्रलाई बलियो बनाउनु तथा समावेशी विकास सुनिश्चित गर्नु हो । स्थानीय तह संघीय शासनको सबैभन्दा नजिकको सरकार भएकाले यसको सशक्तीकरण संघीयताको सफल कार्यान्वयनको आधार हो । स्थानीय तहलाई प्रभावकारी, सक्षम र आत्मनिर्भर बनाउन प्रदेश सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ ।

### क) कानुनी तथा नीतिगत मार्गदर्शन

प्रदेश सरकारको एउटा प्रमुख दायित्व स्थानीय तहलाई आवश्यक पर्ने कानून निर्माणमा सहजीकरण गर्नु हो । संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको व्यवस्था रहेको छ तर ती अधिकार पूर्ण रूपमा प्रयोग गर्न स्थानीय तहले आफ्नै कानून बनाउनुपर्छ । कतिपय स्थानीय तहहरूसँग कानून निर्माणका लागि विज्ञता र स्रोतको अभाव हुन्छ । यस्तो अवस्थामा प्रदेश सरकारले स्थानीय तहलाई नमुना कानून निर्माण गरिदिने, मार्गदर्शन गर्ने र कानुनी अस्पष्टताहरूलाई हल गर्न सहजीकरणको भूमिका खेल्न सक्छ । हाल आवश्यक कानून, नियमावली तथा विशिष्ठ(specific) विषय क्षेत्रहरुमा आवश्यक मापदण्ड प्रदेशले नबनाइदिदा संगठन संरचना र दरबन्दी कायम गर्ने, पद दर्ता र सिटरोल दर्ता गर्ने, कर्मचारीको भर्ना, छनौट, पदस्थापना, वृत्ति, विकास र अवकाश पछिको सुविधा लगायतका ब्यवस्थापकिय कार्यमा गम्भिर प्रभाव मात्र परेको छैन आवश्यक विषय क्षेत्रगत कानून नवन्दा समग्र संघीय अभ्यासको दिगोपनामा समेत दिर्घकालिन असर पर्ने देखिन्छ ।

### ख) संस्थागत क्षमता विकास र प्राविधिक सहयोग

नेपालका धेरै स्थानीय तह, विशेषगरी दुर्गम क्षेत्रका गाउँपालिकाहरूमा दक्ष जनशक्ति र प्राविधिक ज्ञानको ठूलो अभाव छ । प्रदेश सरकारहरूले प्रादेशिक लोक सेवा आयोग, अनुसन्धानात्मक प्रशिक्षण केन्द्र वा अन्य संयन्त्रमार्फत दक्ष जनशक्तिको व्यवस्थापन गर्न, कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न र डिजिटल प्रविधि तथा सूचना प्रणालीको विकास गर्न मद्दत गर्न सक्छन् । यसले स्थानीय तहको प्रशासनिक कार्यदक्षता बढाउँछ र सेवा प्रवाहमा सुधार आउँछ । साथै एकिकृत कार्यालय ब्यवस्थापन प्रणाली (GIOMS) तथा कार्यालय बेबसाइट म्यानेजमेन्ट जस्ता प्रणाली लागु गर्न प्राविधिक सहयोग गर्न सक्छन । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयले

PIS स्वत: अद्यावधिक गर्न तथा कर्मचारिको सरुवा लगायतको ब्यवस्थापन गर्न API समझदारी गरी सफ्टवेयर निर्माण गरे सँगै कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले समेत प्रदेश र स्थानीय तहको कर्मचारीको पूर्वानुमानयोग्य र व्यवस्थित सरुवा गर्न एकिकृत सरुवा ब्यवस्थापन प्रणाली (ITMS) विकास गरी लागू गर्न प्रदेशस्तरमा अभिमुखिकरण समेत गरेको छ । यसलाई अन्य प्रदेशले समेत अवलम्वनगर्न सक्छन ।

**ग) वित्तीय संघीयताको कार्यान्वयन र स्रोत-साधन बाडफाँड**

स्थानीय तहको सशक्तीकरणका लागि वित्तीय स्रोतको सबलीकरण अपरिहार्य छ। प्रदेश सरकारले सङ्घीय सरकारबाट प्राप्त अनुदान तथा आन्तरिक स्रोतको बाँडफाँट गर्दा स्थानीय तहको आवश्यकता, भौगोलिक अवस्था र जनसङ्ख्यालाई ध्यानमा राखी समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानको न्यायोचित वितरण गर्नुपर्छ । यसका साथै स्थानीय तहलाई राजस्व संकलन गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्ने र उत्पादनमुखी तथा रोजगारमुखी योजनाहरू सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाउन प्रदेशको अहम् भूमिका हुन्छ ।

**घ) अन्तर-तह समन्वय र विवाद समाधान**

सङ्घ, प्रदेश र स्थानीय तहबीच कतिपय विषयमा कार्यक्षेत्र र अधिकारको दोहोरोपन (डुप्लिकेशन) देखिने गरेको छ । यस्तो बेला प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय तहहरूबीच तथा प्रदेश र स्थानीय तहबीच उत्पन्न हुने अधिकार क्षेत्रको विवाद समाधान गर्न समन्वयकारी संयन्त्र (जस्तै: प्रदेश समन्वय परिषद्, प्रदेश प्रशासनिक समन्वय परिषद्) को प्रभावकारी प्रयोग गर्नुपर्छ । कुनै आयोजना कार्यान्वयन गर्दा लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिकोणले कुन तहबाट गर्दा उचित हुन्छ भनी प्रदेशले मापदण्ड बनाउन र सहजीकरण गर्न सक्छ ।

**ङ) योजना तर्जुमा र विकासको सन्तुलन**

प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रका सबै स्थानीय तहहरूको आवधिक योजना र सङ्घीय सरकारको योजनासँग तादाम्य हुने गरी प्रादेशिक विकास योजना बनाउनुपर्छ । स्थानीय तहका स-साना योजनाहरूले ठूला प्रादेशिक वा राष्ट्रिय लक्ष्यहरूलाई कसरी टेवा पुऱ्याउन सक्छन् भनी मार्गदर्शन गर्ने जिम्मेवारी प्रदेशको हो । ठूला पूर्वाधार निर्माण, अन्तर-स्थानीय तह सडक सञ्जाल विस्तार र प्रादेशिक अस्पताल वा विश्वविद्यालय स्थापनामा प्रदेशले स्थानीय तहसँग सहकार्य गर्नुपर्छ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, नियमावलि साथै आयोजना बैङ्क व्यवस्थापन कार्यविधि र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको कडाइका साथ पालना गरी व्यवस्थित र सन्तुलित विकासमा मुख्य भुमिका खेल्नु पर्दछ ।

**च) सुशासन प्रवर्द्धन र अनुगमन**

स्थानीय तहलाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त बनाउन प्रदेश तहले पर्यवेक्षक र मार्गदर्शकको भूमिका खेल्न सक्छ । सेवाग्राहीको बढी भीडभाड हुने कार्यालयहरूमा देखिएका बेथिति र बिचौलियाको अन्त्य गर्न प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक नीतिगत निर्देशन र अनुगमनको व्यवस्था मिलाउन सक्छ । प्रदेशको समग्र प्रशासनिक र राजनीतिक सुशासन कायम गर्न अन्तर्गतका स्थानीय तहहरुबाट हुने कार्य तथा संचालित आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङकनको कार्य गर्नु प्रदेश सरकारको दायित्व हो ।

**३. चुनौतीहरू:**

यी सैद्धान्तिक र संवैधानिक व्यवस्थाहरू भए तापनि व्यवहारमा भने केही जटिलताहरू देखिएका छन् । नेपालमा प्रदेश तह आफैं नवजात अवस्थामा छ र यसले आफ्ना अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न पाइरहेको छैन । प्रदेश सरकारहरूमा

पनि केन्द्रीकृत सोचको प्रभाव अझै बाँकी रहेको पाइन्छ जसले गर्दा स्थानीय तहलाई समन्वय र सहकारीताको सिद्धान्त अनुरुप स्वायत्त र अधिकारसम्पन्न बनाउनुभन्दा उनीहरूलाई नियन्त्रण गर्ने वा निर्देशन दिने प्रवृत्ति हावी भएको गुनासो सुनिन्छ । कतिपय संघीय कानूनहरू समयमै नबन्दा र प्रदेश तथा स्थानीयतहका कानूनहरू बाझिँदा स्थानीय तहका एकल अधिकार प्रयोगमा उल्झन देखा पर्ने गरेका छन् । यस्तो अवस्थामा प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहको बाटो फराकिलो बनाउनु पर्ने अर्को चुनौती विद्यमान छ ।

## ४. स्थानीय तहको सशक्तीकरणमा अन्तर्राष्ट्रिय सफल अभ्यासहरू :

| क्र. सं. | मुलुक (Country) | प्रादेशिक सरकार र स्थानीय तहबीचको सम्बन्ध तथा सफल अभ्यास (Key Practices & Roles) | नेपालका लागि सिक्न सकिने पाठ (Lessons for Nepal) |
|---|---|---|---|
| १. | **स्विट्जरल्याण्ड (Switzerland)** | यहाँका राज्यहरूलाई **'क्यान्टोन' (Cantons)** भनिन्छ। क्यान्टोनहरूले आफ्ना स्थानीय तह (Communes) लाई व्यापक वित्तीय र प्रशासनिक स्वायत्तता दिएका छन्। स्थानीय तह आफैंले प्रत्यक्ष लोकतन्त्र (Direct Democracy) मार्फत करको दर तोक्न र कानून बनाउन सक्छन्। क्यान्टोनले स्थानीय तहलाई नियन्त्रण नगरी केवल स्रोत व्यवस्थापनमा सहजकर्ताको भूमिका खेल्छ। | स्थानीय तहलाई कर संकलन र आन्तरिक स्रोत परिचालनमा प्रदेशले अवरोध गर्नुको साटो प्राविधिक रूपमा सक्षम बनाउनुपर्छ। |
| २. | **जर्मनी (Germany)** | जर्मनीका राज्यहरूलाई **'लेन्डर' (Länder)** भनिन्छ। त्यहाँको संविधान (Basic Law) ले नै स्थानीय तह (Gemeinden) लाई आफ्नो क्षेत्रको विकास आफैं गर्ने ग्यारेन्टी गरेको छ। राज्य सरकारहरूले स्थानीय तहको वित्तीय आवश्यकता पूरा गर्न 'वित्तीय समानीकरण प्रणाली' (Fiscal Equalization) मार्फत केन्द्र र राज्यको राजस्वको ठूलो हिस्सा स्थानीय तहमा पठाउँछन्। | प्रदेश सरकारले आफ्नो बजेट निर्माण गर्दा स्थानीय तहलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने गरी वित्तीय हस्तान्तरण गर्नुपर्छ। |
| ३. | **अस्ट्रेलिया (Australia)** | अस्ट्रेलियामा स्थानीय सरकारहरू राज्य सरकारको कानून (Local Government Act) अन्तर्गत सञ्चालन हुन्छन्। त्यहाँका राज्यहरूले स्थानीय तहको क्षमता अभिवृद्धिका लागि **'लोकल गभर्नमेन्ट बोर्ड'** जस्ता शक्तिशाली समन्वयकारी निकाय बनाएका छन्। यसले स्थानीय तहलाई कानून निर्माण, सहरी योजना र फोहोर मैला व्यवस्थापन जस्ता विषयमा निरन्तर विशेषज्ञ सहयोग (Expert Support) प्रदान गर्दछ। | प्रदेश सरकारले स्थानीय तहलाई राजनीतिक हस्तक्षेप गर्नुको साटो प्रशासनिक र कानुनी विज्ञता (Expertise) प्रदान गर्ने संयन्त्र बनाउनुपर्छ। |
| ४. | **क्यानडा (Canada)** | क्यानडामा पनि स्थानीय सरकारहरू प्रान्तीय (Provincial) कार्यक्षेत्र भित्र पर्दछन्। प्रान्तीय सरकारहरूले स्थानीय तहहरूबीच साझा पूर्वाधार विकास (जस्तै: अन्तर-सहरी यातायात, ठूला खानेपानी आयोजना) का लागि **साझा कोष (Joint Funding)** को व्यवस्था गर्छन्। प्रान्तले स्थानीय तहको स्वायत्तताको सम्मान गर्दै ठूला प्रादेशिक आयोजनामा उनीहरूलाई साझेदार बनाउँछ। | दुई वा दुईभन्दा बढी स्थानीय तह मिलेर गर्ने ठूला विकास निर्माणका काममा प्रदेश सरकारले लगानी र समन्वय गरिदिनुपर्छ। |
| ५. | **दक्षिण अफ्रिका (South Africa)** | दक्षिण अफ्रिकाको संविधानले नेपालको जस्तै सहकारी संघीयता (Cooperative Governance) को परिकल्पना गरेको छ। त्यहाँका प्रान्तहरूले स्थानीय तहको कार्यक्षमता अनुगमन गर्छन्। यदि कुनै स्थानीय तहले काम गर्न सकेन भने प्रान्तले उसलाई सजाय दिने होइन, बल्कि **'ह्यान्ड-होल्डिङ' (Hand-holding)** नीति अन्तर्गत प्रान्तीय कर्मचारी पठाएर काम सिकाउने र सक्षम बनाउने गर्छन्। | स्थानीय तहहरुको क्षमता विकास तथा सवलीकरणको लागि लोकसेवा बाट पूर्ति नहुन्जेल आवश्यक कर्मचारी खटाउने तथा सीप/क्षमता अभिवृद्धीको लागि लगानी गरी निरन्तर सहकार्य गर्ने । |

**5. निष्कर्ष (Conclusion)**

नेपालको संविधानले परिकल्पना गरेको संघीयताको सफलता र सार्थकता धेरै हदसम्म स्थानीय तहको सबलीकरण र सशक्तीकरणमा निर्भर गर्दछ । स्थानीय जनताले सिंहदरबारको अधिकार गाउँमै पाएको अनुभूति स्थानीय सरकारमार्फत नै गर्दछन् । यस परिप्रेक्ष्यमा, प्रदेश सरकार स्थानीय तहका लागि प्रतिस्पर्धी नभई एक सच्चा अभिभावक, सहजकर्ता र समन्वयकर्ताको रूपमा उभिनु आवश्यक छ ।

कानून निर्माणमा सहयोग, वित्तीय स्रोतको उचित बाँडफाँट, प्रादेशिक क्षमता अभिवृद्धि र अन्तर-तह समन्वयको माध्यमबाट मात्र प्रदेशले स्थानीय तहलाई बलियो बनाउन सक्छ। सङ्घीयतालाई बलियो बनाउन प्रदेश र स्थानीय दुवै तहको संरचनालाई नागरिकमैत्री र सेवामुखी बनाउनु अपरिहार्य छ । यद्यपि, अधिकारको दोहोरोपन र केन्द्रीकृत मानसिकताको अन्त्य गर्नुपर्छ । समग्रमा, प्रदेश सरकारहरूले आफ्नो संवैधानिक भूमिकालाई फराकिलो बनाई स्थानीय तहलाई अधिकारसम्पन्न र आत्मनिर्भर बनाउनेतर्फ अघि बढे मात्र स्थानीय तहको उपस्थिती दरिलो भइ संघीय लोकतान्त्रिक गणतन्त्रको बास्तविक लक्ष्य र उद्देश्य प्राप्ति हुन सक्नेछ ।

**सन्दर्भ सामग्रीहरू (References)**

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७२) । *नेपालको संविधान*/ काठमाडौँ: मुद्रण विभाग ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७४)। *स्थानीय सरकार सञ्चालन ऐन, २०७४/* काठमाडौँ: मुद्रण विभाग ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग। (२०८०)। *वार्षिक प्रतिवेदन तथा वित्तीय हस्तान्तरण सिफारिस प्रतिवेदन/* काठमाडौँ: नेपाल सरकार ।

अधिकारी, के. पी. (२०७८) । *नेपालमा संघीयता र स्थानीय सरकार: अभ्यास र चुनौती /* काठमाडौँ: मकालु प्रकाशन गृह ।

आचार्य, बी. आर. (२०७९) । *नेपालको प्रान्तीय प्रशासन र अन्तर-तह समन्वय /* ललितपुर: पैरवी प्रकाशन ।

Bird, R. M., & Smart, M. (2002). Intergovernmental fiscal transfers: International lessons for developing countries. *World Development*, 30(6), 899–912.

Ladner, A., Keuffer, N., & Baldersheim, H. (2016). Measuring local autonomy in Europe. *Local Government Studies,* 42(3), 321–350.

**World Bank (2022):** *Decentralization and Local Governance: Lessons from Global Practices.* Washington, DC: World Bank.

# कोशी प्रदेशमा पर्यटन क्षेत्रको अवसर र चुनौती



✍ बिजया नेपाल*

**लेखसारः**

नेपालको पूर्वी भू–भागमा अवस्थित कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा जैविक विविधताले सम्पन्न महत्वपूर्ण पर्यटन क्षेत्र हो । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि तराई क्षेत्रको जैविक सम्पदासम्म फैलिएको यस प्रदेशमा हिमाली पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन तथा वातावरणीय पर्यटनको उच्च सम्भावना रहेको छ । प्रस्तुत लेखले कोशी प्रदेशमा विद्यमान पर्यटन सम्भावना, त्यसबाट सिर्जना हुन सक्ने आर्थिक तथा सामाजिक अवसर, वर्तमान चुनौती र दिगो पर्यटन विकासका उपायहरूको विश्लेषण गरेको छ ।

यस अध्ययनले कोशी प्रदेशको पर्यटन विकासमा सगरमाथा, कञ्चनजंघा, मकालु क्षेत्र, बराहक्षेत्र, पाथीभरा, हलेसी तथा विभिन्न जातीय समुदायका मौलिक संस्कृति र परम्परालाई प्रमुख पर्यटन सम्पदाका रूपमा पहिचान गरेको छ। साथै, अन्य प्रदेशको तुलनामा कोशी प्रदेशको बहुआयामिक पर्यटन संरचनालाई विश्लेषण गर्दै यसको विशिष्ट पहिचान प्रस्तुत गरिएको छ । यद्यपि, कमजोर पूर्वाधार, पहुँचको समस्या, दक्ष जनशक्तिको अभाव, वातावरणीय जोखिम, अपर्याप्त प्रचार–प्रसार तथा योजनाबद्ध व्यवस्थापनको कमी जस्ता चुनौतीहरू पर्यटन विकासका प्रमुख अवरोधका रूपमा रहेका छन् ।

लेखले पर्यटन विकासका लागि दिगो योजना, आधुनिक पूर्वाधार निर्माण, डिजिटल प्रविधिको प्रयोग, स्थानीय समुदायमा आधारित पर्यटन, वातावरण संरक्षण तथा सार्वजनिक–निजी साझेदारीलाई आवश्यक रणनीतिका रूपमा प्रस्तुत गरेको छ । साथै, स्वीजरल्यान्ड, न्युजिल्यान्ड, जापान र नर्वेजस्ता देशहरूको पर्यटन व्यवस्थापन अनुभवबाट सिक्दै कोशी प्रदेशलाई विश्वस्तरीय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावनालाई उजागर गरिएको छ । समग्रमा, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै योजनाबद्ध र समावेशी पर्यटन विकास गर्न सकेमा कोशी प्रदेश नेपालको आर्थिक समृद्धि र अन्तर्राष्ट्रिय पर्यटन पहिचानको महत्वपूर्ण आधार बन्न सक्ने निष्कर्ष निकालिएको छ।

**शब्दकुञ्जीः**

पर्यटन ब्रान्डिङ (Tourism Branding), हिमाली पर्यटन (Mountain Tourism), साहसिक पर्यटन (Adventure Tourism), सांस्कृतिक पर्यटन (Cultural Tourism), धार्मिक पर्यटन (Religious Tourism), जैविक विविधता (Biodiversity), दिगो पर्यटन (Sustainable Tourism), पर्यटन पूर्वाधार (Tourism Infrastructure), स्थानीय समुदायमा आधारित पर्यटन (Community-Based Tourism), पर्यटन व्यवस्थापन (Tourism Management), जलवायु अनुकूल पर्यटन (Climate-Resilient Tourism)

* सहायक न्यायाधिक्ता, उच्च सरकारी वकील कार्यालय, विराटनगर

**१. पृष्ठभूमिः**

नेपालको पूर्वी भू–भागमा अवस्थित कोशी प्रदेश प्रकृति, संस्कृति र सभ्यताको अद्भुत संगम भएको क्षेत्र हो । हिमालको श्वेत शिखरदेखि तराईका उर्वर मैदानसम्म फैलिएको यस प्रदेशले नेपालको भौगोलिक विविधताको जीवन्त चित्र प्रस्तुत गर्छ। कोशी प्रदेशले प्रकृति र संस्कृतिको वरदान पाएको छ । यहाँ विश्वको उच्च शिखर सगरमाथा देखि नेपालको होचो स्थान केचना कवल सम्म अटाएका छन्। यो प्रदेशले पाथिभरालाई शिरमा सजाई सिंगो सप्तकोशीलाई छातीमा अटाएको छ । धरतीको पहिलो तिर्थ बराहक्षेत्र देखि विराट राजाको विरासदसम्म यसले अटाएको छ । यी सांस्कृतिक र प्राकृतिक सम्पदाको जगेर्ना गरी प्रविधि अनुसारका व्यवसायिक आधुनिक पर्यटनका पुर्वाधार विकास गर्न सके कोशी प्रदेश एसियाकै उत्कृष्ट पर्यटन गन्तव्य बन्न सक्छ ।

पर्यटन केवल प्राकृतिक तथा सांस्कृतिक दृश्य अवलोकनको विषय नभई आर्थिक रूपान्तरण, सांस्कृतिक संरक्षण, सामाजिक समावेशीकरण र स्थानीय जीवनस्तर सुधारको महत्वपूर्ण माध्यम बन्न सक्छ।नेपालको पर्यटन इतिहासमा हिमाली पर्यटनको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ । यही सन्दर्भमा कोशी प्रदेशको पहिचान विश्व पर्यटन नक्सामा विशेष स्थान राख्छ। सगरमाथा क्षेत्र केवल हिमाल आरोहणको गन्तव्य मात्र होइन; यो साहस, संघर्ष, प्रकृतिप्रतिको सम्मान र मानव क्षमताको प्रतीक पनि हो । विश्वभरका पर्वतारोही, पदयात्री तथा प्रकृति प्रेमीहरूका लागि सगरमाथा क्षेत्र एउटा भौगोलिक गन्तव्यभन्दा बढी आध्यात्मिक अनुभूतिको स्थान बनेको छ। हिमाली भू–भागमा पाइने दुर्लभ जैविक विविधता, शेर्पा समुदायको जीवनशैली, बौद्ध संस्कृति र हिमाली वातावरणले यस क्षेत्रलाई बहुआयामिक पर्यटन केन्द्रका रूपमा स्थापित गरेको छ ।

कोशी प्रदेशको सबैभन्दा ठूलो पर्यटन शक्ति यसको प्राकृतिक विविधता हो । एउटै प्रदेशभित्र हिमाल, पहाड र तराईको समिश्रणले यहाँ पर्यटनका अनेक सम्भावनाहरू सिर्जना गरेको छ । हिमाली क्षेत्रमा पदयात्रा, पर्वतारोहण र हिम पर्यटनको सम्भावना छ भने पहाडी क्षेत्रमा प्राकृतिक पर्यटन, ग्रामीण पर्यटन र सांस्कृतिक पर्यटन विकास गर्न सकिन्छ । तराई क्षेत्रमा जैविक तथा वन्यजन्तु पर्यटनको विस्तार गर्न सकिने आधारहरू छन् । यस प्रकार कोशी प्रदेशलाई "बहुआयामिक पर्यटन प्रदेश" का रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

**२. विश्लेषणात्मक प्रस्तुतीः**

**२.१. कोशी प्रदेशको पर्यटकिय सम्भाव्यताः**

कोशी प्रदेशका संरक्षित क्षेत्रहरू पर्यटनका महत्वपूर्ण आधार हुन्। सगरमाथा राष्ट्रिय निकुञ्ज प्राकृतिक सम्पदा र जैविक विविधताको दृष्टिले विश्वमै परिचित क्षेत्र हो । यहाँको हिमाली पारिस्थितिक प्रणाली, दुर्लभ वन्यजन्तु र प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गर्छ। त्यस्तै कञ्चनजंघा क्षेत्र हिमाली पदयात्राको दृष्टिले महत्वपूर्ण गन्तव्य हो । यी क्षेत्रहरूले पर्यटनसँगै वातावरणीय अध्ययन, अनुसन्धान र संरक्षण पर्यटनको सम्भावना पनि प्रस्तुत गर्छन् ।

धार्मिक पर्यटन कोशी प्रदेशको अर्को विशिष्ट पक्ष हो। नेपालमा धर्म, संस्कृति र प्रकृति एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । सुनसरीस्थित बराहक्षेत्र, ताप्लेजुङस्थित पाथीभरा क्षेत्र, खोटाङस्थित हलेसी महादेव मन्दिर जस्ता धार्मिक स्थलहरूले हजारौँ श्रद्धालु तथा पर्यटक आकर्षित गर्छन् । धार्मिक स्थलहरू केवल पूजा गर्ने स्थान मात्र नभई स्थानीय इतिहास, कला, वास्तुकला र सामाजिक परम्पराको परिचायक पनि हुन् । यी क्षेत्रहरूको व्यवस्थित विकासले धार्मिक पर्यटनलाई आर्थिक गतिविधिसँग जोड्न सक्छ ।

कोशी प्रदेशको सांस्कृतिक विविधता पर्यटन विकासको महत्वपूर्ण आधार हो। यहाँ बसोबास गर्ने विभिन्न समुदायहरूको भाषा, संस्कार, लोककला, परम्परागत ज्ञान र जीवनशैली आफैँमा जीवित संग्रहालय जस्तै छन्। किरात समुदायको मुन्धुम परम्परा, राई समुदायको सांस्कृतिक पहिचान, शेर्पा समुदायको हिमाली जीवनशैली, थारू तथा राजवंशी समुदायका मौलिक संस्कारहरू पर्यटनका महत्वपूर्ण आकर्षण बन्न सक्छन्। आधुनिक पर्यटनको प्रवृत्ति केवल स्थान हेर्ने होइन, स्थानीय जीवन अनुभव गर्ने दिशातर्फ बढिरहेको अवस्थामा कोशी प्रदेशको सांस्कृतिक पर्यटन अझ प्रभावकारी बन्न सक्छ।

ग्रामीण पर्यटन र होमस्टे अवधारणाले कोशी प्रदेशको पर्यटन अर्थतन्त्रलाई गाउँसम्म विस्तार गर्न सक्छ। पर्यटकले स्थानीय खाना, कृषि प्रणाली, परम्परागत कला र समुदायको दैनिक जीवन अनुभव गर्न चाहन्छन्। यसले ग्रामीण समुदायलाई प्रत्यक्ष आयआर्जनको अवसर दिन्छ। पर्यटनको लाभ केवल शहर वा ठूला व्यवसायीमा सीमित नभई स्थानीय तहसम्म पुग्ने माध्यमका रूपमा ग्रामीण पर्यटन महत्वपूर्ण हुन सक्छ।

साहसिक पर्यटनका क्षेत्रमा पनि कोशी प्रदेशको सम्भावना उल्लेखनीय छ। हिमाल आरोहण, पदयात्रा, र्‍याफ्टिङ, जंगल सफारी, प्याराग्लाइडिङ र अन्य साहसिक गतिविधिहरू सञ्चालन गर्न सकिने सम्भावना यहाँ छ। अरुण, तमोर र सुनकोशीजस्ता नदीहरूले जल पर्यटनको सम्भावना बोकेका छन्। विश्व पर्यटन बजारमा साहसिक अनुभव खोज्ने पर्यटकहरूको संख्या बढिरहेको अवस्थामा कोशी प्रदेशले यस क्षेत्रबाट ठूलो लाभ लिन सक्छ।

**२.२. अन्य प्रदेशसँग तुलनात्मक विश्लेषण**

नेपालमा अन्य प्रदेशको तुलनामा कोशी प्रदेशको सबैभन्दा ठूलो विशेषता हिमाली पर्यटनको विश्वव्यापी पहिचान हो। गण्डकी प्रदेशमा अन्नपूर्ण र धौलागिरि क्षेत्रले महत्वपूर्ण स्थान राखे पनि कोशी प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा अवस्थित हुनु आफैँमा असाधारण अन्तर्राष्ट्रिय ब्रान्ड हो। सगरमाथा केवल एउटा हिमाल होइन; यो साहस, मानव क्षमता र विश्व पर्यटनको प्रतीक हो। हरेक वर्ष संसारका विभिन्न देशबाट पर्वतारोही, पदयात्री र अनुसन्धानकर्ता यस क्षेत्रतर्फ आकर्षित हुन्छन्। सगरमाथा राष्ट्रिय निकुञ्जले हिमाली प्राकृतिक प्रणाली, दुर्लभ वन्यजन्तु र शेर्पा संस्कृतिलाई समेत पर्यटनसँग जोडेको छ।

कोशी प्रदेशको अर्को अद्वितीय पक्ष भनेको एकै प्रदेशभित्र धेरै विश्वस्तरीय हिमशृङ्खलाहरूको उपस्थिति हो। सगरमाथासँगै ल्होत्से, मकालु, चो यु र कञ्चनजंघाजस्ता उच्च हिमालहरू यस क्षेत्रका गौरव हुन्। विशेषगरी कञ्चनजंघा क्षेत्रले साहसिक, अनुसन्धानात्मक र शान्त वातावरण खोज्ने पर्यटकलाई आकर्षित गर्छ। कञ्चनजंघा केवल प्राकृतिक सम्पदा मात्र होइन; लिम्बू, शेर्पा लगायत स्थानीय समुदायको धार्मिक तथा सांस्कृतिक विश्वाससँग जोडिएको जीवित सम्पदा पनि हो।

गण्डकी प्रदेशको पर्यटन मुख्यतः हिमाल र ताल केन्द्रित छ भने कोशी प्रदेशको पर्यटन संरचना अझ व्यापक छ। गण्डकीको पोखरा विश्वप्रसिद्ध ताल र हिमाली दृश्यका लागि परिचित भए पनि कोशी प्रदेशमा हिमालसँगै नदी, वन, धार्मिक क्षेत्र, चिया बगान, जैविक विविधता र जातीय संस्कृति एकैसाथ पाइन्छ। यस अर्थमा कोशी प्रदेशको पर्यटन "एकल आकर्षण" मा आधारित नभई बहुआयामिक अनुभवमा आधारित पर्यटन हो।

कोशी प्रदेशको सांस्कृतिक पर्यटन पनि अन्य प्रदेशको तुलनामा विशेष महत्व राख्छ । नेपालको सांस्कृतिक विविधता सबै प्रदेशमा भए पनि कोशी प्रदेशमा किराँत सभ्यता, हिमाली बौद्ध संस्कृति, तराईका मौलिक संस्कार र पहाडी जीवनशैलीको मिश्रण देखिन्छ। राई, लिम्बू, शेर्पा, राजवंशी, थारू लगायत समुदायका भाषा, पोशाक, संस्कार, लोककला र परम्पराले यहाँको पर्यटनलाई केवल दृश्यात्मक नभई अनुभूतिमूलक बनाउँछ । आधुनिक पर्यटनको प्रवृत्ति अहिले केवल ठाउँ हेर्नेभन्दा पनि स्थानीय जीवन अनुभव गर्ने दिशातर्फ गइरहेको अवस्थामा कोशी प्रदेशको सांस्कृतिक सम्पदा ठूलो अवसर हो ।

धार्मिक पर्यटनको दृष्टिले पनि कोशी प्रदेश अत्यन्त सम्भावनायुक्त छ । मधेश प्रदेश धार्मिक तथा सांस्कृतिक सम्पदाका कारण महत्वपूर्ण भए पनि कोशी प्रदेशमा धार्मिक स्थलहरू प्रकृति र आध्यात्मिकताको संगमका रूपमा विकसित हुन सक्छन् । ताप्लेजुङको पाथीभरा, खोटाङको हलेसी महादेव, सुनसरीको बराहक्षेत्र जस्ता स्थलहरूले धार्मिक पर्यटनलाई प्राकृतिक पर्यटनसँग जोड्ने क्षमता राख्छन् । यहाँ धार्मिक यात्रा केवल आस्थाको यात्रा मात्र नभई पहाड, जंगल, नदी र स्थानीय संस्कृतिसँग जोडिएको अनुभव बन्न सक्छ ।

कोशी प्रदेशको अर्को महत्वपूर्ण पक्ष जैविक विविधता र वन्यजन्तु पर्यटन हो । तराई क्षेत्रमा रहेको कोशी टप्पु क्षेत्र जलचर तथा चराचुरुङ्गी अवलोकनका लागि महत्वपूर्ण छ भने हिमाली क्षेत्रमा सगरमाथा तथा कञ्चनजंघा क्षेत्रले फरक पारिस्थितिक प्रणाली प्रस्तुत गर्छन् । एउटै प्रदेशमा उष्ण क्षेत्रदेखि हिमाली क्षेत्रसम्मको जैविक विविधता पाइने भएकाले अनुसन्धान पर्यटन, वातावरणीय अध्ययन र प्रकृति पर्यटनको सम्भावना अत्यन्त ठूलो छ ।

कर्णाली प्रदेश प्राकृतिक रूपमा विशाल भए पनि पूर्वाधार र पहुँचका कारण पर्यटन विस्तारमा चुनौती देखिन्छ । सुदूरपश्चिम प्रदेशमा पनि खप्तड, अपी हिमालजस्ता महत्वपूर्ण क्षेत्र छन्, तर अन्तर्राष्ट्रिय पर्यटन बजारमा पहिचान विस्तार गर्न अझ धेरै काम आवश्यक छ । त्यसको तुलनामा कोशी प्रदेशको विशेषता भनेको यसको अन्तर्राष्ट्रिय रूपमा पहिल्यै स्थापित गन्तव्यहरू हुनु हो । सगरमाथा जस्तो विश्व ब्रान्ड, कञ्चनजंघा जस्तो साहसिक गन्तव्य र धार्मिक–सांस्कृतिक सम्पदाको संयोजनले कोशीलाई अन्य प्रदेशभन्दा फरक स्थानमा राख्छ ।

तर सम्भावना मात्र पर्याप्त हुँदैन; त्यसलाई उपयोग गर्न पूर्वाधार, व्यवस्थापन र संरक्षण आवश्यक हुन्छ । कोशी प्रदेशको चुनौती भनेकै यसको विशाल सम्भावनालाई व्यवस्थित र आकर्षक पर्यटन उत्पादनमा रुपान्तरण गर्नु हो । दुर्गम हिमाली क्षेत्रसम्म सहज पहुँच, पर्यटकमैत्री सेवा, वातावरण संरक्षण र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सकेमा कोशी प्रदेशको पर्यटन अर्थतन्त्रको प्रमुख आधार बन्न सक्छ ।

### २.३. कोशी प्रदेशमा पर्यटन क्षेत्रका चुनौति र समाधान

के हाम्रा हिमाल सबै आर्थिकस्तरका र सबै उमेर समूहका पर्यटकको पहुँचमा छन् त? सम्भावना विशाल भए पनि कोशी प्रदेशको पर्यटन क्षेत्र विभिन्न चुनौतीबाट मुक्त छैन । सबैभन्दा प्रमुख चुनौती पर्यटन पूर्वाधारको अपर्याप्तता हो । धेरै प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू अझै पर्यटकमैत्री पूर्वाधारबाट जोडिन सकेका छैनन् । दुर्गम क्षेत्रसम्म पुग्ने सडक, भरपर्दो यातायात, गुणस्तरीय आवास, स्वास्थ्य सुविधा,वाईफाई र सूचना प्रणालीको कमीले पर्यटन व्यवसायको विस्तारमा अवरोध सिर्जना गरेको छ ।

अर्को महत्वपूर्ण चुनौती व्यवस्थित पर्यटन योजना र दीर्घकालीन दृष्टिकोणको अभाव हो। पर्यटन विकास केवल गन्तव्य घोषणा गरेर सम्भव हुँदैन। त्यसका लागि अनुसन्धानमा आधारित योजना, लगानी, बजार रणनीति र संस्थागत समन्वय आवश्यक हुन्छ । धेरै स्थानहरूमा सम्भावना भए पनि आवश्यक अध्ययन, प्रचार–प्रसार र व्यवस्थापनको अभावका

कारण पर्यटकको पहुँचमा आउन सकेका छैनन्।

यो प्रदेश पर्यावरणीय चुनौतीबाट पनि अछुत छैन । हिमाली क्षेत्रहरू जलवायु परिवर्तनको प्रभावबाट संवेदनशील छन् । बढ्दो तापक्रम, हिमनदी पग्लिने समस्या, फोहोर व्यवस्थापन र प्राकृतिक स्रोतमा पर्ने दबाबले पर्यटनको दीर्घकालीन भविष्यमा असर पार्न सक्छ । पर्यटन विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्नु आजको प्रमुख आवश्यकता हो ।

यहाँ हिमाली क्षेत्रका शेर्पा विश्वप्रख्यात गाईड रहे पनि पर्यटनका विभिन्न सेक्टरमा दक्ष जनशक्तिको अभाव छ । अन्तर्राष्ट्रियस्तरको पर्यटन सेवाका लागि भाषिक दक्षता, आतिथ्य संस्कृति, उद्धार क्षमता र व्यवस्थापन सीप आवश्यक हुन्छ। पाथिभरा र बराहक्षेत्र दुबै धार्मिकस्थल रहे पनि पर्यटन जनशक्ती को फरक-फरक दक्षता आवश्यक हुन्छ । आईसफल डाक्टरले हिउ बुझाउन सक्ला तर सिंगो सगरमाथा सभ्यता बुझाउन विज्ञ जनशक्ति चाहिन्छ । पर्यटन जनशक्तिमा स्थानीय युवालाई पर्यटनसम्बन्धी तालिम प्रदान गरी, छानिएका केहिलाई विशिष्टिकृत कोर्स समेत गराई रोजगारीसँग जोड्न सके यस चुनौतीलाई अवसरमा परिवर्तन गर्न सकिन्छ ।

कोशी प्रदेशको पर्यटन विकासका लागि दिगो र समावेशी रणनीति आवश्यक छ । पहिलो, प्रदेशका सबै पर्यटकीय क्षेत्रको वैज्ञानिक पहिचान गरी प्राथमिकताका आधारमा विकास गर्नुपर्छ । दोस्रो, पर्यटन पूर्वाधार निर्माणमा सरकारी तथा निजी क्षेत्रको सहकार्य बढाउनुपर्छ। तेस्रो, स्थानीय समुदायलाई पर्यटनको मुख्य साझेदार बनाइनुपर्छ । स्थानीय संस्कृति र प्राकृतिक सम्पदाको संरक्षण गर्दै पर्यटनबाट प्राप्त लाभ समुदायसम्म पुर्‍याउनु आवश्यक छ।पर्यटन सर्किटको निर्माण गरी एकै पटक धेरै स्थललाई एक्सपोजर दिन आवश्यक छ ।

डिजिटल प्रविधिको प्रयोग पनि आधुनिक पर्यटन विकासको अपरिहार्य पक्ष हो । विश्वका पर्यटकहरू यात्रा निर्णय गर्नुअघि डिजिटल माध्यमबाट जानकारी खोज्ने भएकाले कोशी प्रदेशका गन्तव्यहरूको अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी प्रवर्द्धन आवश्यक छ । डिजिटल नक्सा, भर्चुअल सूचना प्रणाली, अनलाइन प्रचार र अन्तर्राष्ट्रिय पर्यटन बजारसँगको सम्बन्ध विस्तार गर्नुपर्छ ।

हस्पिटालिटी पर्यटनको अर्को अभिन्न अंग हो । होटल तथा होमस्टेको डिजिटल पहुँच, पुराना पर्यटकले छोडेको रिभ्यूमा पहुँच, बसोबासका लागि उचित व्यवस्था र आवश्यकता अनुसारका सुविधा, सेफ्टीको सेक्युरिटी लगायत व्यवस्थापन गरी हाम्रा भैरहेका होटललाई अझ ब्यवस्थित गर्दै नयाँ पुर्वाधार विकास गर्नु आवश्यक छ ।

पर्यटनलाई केवल भ्रमणको क्षेत्र नभई आर्थिक विकास, रोजगारी सिर्जना, स्थानीय उत्पादनको प्रवर्द्धन र सांस्कृतिक संरक्षणको माध्यमका रूपमा विकास गर्न संघीय र प्रदेश सरकारले योजनाबद्ध पहल गर्न आवश्यक छ।यसका लागि निम्न कार्य गर्न आवश्यक देखिन्छः

**१. दीर्घकालीन पर्यटन नीति र स्पष्ट कार्ययोजना निर्माण**

संघीय सरकारले राष्ट्रिय पर्यटन नीतिभित्र कोशी प्रदेशको विशेष पहिचानलाई समेटेर छुट्टै पर्यटन विकास रणनीति बनाउन आवश्यक छ। सगरमाथा, कञ्चनजंघा, धार्मिक क्षेत्र, जैविक क्षेत्र र सांस्कृतिक गन्तव्यलाई समेटेर क्षेत्रगत पर्यटन विकास योजना निर्माण गर्नुपर्छ । प्रदेश सरकारले पनि आफ्नो भूगोल र स्थानीय आवश्यकताअनुसार हिमाली पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन र ग्रामीण पर्यटनका लागि छुट्टाछुट्टै कार्ययोजना बनाउनुपर्छ ।

पर्यटन विकास आकस्मिक रूपमा होइन, दीर्घकालीन सोचका साथ अघि बढाउनुपर्छ। कुन क्षेत्रमा कस्तो पर्यटन उपयुक्त हुन्छ, कति पर्यटक धान्न सकिन्छ, वातावरणीय प्रभाव कस्तो हुन्छ भन्ने वैज्ञानिक अध्ययन आवश्यक छ ।

**२. पर्यटन पूर्वाधारको विस्तार**

पर्यटनको पहिलो आवश्यकता पहुँच र सुविधा हो। कोशी प्रदेशका धेरै पर्यटकीय क्षेत्रहरू प्राकृतिक रूपमा आकर्षक भए पनि यातायात, सञ्चार, आवास र स्वास्थ्य सुविधाको कमीका कारण पर्यटकको पहुँचमा पुग्न सकेका छैनन् ।

संघीय र प्रदेश सरकारले निम्न काम गर्नुपर्ने देखिन्छः

- दुर्गम पर्यटकीय क्षेत्रमा सडक तथा पदमार्ग सुधार,
- विमानस्थलको स्तरोन्नति,
- पर्यटक सूचना केन्द्र स्थापना,
- सुरक्षित यातायात व्यवस्था,
- होटल तथा रिसोर्ट क्षेत्रमा लगानी प्रोत्साहन,
- खानेपानी, विद्युत् र इन्टरनेट सुविधा विस्तार
- डिजिटलाईजेसन, अनलाईन नक्सा, अन्लाईन होटल बुकिङ र फिडव्याक, ई पेमेन्ट

**३. सगरमाथा र हिमाली पर्यटनको दिगो व्यवस्थापन**

कोशी प्रदेशको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय पहिचान सगरमाथा क्षेत्र हो। तर अत्यधिक पर्यटनका कारण फोहोर व्यवस्थापन, वातावरणीय दबाब र हिमाली पारिस्थितिक प्रणालीमा असर पर्ने चुनौतीहरू छन् ।

सरकारले निम्न कार्य गर्न आवश्यक देखिन्छ:

- हिमाली क्षेत्रमा पर्यटक संख्या व्यवस्थापन,
- फोहोर व्यवस्थापन प्रणाली,
- वातावरणीय मापदण्ड लागूमा कडाई,
- उद्धार तथा सुरक्षा प्रणाली सुदृढ,
- हिमाली पर्यटनमा स्थानीय समुदायको सहभागिता

**४. अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार र ब्रान्ड निर्माण**

कोशी प्रदेशमा धेरै सम्भावना भए पनि विश्व पर्यटन बजारमा यसको पर्याप्त प्रचार हुन सकेको छैन । सगरमाथा बाहेक अन्य क्षेत्रहरू अझै अन्तर्राष्ट्रिय पर्यटकको प्राथमिकतामा आउन सकेका छैनन् ।

सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छ:

- “Explore Koshi” जस्तो पर्यटन ब्रान्ड विकास,
- अन्तर्राष्ट्रिय पर्यटन मेलामा सहभागिता,
- डिजिटल माध्यमबाट प्रचार,
- विदेशी सञ्चारमाध्यम र ट्राभल कम्पनीसँग सहकार्य,
- बहुभाषिक पर्यटन सामग्री निर्माण

कोशी प्रदेशलाई केवल सगरमाथाको प्रदेश नभई हिमाल, संस्कृति र जैविक विविधताको प्रदेश का

रूपमा प्रस्तुत गर्नुपर्छ ।

**५. स्थानीय समुदायमा आधारित पर्यटन विकास**

पर्यटनबाट प्राप्त लाभ स्थानीय जनतासम्म पुग्न सके मात्र यसको वास्तविक प्रभाव देखिन्छ । त्यसैले सरकारले समुदायमा आधारित पर्यटनलाई प्राथमिकता दिनुपर्छ ।

यसका लागि निम्न कार्य गर्नुपर्ने देखिन्छः

- होमस्टे कार्यक्रम विस्तार,
- स्थानीय खाना र उत्पादनको प्रवर्द्धन,
- स्थानीय गाइड उत्पादन,
- हस्तकला तथा परम्परागत सीपको संरक्षण,
- महिला तथा युवालाई पर्यटन व्यवसायमा जोड्ने

यसले गाउँबाट हुने बसाइँसराइ घटाउने र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेछ ।

**६. सांस्कृतिक सम्पदाको संरक्षण र पर्यटनसँग जोड्ने काम**

कोशी प्रदेशको किराँत सभ्यता, शेर्पा संस्कृति, लिम्बू परम्परा, थारू संस्कृति र अन्य समुदायका मौलिक पहिचान पर्यटनका अमूल्य सम्पत्ति हुन् ।

सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छः

- सांस्कृतिक संग्रहालय निर्माण,
- स्थानीय पर्व तथा उत्सवलाई पर्यटनसँग जोड्ने,
- परम्परागत कला र संगीत संरक्षण,
- सांस्कृतिक पदमार्ग विकास

यसबाट पर्यटकले केवल प्रकृति होइन, नेपालको जीवित संस्कृति अनुभव गर्न पाउनेछन् ।

**७. साहसिक पर्यटनको प्रवर्द्धन**

कोशी प्रदेश साहसिक पर्यटनको दृष्टिले अत्यन्त सम्भावनायुक्त छ । हिमाल आरोहण, पदयात्रा, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, जंगल सफारीजस्ता क्षेत्र विकास गर्न सकिन्छ ।

सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छः

- साहसिक पर्यटनका लागि सुरक्षा मापदण्ड,
- उद्धार प्रणाली,
- तालिम प्राप्त जनशक्ति,
- निजी लगानीको वातावरण

अरुण, तमोर जस्ता नदीलाई जल पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिन्छ।

**८. वातावरण संरक्षणसँग जोडिएको पर्यटन विकास**

पर्यटन विकास गर्दा प्रकृतिको संरक्षण अनिवार्य हुन्छ। कोशी प्रदेशको वास्तविक शक्ति नै यसको प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणबिना पर्यटन दीर्घकालीन हुन सक्दैन ।

सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छः

- प्लास्टिकजन्य सामाग्रीको प्रयोग नियन्त्रण,
- वन संरक्षण,
- जैविक विविधता संरक्षण,
- वातावरणमैत्री होटल प्रवर्द्धन,
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

**९. निजी क्षेत्रसँग सहकार्य र लगानी आकर्षण**

सरकार एक्लैले पर्यटन विकास गर्न सक्दैन। निजी क्षेत्रलाई आकर्षित गर्न लगानीमैत्री वातावरण आवश्यक छ।

यसका लागि निम्न कार्य गर्नुपर्ने देखिन्छः

- पर्यटन व्यवसायमा सहुलियत,
- लगानी सुरक्षा,
- कर नीतिमा सुधार,
- सार्वजनिक–निजी साझेदारी

**१०. दक्ष पर्यटन जनशक्ति उत्पादन**

पर्यटकलाई गुणस्तरीय सेवा दिन दक्ष जनशक्ति आवश्यक हुन्छ। त्यसैले सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छः

- पर्यटन तालिम केन्द्र स्थापना,
- भाषा तथा आतिथ्य तालिम,
- पर्वतारोहण तथा उद्धार तालिम,
- स्थानीय युवालाई पर्यटन रोजगारसँग जोड्ने

**२.४. कोशी प्रदेशमा पर्यटन विकासका लागि विश्वका अनुभवबाट सिक्न सकिने पाठः**

पर्यटन कुनै स्थानमा प्राकृतिक सौन्दर्य भएर मात्र विकास हुँदैन; त्यसलाई व्यवस्थित योजना, गुणस्तरीय पूर्वाधार, प्रभावकारी व्यवस्थापन, स्थानीय सहभागिता र दिगो सोचले विश्वस्तरीय गन्तव्यमा रूपान्तरण गर्छ । विश्वका धेरै देशहरूले सीमित प्राकृतिक स्रोतलाई उत्कृष्ट व्यवस्थापनद्वारा आर्थिक समृद्धिको आधार बनाएका छन् । विशेषगरी स्वीजरल्यान्ड, न्युजिल्यान्ड, जापान, नर्वे, सिंगापुर लगायतका देशहरूले पर्यटनलाई राष्ट्रिय विकासको महत्वपूर्ण आधार बनाएका छन् । कोशी प्रदेशमा सगरमाथा, कञ्चनजंघा, जैविक विविधता, धार्मिक सम्पदा र सांस्कृतिक पहिचानजस्ता विशाल सम्भावना भए पनि त्यसलाई विश्वस्तरीय पर्यटन उत्पादनमा बदल्न ती देशका सफल अभ्यासबाट धेरै कुरा सिक्न सकिन्छ ।

**१. स्वीजरल्यान्डबाट सिक्न सकिने पर्यटन व्यवस्थापनको मोडल**

विश्व पर्यटनमा स्वीजरल्यान्डको स्थान प्राकृतिक सम्पदा मात्र होइन, त्यसको उत्कृष्ट व्यवस्थापनका कारण बनेको हो । हिमाल, ताल र ग्रामीण जीवनशैली भएको स्वीजरल्यान्डले आफ्नो भूगोललाई व्यवस्थित पर्यटन प्रणालीमा रूपान्तरण गरेको छ । कोशी प्रदेशको हिमाली भूगोल र स्वीजरल्यान्डको आल्प्स क्षेत्रमा धेरै समानता देखिन्छ। त्यसैले स्वीजरल्यान्डको अनुभव कोशीका लागि विशेष उपयोगी हुन सक्छ ।

(क) हिमाली पर्यटनलाई चारै मौसमको पर्यटन बनाउने योजनाः

स्वीजरल्यान्डले हिमाललाई केवल आरोहणको क्षेत्रका रूपमा प्रयोग गरेको छैन । त्यहाँ हिमाली क्षेत्रमा निम्नानुसारका विभिन्न गतिविधि सञ्चालन गरिन्छ :

- गर्मीमा पदयात्रा (hiking),
- जाडोमा स्की पर्यटन,
- प्रकृति अवलोकन,
- स्वास्थ्य तथा आराम पर्यटन,
- साहसिक खेल

कोशी प्रदेशमा पनि सगरमाथा, कञ्चनजंघा र मकालु क्षेत्रलाई केवल आरोहण र पदयात्रामा सीमित नगरी चार ऋतु पर्यटन (Four Season Tourism) को रूपमा विकास गर्न सकिन्छ । जाडो मौसममा हिमाली संस्कृति, हिम खेलकुद, फोटोग्राफी र अनुसन्धान पर्यटन विकास गर्न सकिन्छ ।

**(ख) पर्वतीय गाउँलाई पर्यटन केन्द्र बनाउने नीतिः**

स्वीजरल्यान्डका साना पहाडी गाउँहरू विश्वका पर्यटकका लागि आकर्षण बनेका छन्। त्यहाँ स्थानीय गाउँको मौलिकता, वास्तुकला, खाना र जीवनशैलीलाई पर्यटनसँग जोडिएको छ ।

कोशी प्रदेशमा पनि: शेर्पा गाउँ, किराँत समुदायका सांस्कृतिक क्षेत्र, पहाडी बस्ती, हिमाली जीवनशैलीलाई "जीवित सांस्कृतिक संग्रहालय" का रूपमा विकास गर्न सकेमा रिभर्स माइग्रेसन भईआफ्नै गाउँमा आयआर्जनका अवसर सिर्जना हुनसक्छन् ।

**(ग) यातायात र पहुँच व्यवस्थापनः**

स्वीजरल्यान्डको पर्यटन सफलताको ठूलो आधार सजिलो पहुँच (Accessibility) हो। दुर्गम हिमाली क्षेत्रसम्म पनि व्यवस्थित यातायात, रेल, केबलकार र सूचना प्रणाली पुगेका छन् ।

कोशी प्रदेशमा पनि: हिमाली पदमार्ग सुधार, पर्यटक बस सेवा, केबलकार सम्भाव्यता अध्ययन, पर्यटकमैत्री सडक, डिजिटल नक्सा प्रणाली विकास गर्न सकिन्छ। सगरमाथा र कञ्चनजंघा क्षेत्रसम्म पुग्ने यात्रालाई सुरक्षित र सहज बनाउन सके पर्यटकको बसाइ अवधि र खर्च दुवै बढ्न सक्छ ।

**२. न्युजिल्यान्डबाट सिक्न सकिने साहसिक पर्यटनः**

न्युजिल्यान्डले प्राकृतिक भूगोललाई साहसिक पर्यटनको केन्द्र बनाएको छ । पर्वतारोहण, ट्रेकिङ, बन्जी जम्प, र्‍याफ्टिङ र प्रकृति पर्यटनलाई व्यवस्थित रूपमा विकास गरिएको छ ।

कोशी प्रदेशमा: तमोर र अरुण नदीमा र्‍याफ्टिङ, हिमाली पदयात्रा, प्याराग्लाइडिङ, माउन्टेन बाइकिङ, जंगल पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा विकास गर्न सकिन्छ ।

**३. जापानबाट सिक्न सकिने संस्कृति र प्रविधि जोड्ने कलाः**

जापानले आधुनिक विकाससँगै आफ्नो परम्परा र संस्कृतिलाई पर्यटनसँग जोडेको छ। पुराना गाउँ, धार्मिक स्थल, कला र खानालाई आधुनिक पर्यटन सेवासँग जोडिएको छ।

कोशी प्रदेशमा: किराँत सभ्यता, स्थानीय पर्व, लोकसंगीत, परम्परागत खाना, हस्तकलालाई आधुनिक पर्यटन प्याकेजमा समावेश गर्न सकिन्छ।पर्यटकलाई केवल "हेर्ने" होइन, "अनुभव गर्ने" पर्यटनतर्फ

लैजानुपर्छ।

**४. नर्वेबाट प्रकृति संरक्षणसहित पर्यटन विकास सिक्न सकिन्छः**

नर्वेले प्राकृतिक सौन्दर्यलाई संरक्षण गर्दै पर्यटन विकास गरेको छ। त्यहाँ वातावरणीय सन्तुलनलाई पर्यटनको आधार मानिन्छ ।

कोशी प्रदेशमा पनि: हिमाली फोहोर व्यवस्थापन, प्लास्टिक नियन्त्रण, वातावरणमैत्री होटल, सीमित पर्यटक क्षमता निर्धारण, जैविक विविधता संरक्षण जस्ता नीति लागू गर्न सकिन्छ ।सगरमाथा क्षेत्रलाई केवल धेरै पर्यटक आउने ठाउँ होइन, विश्वकै उत्कृष्ट दिगो हिमाली पर्यटन क्षेत्र बनाउन सकिन्छ ।

**५. "स्मार्ट टुरिज्म" अवधारणा लागू गर्नेः**

विश्वका विकसित देशहरूले डिजिटल प्रविधिलाई पर्यटनसँग जोडिरहेका छन्।कोशी प्रदेशमा निम्न विकास गर्न सकिन्छः

- डिजिटल पर्यटन पोर्टल,
- मोबाइल एप,
- अनलाइन बुकिङ,
- डिजिटल गाइड,
- भर्चुअल पर्यटन अनुभव,
- बहुभाषिक सूचना प्रणाली

यसले विदेशी पर्यटकलाई यात्रा योजना बनाउन सजिलो बनाउँछ।

**६. कोशी प्रदेशका लागि सम्भावित विशेष पर्यटन मोडल**

विश्व अनुभवलाई आधार बनाएर कोशी प्रदेशमा निम्न विशेष योजना लागू गर्न सकिन्छ:

- "Koshi Himalayan Tourism Circuit"- सगरमाथा–मकालु–कञ्चनजंघा क्षेत्रलाई जोडेर अन्तर्राष्ट्रिय हिमाली पर्यटन सर्किट बनाउने।
- "Koshi Cultural Trail" - किराँत, शेर्पा, लिम्बू र अन्य समुदायको संस्कृति अनुभव गर्ने सांस्कृतिक पदमार्ग विकास गर्ने।
- "Green Koshi Tourism Model"- प्रकृति संरक्षणमा आधारित वातावरणमैत्री पर्यटन विकास गर्ने।
- "Village to Global Tourism"- स्थानीय गाउँ, होमस्टे र उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने।
- "Four Season Tourism Plan"- वर्षभरि पर्यटक आउने वातावरण निर्माण गर्ने।

**३. निष्कर्षः**

कोशी प्रदेश नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक विविधताको अनुपम संगम भएको क्षेत्र हो । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि नेपालको होचो भू–भाग केचना कवलसम्म फैलिएको यस प्रदेशमा हिमाल, पहाड र तराईको अद्वितीय भौगोलिक संरचना पाइन्छ । सगरमाथा, कञ्चनजंघा, मकालु जस्ता हिमाली क्षेत्र, बराहक्षेत्र, पाथीभरा, हलेसी जस्ता धार्मिक सम्पदा, कोशी टप्पुजस्ता जैविक विविधतायुक्त क्षेत्र तथा राई, लिम्बू, शेर्पा, थारू, राजवंशी लगायत समुदायका मौलिक संस्कृति यस प्रदेशका प्रमुख पर्यटन सम्पत्ति हुन् । यी सम्पदाहरूको उचित संरक्षण र व्यवस्थापन

गर्न सकेमा कोशी प्रदेश केवल नेपालको मात्र नभई विश्वकै आकर्षक पर्यटन गन्तव्य बन्न सक्ने पर्याप्त आधार रहेको देखिन्छ ।

पर्यटनलाई केवल मनोरञ्जन वा भ्रमणको क्षेत्रका रूपमा मात्र नभई आर्थिक विकास, रोजगारी सिर्जना, स्थानीय उत्पादनको प्रवर्द्धन, सांस्कृतिक संरक्षण र सामाजिक समावेशीकरणको माध्यमका रूपमा बुझ्न आवश्यक छ । कोशी प्रदेशमा हिमाली पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन तथा वातावरणीय पर्यटनका क्षेत्रमा ठूलो सम्भावना भए पनि ती सम्भावनालाई वास्तविक आर्थिक अवसरमा रूपान्तरण गर्न पूर्वाधार, दक्ष जनशक्ति, प्रभावकारी व्यवस्थापन र दीर्घकालीन योजनाको आवश्यकता रहेको छ ।

कोशी प्रदेशको प्रमुख शक्ति यसको बहुआयामिक पर्यटन स्वरूप हो। अन्य प्रदेशको तुलनामा सगरमाथा जस्तो विश्वव्यापी पहिचान भएको गन्तव्य, विविध जातीय संस्कृति, धार्मिक सम्पदा र जैविक विविधताको संयोजनले यस प्रदेशलाई विशिष्ट बनाएको छ । तर, कमजोर यातायात सुविधा, पर्यटकमैत्री पूर्वाधारको कमी, प्रचार–प्रसारको अभाव, वातावरणीय जोखिम र दक्ष पर्यटन जनशक्तिको कमी जस्ता चुनौतीहरू अझै विद्यमान छन् । यी चुनौतीलाई सम्बोधन नगरी सम्भावना मात्रको आधारमा पर्यटन विकास सम्भव हुँदैन ।

विश्वका स्वीजरल्यान्ड, न्युजिल्यान्ड, जापान, नर्वे लगायतका देशहरूको अनुभवले देखाउँछ कि प्राकृतिक स्रोत आफैँमा पर्याप्त हुँदैन; त्यसलाई वैज्ञानिक योजना, दिगो व्यवस्थापन, प्रविधिको प्रयोग र स्थानीय समुदायको सहभागिताबाट विश्वस्तरीय पर्यटन उत्पादनमा रूपान्तरण गर्नुपर्छ। कोशी प्रदेशले पनि हिमाली पर्यटनलाई चारै मौसममा विस्तार गर्ने, सांस्कृतिक पहिचानलाई पर्यटनसँग जोड्ने, वातावरण संरक्षणमा आधारित पर्यटन विकास गर्ने र डिजिटल प्रविधिको प्रयोगमार्फत अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान स्थापित गर्ने नीति अपनाउन आवश्यक छ ।

त्यसैले कोशी प्रदेशको पर्यटन विकासका लागि “सगरमाथाको प्रदेश” भन्ने सीमित पहिचानभन्दा माथि उठेर “हिमाल, संस्कृति र जैविक विविधताको प्रदेश” का रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ब्रान्ड निर्माण गर्नुपर्छ । स्थानीय समुदायलाई पर्यटनको केन्द्रमा राखी होमस्टे, स्थानीय उत्पादन, सांस्कृतिक अनुभव र साहसिक गतिविधिलाई प्रवर्द्धन गर्न सकेमा पर्यटनको लाभ गाउँ–गाउँसम्म पुग्न सक्छ ।

अन्ततः, कोशी प्रदेशको पर्यटन भविष्य यसको प्राकृतिक सम्पदाको मात्र परिणाम नभई त्यसको संरक्षण, व्यवस्थापन, लगानी, नीति निर्माण र कार्यान्वयन क्षमतामा निर्भर रहनेछ । दिगो, समावेशी र योजनाबद्ध पर्यटन विकासमार्फत कोशी प्रदेश नेपालको आर्थिक समृद्धि, सांस्कृतिक संरक्षण र अन्तर्राष्ट्रिय पर्यटन पहिचानको महत्वपूर्ण आधार बन्न सक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक तथा जैविक विविधताको दृष्टिले अत्यन्त समृद्ध पर्यटन क्षेत्र हो, जहाँ सगरमाथादेखि केचना कवलसम्मको भौगोलिक विस्तार, हिमाली शृंखला, धार्मिक स्थल र बहुजातीय संस्कृतिले विशेष आकर्षण प्रदान गर्दछ। पर्यटनलाई आर्थिक विकास, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणको माध्यमका रूपमा उपयोग गर्न सकिने ठूलो सम्भावना यहाँ रहेको छ ।

यद्यपि, पूर्वाधारको कमी, कमजोर व्यवस्थापन, सीमित प्रचार–प्रसार, वातावरणीय चुनौती र दक्ष जनशक्तिको अभावले यी सम्भावनाको पूर्ण उपयोग हुन सकेको छैन। त्यसैले, वैज्ञानिक योजना, दिगो व्यवस्थापन, प्रविधिको प्रयोग र स्थानीय समुदायको सहभागिता आवश्यक देखिन्छ ।

समग्रमा, “हिमाल, संस्कृति र जैविक विविधताको प्रदेश” का रूपमा सशक्त ब्रान्ड निर्माण गरी योजनाबद्ध पर्यटन विकास गर्न सकेमा कोशी प्रदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनमा महत्वपूर्ण गन्तव्य बन्न सक्छ।

**४. सन्दर्भ सामग्री (References/Bibliography)**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय. (२०७२). *नेपाल पर्यटन नीति तथा रणनीतिक योजना, २०७२.*

पर्यटन ऐन, २०३५. (२०३५).

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश. (२०८०). *आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम.*

नेपाल पर्यटन बोर्ड. (२०८०). *नेपाल पर्यटन तथ्याङ्क २०८०* (Tourism Statistics of Nepal).

नेपालको संविधान. (२०७२).

राष्ट्रिय योजना आयोग. (२०७६). *पन्ध्रौँ योजना* (२०७६/७७–२०८०/८१).

Boniface, B., Cooper, C., & Cooper, R. (2016). *Worldwide destinations: The geography of travel and tourism* (7th ed.). Routledge.

Butler, R. W. (1980). The concept of a tourist area cycle of evolution: Implications for management of resources. *Canadian Geographer,* 24(1), 5–12. https://doi.org/10.1111/j.1541-0064.1980.tb00970.x

Cooper, C., Fletcher, J., Fyall, A., Gilbert, D., & Wanhill, S. (2018). *Tourism: Principles and practice* (6th ed.). Pearson.

OECD. (2020). *OECD tourism trends and policies 2020.* OECD Publishing. https://doi.org/10.1787/6b47b985-en

Sharpley, R. (2002). *Tourism and development: Concepts and issues.* Channel View Publications.

Swarbrooke, J. (1999). *Sustainable tourism management.* CABI Publishing.

United Nations World Tourism Organization. (2023). *International tourism highlights 2023 edition.* UNWTO. https://doi.org/10.18111/9789284424986

# नेपालमा पर्यटन क्षेत्रको अवसर र चुनौतीः कोशी प्रदेशको सन्दर्भ



✍ विनिता तिम्सिना*

**लेखसार**

नेपालको पर्यटन क्षेत्र सरकारले पहिचान गरेका आर्थिक विकासका प्रमुख तुलनात्मक लाभका क्षेत्र मध्येको एक हो । मनोरम प्राकृतिक छटा, अग्ला जीवन्त हिमाल तथा अन्य प्राकृतिक सम्पदा, धार्मिक-सांस्कृतिक सम्पदा पर्यटनका अवसरका रुपमा रहेका छन् । हाम्रा चिनारी, संस्कार, संस्कृति, परम्परा, जीवनशैली सबै पर्यटन क्षेत्रको आधारका रुपमा रहेका छन् । पर्यटन पूर्वाधारको अभाव, पश्चिमा संस्कृतिको अनुकरण, पर्यटकलाई नेपालको वस्तीमा रहँदा बस्दा नेपाली उत्पादनले आकर्षण गर्न नसिकनु, गुणस्तरीय सेवा प्रवाह गर्न नसकिनु, पर्यटन तथा सेवा क्षेत्रमा संलग्न हुनसक्ने युवा जनशक्ति पलायन, तथा सेवा प्रदायकको क्षमता विकास नहुनु पर्यटन क्षेत्रका चुनौतीका रुपमा देखा परेका छन् । पर्यटन सेवामा आन्तरिक उत्पादनको उपयोग, अग्र तथा पृष्ठ सम्बन्ध विकास गर्नु, सेवा प्रदायकको क्षमता विकास गर्नु, जनशक्तिलाई यसै क्षेत्रमा टिकाइ राख्नु तथा पर्यटकीय वस्तुको संरक्षण र सम्बर्द्धन गर्नु समेत चुनौतीका रुपमा देखा परेका छन् । यस लेखमा नेपालमा पर्यटन क्षेत्रमा देखिएका समग्र अवसर र चुनौतीका साथै कोशी प्रदेशका पर्यटकीय स्थल तथा सम्भावनाको बारेमा छलफल गर्ने जमर्को गरिएको छ ।

**शब्दकुञ्जीः** पर्यटन, पर्यटकीय वस्तु, स्थानीयकरण, पर्यापर्यटन, संरक्षण

**पृष्ठभूमिः**

नेपाल प्राकृतिक सम्पदाहरुले भरिपूर्ण मनोरम वातावरणयुक्त मुलुकको रुपमा रहेको छ । भारत र चीनका बीच १४७,१८१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको हिमाली राज्य भए पनि प्राकृतिक, भौगोलिक तथा जैविक विविधतामा निकै धनी रहेको छ । हिमाल, पहाड, तराई तथा तीनका बिचमा रहेका दुन, उपत्यका, टारहरु, नदिखोँचहरु, बेसीहरुका फरकफरक वातावरण भएको हुँदा पर्यटकहरूको आकर्षणको केन्द्रका रुपमा रहेको छ । यो एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त राज्य हुँदा तिनका कला, संस्कृति, परम्परा पनि पर्यटकीय वस्तुहरू हुन सक्छन् । नेपाल अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो (नेपालको संविधान, २०७२) ।

नेपालको पर्यटन नीति, २०८२ ले पर्यटन क्षेत्रका वर्तमान अवस्थाको विश्लेषण गर्दै निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहेको र सरकारको काम पर्यटन पूर्वाधार विकास, नीतिगत सहजीकरण, अनुगमन तथा नियमनमा सीमित गरेको छ । नेपालमा चेन होटल, ट्राभल्स एण्ड टुर्स सेवा, साहसिक पर्यटन सेवा, हवाई सेवा लगायतमा पर्याप्त निजी क्षेत्रको लगानी भएको छ । नेपालीहरुको क्रयशक्तिमा भएको सुधार, नयाँ गन्तव्यहरूको खोजी र भ्रमण गर्ने बढ्दो प्रवृति सँगै ग्रामीण पर्यटकीय

* Freelancer, धर्मदेवी ९, संखुवासभा।

गतिविधिमा उल्लेखनीय सुधार भएको छ (पर्यटन नीति, २०८२) ।

सन् २०२४ मा ११,४७,५४८ पर्यटक भित्रिएकामा सन् २०२५मा उक्त संख्या ११,६२,३६५ पुगेको देखिन्छ । सन् २०२४ को पर्यटकको औसत नेपाल बसाई अवधि १३.३ दिन रहेकोमा उक्त अवधि बढेर २०२५मा १६.३४ दिन पुगेको छ । सन् २०२४मा औसत प्रति पर्यटक प्रतिदिन खर्च ४०.८ अमेरिकी डलर रहेकोमा २०२५मा घटेर ३३.०८ अमेरिकी डलर पुगेको देखिन्छ । सन् २०२४ मा नेपाल भ्रमणमा आउने पर्यटकको उद्देश्य ६०.४ प्रतिशत बिदा/ मनोरञ्जन/ यात्राका लागि, १५.३ प्रतिशत तीर्थयात्रा, १४.५ प्रतिशत पर्वतारोहण/ साहसिक पर्यटन र बाँकी करिब १० प्रतिशत अन्य प्रयोजनका लागि रहेको देखिन्छ । सन् २०२५ मा यो संख्यामा केहि परिवर्तन भइ ६०.२ प्रतिशत विदा /मनोरञ्जनका लागि १४.४ प्रतिशत तीर्थयात्राका लागि १४.२ प्रतिशत पदयात्रा/ पर्वतारोहणका लागि बाँकी ११.२ प्रतिशत अन्य प्रयोजनका लागि आएको देखिन्छ । यसले नेपाल आउने पर्यटकको संख्या तथा औसत नेपाल बसाईको दिन बढेको देखाउँछ (आर्थिक सर्वेक्षण २०८२/८३, २०८३) ।

**प्रस्तुति र विश्लेषण**

नेपालमा पर्यटकीय आकर्षणका विभिन्न क्षेत्रहरु रहेका र तीनको भ्रमण गर्ने पर्यटकहरुको संख्या पनि पछिल्लो क्रममा बढ्दो रहेको छ । पर्यटकीय वस्तुको विविधिकरण, विस्तार र पर्यटकीय स्थलहरूको पर्याप्त विकास हुन नसक्नु, गुणस्तरीय र सुविधाजनक पूर्वाधारको कमी, पर्यटकीय वस्तुहरूको प्रचारप्रसार प्रभावकारी नहुनु जस्ता समस्याहरु पर्यटन नीति, २०८२ ले पहिचान गरेको पाइन्छ । चालू आर्थिक वर्षको बजेटमा पर्यापर्यटन, पर्वतीय तथा साहसिक पर्यटन, धार्मिक र सांस्कृतिक पर्यटनका प्रमुख गन्तव्य स्थलहरुमा पर्यटक लक्षित सेवा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै प्राकृतिक, सांस्कृतिक, साहसिक, चलचित्र, आरोग्य र खेलमा आधारित पर्यटन प्रवर्द्धन, तथा स्थलमार्गबाट आउने पर्यटकहरुलाई स्वागत तथा सेवा केन्द्र विस्तार गर्ने कार्यक्रम राखेको छ ।

पर्यटनका अवसरका रूपमा बजेटले पर्यटकीय गन्तव्यको विकासमा निजी लगानी आकर्षण, संरक्षण क्षेत्रमा जङ्गल सफारी, पदयात्रा, पर्या-पर्यटकीय पूर्वाधार विकास, पर्यटकीय क्षेत्रमा होटल लज जस्ता पर्यटन पूर्वाधारका लागि वन लगायतको सरकारी स्वामित्वको जग्गा लिजमा दिने व्यवस्था गरेको छ । शुक्लाफाँटा-खप्तड, बर्दिया-रारा, लुम्बिनी-मुक्तिनाथ, सौराहा-गोसाइकुण्ड, जनकपुरधाम- कालिञ्चोक, कोशीटप्पु जस्ता पदमार्ग सञ्चालन गर्ने खप्तड, रामारोशन, बडिमालिका, बुढिनन्दा, रारा जस्ता पर्यापर्यटन पदमार्ग विकास गर्ने, होटल रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर र विद्युत महशुलमा छुट दिने, सगरमाथा, पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम, मुक्तिनाथ, स्वर्गद्वारी, रारा, खप्तडजस्ता धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विकास गर्ने लक्ष्य राखेको छ (आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, २०८२) ।

सोह्रौँ आवधिक योजनाले पर्यटन क्षेत्रबाट हुने कुल आम्दानी बृद्धि गरी कुल गार्हस्थ उत्पादनमा योगदान बृद्धि गर्नु, पर्यटनको लाभ स्थानीय समुदायसम्म पुर्याउनु, पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्नु, पर्यटन उद्योगको विकासका लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरूको पहिचान, विकास र विविधिकरण गर्नु, भौगोलिक र सांस्कृतिक विविधतासँग सामञ्जस्यता कायम गर्दै यसको महत्तम उपयोग गरी पर्यटन उद्योग एवम् पर्यापर्यटनको विकास र विस्तार गर्नु लगायतका चुनौतीहरू पेश गरेको छ (सोह्रौँ योजना, २०८१) ।

नेपालमा पर्यटनलाई अवसरका रुपमा विकास गर्न सोह्रौँ पञ्चवर्षीय योजनाले समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक बृद्धि गर्ने कार्यक्रम अन्तर्गत पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, विस्तार

तथा सुदृढीकरण, गुणस्तरीय लगानी आकर्षण र पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधिकरण गर्ने, पर्यापर्यटन व्यवसायबाट उच्च मूल्य अभिवृद्धि गर्ने, वातावरणीय उत्तरदायित्व र दिगो अभ्यासको सुनिश्चितता, एक जिल्ला न्यूनतम एक पर्यटकीय गन्तव्य र एक स्थानीय तह बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने, पर्यटन विस्तारित लेखा तयारी, पर्यटक सुरक्षा, प्रचारप्रसार तथा पर्यटन सूचना सञ्चालीकरण गर्ने कार्यक्रमहरूको पहिचान हुनु पनि हो ।

त्यस्तै गरी पर्यटन क्षेत्र विकास र सुदृढीकरण कार्यक्रममा पर्यटन उपजहरुको विकास गरी प्रचारप्रसार एवम् आतिथ्यता व्यवस्थापनमा सुधार, पर्यटन प्रवर्द्धन मार्फत पर्यटक आवागमन संख्यामा वृद्धि गरी नेपाल बसाईको अवधि लम्ब्याउने कार्यक्रम, पर्यटकको दैनिक खर्च रकममा वृद्धि ल्याउने र पर्यटन व्यावसायबाट अधिकतम मूल्य अभिवृद्धि गर्ने उपायहरु अवलम्बन, रोजगारीका अवसरहरुमा वृद्धि तथा पर्यटन क्षेत्रको विविध विधामा अध्ययन अनुसन्धान, स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने कार्यक्रमहरू योजनामा संलग्न छन् ।

यसका अलावा धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी थप आकर्षक गन्तव्यको पहिचान र विकास, प्रमुख पर्यटकीय स्थलहरुलाई अन्य पर्यटकीय गन्तव्यहरुसँग जोडी आर्थिक लाभ हुने अवस्थाको सिर्जना, पर्यटनलाई सांस्कृतिक सम्पदासँग जोड्ने, सार्वजनिक निजी साझेदारीमा भारत, चीन लगायत अन्य मुलुकका पर्यटकहरुलाई लक्षित गरी पर्यटन प्रवर्द्धनकारी कार्यक्रम सञ्चालन, स्थानीय उत्पादनलाई पर्यटकीय उपजको रुपमा प्रवर्द्धन गरी अग्र तथा पृष्ठ सम्बन्ध विकास, स्थानीय तहसँगको समन्वयमा ग्रामीण पर्यटन विस्तार, मुलुकभरका पर्यटकीय सम्पदामा स्थानीय समुदायको सक्रियता र सहभागिताको सम्मान गर्दै पर्यटनबाट भएको आम्दानीको यथोचित सुव्यवस्था, बाँडफाँट तथा वितरण, पर्यटन उद्यममा पिछडिएको समुदाय, महिला, दलित तथा आदिवासी जनजातिको संलग्नतालाई प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रमहरु समावेश हुनु समेत अवसरका रुपमा रहेको छ ।

प्राकृतिक सम्पदामा धनी सगरमाथा तथा चितवन राष्ट्रिय निकुञ्जहरु युनेस्को विश्वसम्पदा सूचीमा समावेश हुनु पर्यटन विकासको एउटा महत्वपूर्ण अवसर हो । त्यस्तै पशुपतिनाथ, बौद्धनाथ, स्वयम्भु जस्ता धार्मिक स्थलहरु, काठमाण्डौ, ललितपुर तथा भक्तपुर दरवारस्क्वायर जस्ता वास्तुकलाका पूरातात्विक एवम् सांस्कृतिक सम्पदाहरुको विश्वसम्पदा सूचीमा समावेश भएका सम्पदाहरूको अवस्थिति हाम्रो लागि अवसर हो । धार्मिक रुपमा विभिन्न धार्मिक समुदायहरुको उपस्थिति र सहिष्णुताको उदाहरण हाम्रा लागि विश्वसमुदायको आकर्षणको केन्द्र हुन सक्छ । एकसय तीस भन्दा बढि जातजातिको बसोबास, सय माथिका भाषाभाषी, तिनका जातीय, भाषिक तथा सांस्कृतिक विविधता समेत हाम्रो लागि पर्यटन प्रवर्द्धन र विकासका लागि अवसर हुन । जातजाति विशेषका जात्रा, पर्व, मेला, खानपान, व्यावहार समेत अन्तर्राष्ट्रिय आकर्षणका केन्द्र रहन सक्छन् ।

विविध पर्यटकीय सम्भावना र अवसरहरुका वाबजुद पनि पर्यटकको संख्या नेपाल बसाई र खर्च त्यति धेरै वृद्धि भएको देखिँदैन् । नीति तथा कानून र पूर्वाधारगत सहजीकरण भए पनि पर्यटन विकासका चुनौतीहरु बाह्य वातावरणको प्रभाव, पर्यटकीय पूर्वाधारको पर्याप्त विकास हुन नसक्नु, नेपालको ध्वजावाहक विमान सेवाको धेरै गन्तव्यसँग प्रत्यक्ष हवाई सम्बन्ध नहुनु, बाह्य क्षेत्रमा प्रचारप्रसार कम हुनु जस्ता समस्याहरु अझ पनि विद्यमान छन् । स्थलमार्गबाट आउने पर्यटकहरुको संख्या न्यून हुनु, भारतीय पर्यटकहरु तीर्थयात्रामा आउँदा आफ्ना खानेबस्ने सामानसहित आउँदा नेपाली अर्थतन्त्रमा उल्लेख्य योगदान हुन नसकेको अवस्था समेत हाम्रोसामु रहेको छ । नेपाली स्थानीय उत्पादनको पर्यटकको स्वागत सत्कार र खानपानमा प्रयोग हुन नसक्नुले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न सकेको छैन् ।

साथै पर्यटन क्षेत्रका अन्य चुनौतीहरु दिगो पूर्वाधारको विकास गर्नु, भारत चीन जस्ता उच्च जनसंख्या भएका मुलुकमा आउने पर्यटकहरू आकर्षण गर्नु, पदमार्गमा यात्रा गर्ने पर्यटकलाई बसोबास तथा खानपानको व्यवस्था गर्नु, स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्नु, पर्यटकलाई उपहारका रुपमा विक्री गर्न सक्ने स्थानीय हस्तकला लगायत उत्पादन गर्नु, भाषागत रुपमा दक्ष पथप्रदर्शक तयार गर्नु, मौसमी रुपमा रहेको पर्यटनलाई बाह्रै महिना चल्ने सेवामा रुपान्तरण गर्नु, मौसम पूर्वानुमान र यातायात सेवा भरपर्दो बनाउनु, थप अन्तर्राष्ट्रिय शहरहरुसँग हवाई सम्बन्ध कायम गर्नु, नेपालमा बसाई लम्ब्याउन थप पर्यटकीय वस्तु तथा गन्तव्यको विकास र विस्तार गर्नु आदि रहेका छन् ।

**कोशी प्रदेशमा पर्यटन**

कोशी प्रदेशमा पर्यटनको अथाह सम्भावना र अवसर बोकेको प्रदेश हो । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि नेपालको सबैभन्दा ठूलो नदि सप्तकोशी समेत यसै प्रदेशमा अवस्थित छन् । धर्तीको पहिलो तीर्थ मानिने बराहक्षेत्र देखि महादेव र राक्षसले लुकामारी खेलेको हलेसी धाम, पवित्र पाथिभरा मन्दिर, मनकामनाधाम जस्ता अनगिन्ति धार्मिक स्थलहरुले धार्मिक पर्यटकहरुलाई भ्रमणको लागि निमन्त्रण गरिरहेका छन् । शिवपार्वतीको प्रिय शिवधारा, सभापोखरी, साल्पापोखरी, ज्वालामाई, बुढासुव्वा सुव्विनी, दन्तकाली, पिण्डेश्वर, सिद्धकाली, म्याङ्लुङ्गजस्ता हजारौँ देवीदेवताको बासस्थान हो यो प्रदेश । पवित्र गुम्बाहरुद्वारा रक्षित भूमि समेत हो यो । किराँत आस्थाका विभिन्न धार्मिक स्थलहरूको समेत अवस्थितिले यो प्रदेश थप आकर्षणको केन्द्र बनेको छ ।

प्राकृतिक छटाका रुपमा ल्होत्से, महालंगुर, मकालु, कञ्चनजंघा, आमादब्लम जस्ता हिमालहरू हाँसेर कोशीको पर्यटकीय महत्वलाई थप उजागर गरेकाछन् । लालीगुराँसले मनमोहक तिनजुरे मिल्के जलजलेका जंगलहरु, माइपोखरी, तथा अन्य जंगलहरु स्वर्ग भन्दा कम देखिन्नन् । एकसय सैँतिस स्थानीयतहहरु रहेको प्रदेशका विशेष गरी पहाड तथा हिमालका चिसो र सुन्दर मौसम, मादक सौन्दर्य, शेर्पा, लिम्बु, राईका संस्कार र संस्कृति पर्यटकको थप आकर्षणका रुपमा रहेका छन् । इलामका चियाबारी, मुन्धुम पदमार्ग, लालिगुराँस पदमार्ग लगायतका संरचना र अवसरले स्थानीय/आन्तरिक एवम् अन्तर्राष्ट्रिय दुबै पर्यटकलाई विदा तथा मनोरञ्जन पर्यटनमा सहयोग गरिरहेका छन् । तराइका झाँगड, सन्थाल, धिमाल, मेचे लगायतका रहनसहन समेत स्थानीय तथा अन्तर्राष्ट्रिय पर्यटकका लागि आकर्षण हुन सक्छन् । कोशी प्रदेशले वि सं २०८२ लाई "कोशीको गौरव हिमालको शानः पर्यटन वर्षमा सबैलाई सम्मान" भन्ने नाराका साथ पर्यटन वर्षका रुपमा मनाइरहेको छ । प्रदेशको दोस्रो आवधिक योजनाले पर्यटकीय स्थलहरुका रुपमा कोशीटप्पु वन्यजन्तु आरक्ष, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कञ्चनजंघा संरक्षण क्षेत्रलाई पहिचान गरेको छ । गोक्यो ताल, ह्यार्तुङ झरना, पोकली झरना जस्ता प्राकृतिक क्षेत्रहरूका अलावा पर्वतारोहण, बञ्जीजम्पिङ, प्याराग्लाइडिङ, गल्फ, साइक्लिङ, जिपलाइन, जलयातायात, र्‍याफ्टिङ लगायतका अवसरहरू उल्लेख गरेको छ (दोस्रो आवधिक योजना, २०८१) । प्रदेशले प्रदेशका पर्यटकीय स्थल र वस्तुको ब्राण्डिङ गरी प्रचारप्रसार गर्ने तथा पर्यटकीय सेवा सुविधाको विस्तार गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारसँग आवद्ध गर्ने रणनीति लिएको छ । प्रदेशले पर्यटन प्रवर्द्धनका लागि रुपान्तरणकारी कार्यक्रमका रुपमा सोलुखुम्बुमा पासाङल्हामु पर्वतारोहण र पर्यटन कलेज स्थापना गर्ने, इलाममा रेडपाण्डा संरक्षण तथा प्रजनन केन्द्र स्थापना गर्ने, मोरङमा राष्ट्रिय संग्रहालय स्थापना गर्ने, सुनसरीमा चारधाम सर्किट स्थापना गर्ने, शिव सर्किट खोटाङ-उदयपुर, शिवधारा पार्वतीधारा पोडवे संखुवासभामा तथा मुन्धुम-मष्ट-मोनाष्टी सर्किट सोलुखुम्बु- खोटाङ-भोजपुर निर्माण गरी पर्यटकीय पूर्वाधार निर्माण, विस्तार तथा पर्यटक आकर्षण गरी आकर्षक पर्यटकीय गन्तव्य बनाउने महत्वकाँक्षी लक्ष्य राखेको देखिन्छ ।

पर्यटकीय स्थल तथा वस्तुहरुको प्रचारप्रसार गर्ने तथा तीनको स्थानीयकरण समेत दिगो पर्यटनका लागि आवश्यक

हुन्छ । जस्तो जापानको टोक्यो टावरमा टोक्यो टावरका प्रतिमा, तिनका वरपर खिचिने फोटो, तिनका प्रतिमा अङ्कित टिसर्ट, टोक्यो टावर अङ्कित कलमहरू, तिनकै प्रतिमायुक्त चकलेट आदिले तिनको प्रचारप्रसार पनि गर्ने र उत्पादनमा जनशक्तिको संलग्नता र रोजगारी सिर्जना एकैपटक गरिरहेका हुन्छन् । नेपालमा पनि केहि प्रयोग भए पनि नाम तथा ब्राण्डका रुपम प्रयोग भएको देखिँदैन्, । इलामका चकलेट, हिमाली क्षेत्रका छुर्पी आदिलाई स्थानीय पर्यटकीय वस्तुसँग आवद्ध गर्न सकिन्छ । सरकारले पहिचान गरेका तुलनात्मक लाभका क्षेत्रहरु तथा पछिल्लो तथ्याङ्कले संकेत गरेका विदा तथा मनोरञ्जन पर्यटन, साहसिक पर्यटन तथा पर्वतारोहण, तीर्थयात्रालाई प्रोत्साहन गरिनु आवश्यक छ ।

**निष्कर्ष**

नेपालमा धार्मिक, सांस्कृतिक विविधता, प्राकृतिक तथा भौगोलिक विविधता, जैविक विविधता तथा मनोरम दृष्य लगायतका पर्याप्त अवसरहरूको कारण पर्यटन क्षेत्र एक महत्वपूर्ण आर्थिक उपार्जनको माध्यम हुन सक्छ । विविधतामा एकताको माला जप्ने हाम्रो पहिचान, संस्कार र संस्कृति विश्वसमुदायको लागि भ्रमणको लागि आकर्षण हुन सक्छ । पर्वतारोहण त्यो पनि विश्वको सर्वोच्च शिखर सगरमाथामा विश्व मानवको लागि गर्वको विषय हुन्छ जुन हामीलाई अवसरका रुपमा रहेको छ । नेपाल सरकारले सोह्रौँ योजनामार्फत लिएका लक्ष्यहरु¸ दिगो विकास लक्ष्य, प्रदेशको दोस्रो आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य र रणनीतिहरु मार्फत नेपाललाई आकर्षक पर्यटकीय गन्तव्य बनाउन सकिन्छ । अवसरका रुपमा रहेका समावेशी नीति, कानूनहरु, आवधिक योजनाले पहिचान गरेका तुलनात्मक लाभका क्षेत्र तथा वस्तुहरुको प्रचारप्रसार तथा ब्राण्डिङ गर्ने र स्थानीय सेवा प्रदायकको क्षमता विकास र विस्तार मार्फत पर्यटकहरुलाई लामो समयसम्म बस्न सक्ने र बढि खर्च गर्न सक्ने बनाउनु छ । नेपालले विभिन्न समयमा मनाएका नेपाल भ्रमण वर्षहरु र तिनका नाराहरु जस्तै "Naturally Nepal, Once is not Enough" लाई जीवन्त र स्थानीयकरण गर्नु आवश्यक छ । स्थानीय उत्पादनले पर्यटकका आवश्यकता पूरा गर्ने तथा तिनलाई नेपाली रहनसहन, परम्परा, संस्कृति तथा रैथानै जीवनशैलीमा रमाउन सक्ने बनाउन सके थप पर्यटक आकर्षित हुने र प्रदेश तथा समग्र देशको आर्थिक अवस्था मजबुत तुल्याउन सकिने र कुल गार्हस्थ उत्पादनमा योगदान बढाउन सकिने हुन्छ । सेवाको गुणस्तर वृद्धि गर्नुका साथै आउने पर्यटकमा समेत गुणस्तरीय पर्यटक भित्र्याउन पूर्वधार विकास, पर्यटकीय वस्तु तथा स्थलहरूको विविधिकरण अनिवार्य शर्त हो । केलाङ र च्याब्रुङ नाचका अतिरिक्त गुराँस फूल्ने पाखाहरु, वन्यजन्तु रमाउने जंगलहरु, जातजातिका परम्परा, संस्कार संरक्षण र सम्बर्द्धन गरी तिनको व्यवस्थापन गर्न सके पर्यटन थप सहयोगी क्षेत्र हुन सक्ने देखिन्छ । विदा तथा मनोरञ्जन पर्यटन, पर्वतारोहण र साहसिक पर्यटन, तीर्थयात्रालाई प्रवर्द्धन गर्न सके पर्यटन उद्योगको विकास मार्फत प्रदेशको गरिबी निवारणमा योगदान गर्न सक्दछ ।

**सन्दर्भ सामग्री**

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य. (२०८२). अर्थ मन्त्रालय.
आर्थिक सर्वेक्षण २०८२/८३. (२०८३). अर्थ मन्त्रालय.
दोस्रो आवधिक योजना. (२०८१). कोशी प्रदेश योजना आयोग.
नेपालको संविधान. (२०७२). कानून किताब व्यवस्था समिति.
पर्यटन नीति. (२०८२). नेपाल सरकार.
सोह्रौँ योजना . (२०८१). राष्ट्रिय योजना आयोग.

# नेपालमा संघीयतापछि स्थानीय तहमा सुशासन: यथार्थ र भावी दिशा



✍ उज्वल कार्की*

**सारसंक्षेप (Abstract):**
यस लेखमा संघीयता, स्थानीय शासन र सुशासनको सम्बन्धलाई केलाउँदै सुशासन कायम गर्न स्थानीय तहले हासिल गरेका उपलब्धि, भोगेका समस्या र भविष्यमा गर्नुपर्ने सुधारका उपायहरू प्रस्तुत गरिएको छ । नेपालको संविधानले सहकारितामूलक संघीयताको मान्यतालाई प्रयोगलाई आत्मसाथ गरी स्थानीय सरकारलाई लोकतन्त्र र सुशासनको प्रयोग तीनै तहका सरकारबाट कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । स्थानीय तहले एकल र साझा अधिकार पाएका छन् । स्थानीय सरकारका उपलब्धि र उनीहरूले प्रत्याभूत गरेको सुशासनको स्तरले संघीयताको भविष्य निर्धारण गर्दछ । स्थानीय तहहरूले संघीयता र समावेशी लोकतन्त्रलाई सन्निकटताको सिद्धान्तअनुरुप शासन, विकास र सेवा प्रवाहलाई जनताको घरदैलोमा पुऱ्याउने प्रयास गरिरहेका छन् । तथापि, वित्तीय असन्तुलन, अन्तरसरकारी समन्वयमा कमी, स्वार्थको द्वन्द्व, आर्थिक अनियमितताका कारण जनगुनासो बढिरहेका छन् । राजनीतिक, प्रशासनिक र वित्तीय संघीयताको सबलीकरण, सहभागितामूलक प्रणाली, क्षमता अभिवृद्धि, लोकतान्त्रिक मूल्यमान्यताको व्यावहारिक आत्मसात, अन्तर-सरकारी संयन्त्रहरूको सक्रियता र डिजिटल गभर्नेन्सको विस्तारबाट स्थानीय तहमा सुशासन कायम गर्न सहजता पुगेको हुन्छ । सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न स्थानीय तहमा सुशासनको कार्यान्वयन गर्नुको विकल्प छैन ।

**शब्दकुञ्जी (Key Words):** संघीयता (Federalism), सुशासन (Good Governance), स्थानीय शासन (Local Governance), कानूनको शासन (Rule of Law), सन्निकटता (Subsidiarity) ।

## १. विषय प्रवेश

नेपालमा गणतन्त्र स्थापना पश्चात् संघात्मक शासकीय व्यवस्था लागू भएसँगै स्थानीय सरकारको अवधारणा लागू भएकाले नेपालको लागि यो नयाँ अभ्यास हो । संघीयताको अवलम्बनसँगै तीनै तहका सरकारप्रति जनतामा अपेक्षा बढिरहेका छन् । जनताले अनुभूत गर्न सक्ने सरकार नै स्थानीय सरकार भएकाले सुशासन र विकासको सन्दर्भमा बढी अपेक्षा रहनु स्वाभाविक नै हो । स्थानीय सरकारले संघीयताको भविष्य र औचित्यता निर्धारण गरेको हुन्छ । वित्तीय दृष्टिले संघीयता मुलुकलाई आर्थिक व्ययभार बढाउने निकाय भएको र सुशासनको अवस्था कमजोर रहेको जस्ता भनाइले गर्दा संघीयताको औचित्य पुष्टि गर्ने जिम्मेवारी स्थानीय सरकारको कामकारबाहीमा भर परेको छ । स्थानीय सरकार लोकतन्त्रको प्रयोगशाला भएकाले प्रदान गर्ने सेवा प्रवाहको गुणस्तर समेत सरकारको सफलता वा असफलताको मापन गर्ने र सरकारप्रतिको धारणा बनाउने आधार समेत रहेको छ ।

*ना.सु., उच्च अदालत विराटनगर, धनकुटा इजलास ।

स्थानीय सरकारले हासिल गरेका अनुभवबाट पाठ सिकेर स्थानीय सरकारको भूमिकालाई मजबुद बनाउन तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्दै संघीयताका वित्तीय, प्रशासनिक र राजनीतिक आयामको सबलीकरण गर्न सरोकारवाला सबै क्रियाशील रहनुपर्ने देखिन्छ ।

## २. नेपालमा संघीयता, स्थानीय सरकार र सुशासनको सन्दर्भ

एउटै भूगोल तथा राजनीतिक प्रणालीभित्र बहुतहको सरकारले राज्य सञ्चालन गर्ने संवैधानिक सुनिश्चितता संघीयता हो । बाह्य हस्तक्षेपबाट जोगिनका लागि आपसमा समझदारी गरी संघीय ढाँचामा आबद्ध हुन वा जनतामा असन्तुष्टि नजागोस र आफ्नै भूगोलमा आबद्ध भएर रहन संघीयता अपनाएको पाइन्छ । यही क्रममा शासन व्यवस्थाका कतिपय अधिकारहरू जनताको नजिक रहेर प्रदान गर्ने पद्धतिको सुरुवात भयो । नेपालको सन्दर्भमा, नेपाल राज्यको अस्तित्वदेखि नै एकीकरण एवं अधिकारको विकेन्द्रीकरण गर्ने सिलसिलामा सरकारलाई जनताको निकट पुऱ्याउन तथा सामाजिक र क्षेत्रीय विविधताको व्यवस्थापन गर्न संघीयता अपनाएको देखिन्छ । नेपालमा २०६२/६३ को जनआन्दोलन पछि समावेशीता र राज्य पुनर्संरचनाको माग बढेसँगै सोही अनुरूप नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहसहितको संघीयता अपनाएको देखिन्छ ।

जनताको सबैभन्दा नजिकको शासकीय इकाइ स्थानीय तह हो । स्थानीय तह भन्नाले नेपालको संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ भनी नेपालको संविधानको धारा 306 ले परिभाषित गरेको पाइन्छ । सर्वसाधारणका लागि जनताको पीर मर्का बुझी सम्बोधन गर्नु नै सुशासन हो । स्थानीय तहका सरकारलाई भंग गर्न नसकिने र आवधिक निर्वाचन हुने व्यवस्थाले स्थानीय सरकारहरूको निरन्तरता सुनिश्चित भएको अवस्था छ ।

लोकतान्त्रिक मूल्यमान्यता अनुरूप जननिर्वाचित प्रतिनिधिद्वारा कानूनको निर्माण र त्यसको कार्यान्वयन, स्वतन्त्र सक्षम एवं निष्पक्ष न्यायपालिकाको सुनिश्चितता, आचरणयुक्त र नतिजामुखी प्रशासनको समष्टिगत अभ्यास लगायतका व्यवस्था नै सुशासन हो । सुरुवातमा विकासका साझेदारद्वारा सहायता प्रदान गर्ने शर्तका रुपमा १९८० को दशकमा विश्व बैङ्कद्वारा आएको यो अवधारणा आज सबै मुलुकले विधिको शासनदेखि दिगो विकाससम्मका अवधारणासहित राष्ट्रसंघद्वारा घोषित सहश्राब्दी घोषणाका लक्ष्य हासिल गर्ने तत्वको रुपमा रहेको छ ।

लोकतन्त्रबाट सिर्जना भएका लाभ तथा अवसरलाई तल्लो तहका जनतासम्म (Grass Roots) विस्तार गर्ने औजारको रूपमा संघीय शासन प्रणालीलाई लिइन्छ। संघीयताले संघीय इकाईहरूबीच अधिकार, स्रोतसाधन र जिम्मेवारी विभाजन गरी शक्ति विकेन्द्रीकरण गर्न सहयोग गर्दछ । सोही आधारमा स्थानीय शासनको विकासपश्चात् स्थानीय सरकार नागरिकसँग प्रत्यक्ष रूपमा शासन, विकास र सेवा प्रवाहमार्फत जोडिएर जनताको आवश्यकता सम्बोधन गर्दछन् । संघीयतामा स्थानीय तहलाई स्वायत्त (Self-Rule) र साझा अधिकार (Shared Rule) प्रदान गरिएको हुन्छ । स्थानीय तह क्षमतावान, पारदर्शी, जवाफदेही, उत्तरदायी र सक्षम नभएको खण्डमा जनताले संघीयताको औचित्यतामा प्रश्न उठाउँछन् । सुशासनका आधारभूत मान्यताले संघीय शासन र स्थानीय शासन दुवैलाई नतिजामुखी बनाई सुशासन कायम गर्न सहयोग गर्दछ । संघीयता संरचना, स्थानीय शासन प्रक्रिया र सुशासन परिणामको रूपमा एकअर्कामा निहित रहेका हुन्छन् । सुशासनका सिद्धान्तलाई संघीयताले स्थानीय तहसम्म पुऱ्याउने र स्थानीय सरकारले व्यावहारिक रूपमा आत्मसात एवम् कार्यान्वयन गरी जनतालाई सुशासनको अनुभूति दिलाउँछन् ।

## ३. सुशासन कायम गर्ने सन्दर्भमा विद्यमान रहेका मुख्य नीतिगत तथा कानूनी व्यवस्थाहरू

- सुशासन कायम गर्नका लागि नेपालको संविधानको प्रस्तावनामा उल्लेखित लोकतान्त्रिक मूल्यमान्यताहरुले जवाफदेही राज्य संयन्त्र निर्माणमा आधार प्रदान गरेका छन् । संविधानको कार्यान्वयनबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिएको पाइन्छ । कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्यमान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न राज्यको राजनीतिक उद्देश्य हुने, सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित मूल्यहरुको विकास गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुने, तीव्र आर्थिक वृद्धि सहितको दिगो आर्थिक विकास गर्ने, उपलब्धिहरुको न्यायोचित वितरण गर्दै असमानताको अन्त्य गरी समृद्ध अर्थतन्त्रको विकास गर्नु राज्यको आर्थिक उद्देश्य हुने संविधानले निर्देशक सिद्धान्त उल्लेख गरेको छ[1] । सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्वन गर्ने न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति लिइएको छ[2]। भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्न/गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको[3] साथै सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षणको लागि[4] महालेखा परीक्षक लगायतका व्यवस्था नेपालको संविधानले गरेको छ ।
- असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो छरितो, कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिलाउन[5] सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली कार्यान्वयनमा रहेको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि निर्धारण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा नियमावली कार्यान्वयनमा रहेको छ ।
- सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारण ऐन, २०५९ र नियमावली कार्यान्वयनमा रहेको छ ।
- अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ कार्यान्वयनमा रहेको छ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; सार्वजनिक खरिद ऐन, २०६३; सूचनाको हकसम्बन्धी ऐन, २०६४; लेखापरीक्षण ऐन, २०७५ लगायतका कानूनले आर्थिक कारोवारमा शुद्धता कायम गर्ने, बस्तु तथा सेवा वितरणमा पारदर्शीता र प्रभावकारिता ल्याउने, आर्थिक अनुशासन कायम गर्ने जस्ता विषयहरूको

---
[1] नेपालको संविधान, धारा ५०
[2] नेपालको संविधान, धारा ५१ (ट)
[3] नेपालको संविधान, धारा २३८ र ३९
[4] नेपालको संविधान, धारा २४० र ४१
[5] सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

व्यवस्था गरी सदाचार पद्धति स्थापनाका उद्देश्य राखेको पाइन्छ[६] ।

- तीनै तहका सरकारले वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारणका लागि प्रतिवद्धता, कार्यक्रमहरु घोषणा र कार्यान्वयन गर्दै आएका छन् ।
- संविधानले अङ्गीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न समृद्ध नेपाल, सुखी नेपालीको सोच सहित नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच, २१०० अगाडि सारेको छ। उक्त अवधिमा ५ वटा आवधिक योजना कार्यान्वयन गरिनेमा पन्ध्रौँ योजना कार्यान्वयन भइसकेको र सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखी सोह्रौं योजना कार्यान्वयनको क्रममा रहेको छ । सोह्रौं योजनाले राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्ने उद्देश्य राखेको साथै शासकीय सुधार तथा सुशासन प्रवर्द्धन सहित १३ वटा रूपान्तरणकारी क्षेत्र पहिचान, सुशासनका १० वटा, सामाजिक न्यायका १० वटा र समृद्धिका २० वटा सूचकसमेत निर्धारण गरेको छ ।
- तीनै तहका सार्वजनिक निकायबाट कार्यसम्पादनको क्रममा हुनसक्ने भ्रष्टाचारको पहिचान गर्दै सुशासन, विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सुधार गर्न सुशासन मार्गचित्र, २०८२ (Good Governance Blueprint) कार्यान्वयनमा रहेको छ ।

यसका साथै विभिन्न संघीय, प्रादेशिक र स्थानीय तहहरूले निर्माण गरेका नीति, ऐन, नियम, निर्देशिका, मार्गदर्शन, मापदण्ड, कार्यविधिहरूले समेत सम्बन्धित सार्वजनिक कार्य र सेवा वितरणमा निष्पक्षता, तटस्थता, इमान्दारिता र प्रभावकारिता ल्याई जनतालाई छिटो छरितो बस्तु वा सेवा वितरण गर्ने उद्देश्य राखेको पाइन्छ ।

## ४. स्थानीय तह सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा नेपालको संविधान धारा ४ ले परिभाषित गरेको छ । धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्यको संरचना हुने, राज्यशक्तिको प्रयोग तीन तहले नै संविधान तथा कानूनबमोजिम गर्ने व्यवस्था गरेको छ ।

सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) अनुरुप संविधानले स्थानीय तहको एकल अधिकार अनुसूची-८ मा र संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भएबमोजिम हुने गरी राज्यशक्तिको बाँडफाँट हुने धारा ५७ ले व्यवस्था गरेको छ ।

स्थानीय तहले आफ्नो अधिकारभित्रको विषयमा कानून बनाउने, बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने, कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने र नेपाल सरकारले संकलन गरेको राजस्व तीन तहलाई न्यायोचित रुपमा वितरण गर्ने धारा ५९ ले उल्लेख गरेको छ ।

नेपालको संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधीनमा रही गाउँ/नगरपालिकामा निहित हुने र धारा २२१ ले व्यवस्थापकीय अधिकार गाउँ/नगर सभामा रहने व्यवस्था गरेको छ ।

मुलुकले अङ्गीकार गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका गर्न, तीन तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका

[६] रिसाल, नारायणप्रसाद. (२०७७). भ्रष्टाचार नियन्त्रणमा नेपालः अवस्था र भावी दिशा (पराग पाँचौँ संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, पृष्ठ ४१६

लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणाअनुरूप समाजवाद उन्मुख शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गरी स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने संविधान एबम् अन्य प्रचलित कानूनहरूको मर्म रहेको देखिन्छ । स्थानीय शासन सञ्चालन र सहजीकरणका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आधारभूत कानूनको रूपमा रही कार्यान्वयनमा रहेको छ ।

## ५. नेपालमा सुशासन प्रवर्द्धनका लागि स्थानीय सरकारको भूमिका, योगदान र उपलब्धि

धेरै समस्याका बावजुद पनि स्थानीय सरकारले केही कामहरु गर्ने प्रयत्न गरेका र सरकारको औचित्यता पुष्ट्याईं गर्न तत्पर रहेका छन् । समग्रमा सुशासन प्रर्वद्धनका लागि स्थानीय तहको भूमिका, योगदान र उपलब्धि निम्नानुसार रहेका छन् ।

- ❖ नेपालको संविधान अनुसूची-८ र अनुसूची-९ ले प्रदान गरेको आफ्ना एकल तथा साझा अधिकारका विषयहरूमा संविधानको मर्मअनुरुप स्थानीय तहले जननिकटतम सरकारको रूपमा कानून निर्माण, वित्तीय, भौतिक, प्राविधिक एबम् मानवीय स्रोत साधनको अधिकतम परिचालन गरी शासन, विकास निर्माण र विस्तार तथा सेवा प्रवाह गरिरहेका छन् ।
- ❖ लोकतान्त्रिक मूल्यमान्यताअनुरूप स्थानीय जनताको इच्छा र आवश्यकतालाई समेत मध्यनजर गरी प्राथमिकताका आधारमा सहभागितामूलक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन गर्ने लगायतका विविध कार्यहरू स्थानीय तहले सम्पादन गरिरहेका छन् ।
- ❖ संवैधानिक मूल्यमान्यता, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ एवम् अन्य प्रचलित कानूनबमोजिम तीन तहका अन्तरसम्बन्धका आधारलाई आत्मसात गरी स्थानीय सरकारले नागरिकसमक्ष लोकतन्त्र र सुशासनको मान्यतालाई मध्यनजर गरेर आफूलाई परिष्कृत बनाउँदै लगेका छन् । ७५३ वटै स्थानीय तहले प्रादेशिक र संघीय दीर्घकालीन सोच, आवधिक योजना र दिगो विकाससँग अन्तरसम्बन्ध कायम गरी स्थानीय तहले आफ्नो लागि योजना, बजेट नीति निर्माण र कार्यान्वयन गरिरहेका छन् ।
- ❖ स्थानीय सरकारी सेवा व्यवस्थापनका लागि नेपालको संविधान धारा २४४ बमोजिम प्रदेश लोक सेवा आयोग गठन गर्नुका साथै कर्मचारी समायोजन समेत गरी सेवा प्रवाहको व्यवस्था गरिएको छ । केन्द्रबाट प्रदान हुँदै आएका सेवाहरु सन्निकटताको सिद्धान्त अनुरुप स्थानीय सरकारबाट प्रवाह हुँदै आएका छन् । सेवा प्रवाहमा जनतासँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने, सम्बोधन गर्ने प्रणालीको विकास र सुधारका प्रयासहरु भएका छन् ।
- ❖ समानता, समता, समावेशीता, सहभागितामूलक प्रतिनिधित्व, जनसहभागिता र सामाजिक न्यायको प्रत्याभूतिलाई संघीयताको उपज मान्न सकिन्छ । नेपालको संविधानले सार्वजनिक निकायमा कम्तिमा एकतिहाई महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको, स्थानीय तहमा दलित र अल्पसङ्ख्यक लक्षित वर्ग तथा समुदायको प्रतिनिधित्व कायम गरिएकाले निर्णय निर्माण प्रक्रियामा समावेशीता बढाएको छ। यो नै Inclusive Democracy को सुन्दर पक्ष हो ।
- ❖ आफ्नो स्थानीय तहको आवश्यकतालाई मनन् गरी अभियानहरु (जस्तैः उज्यालो गाउँपालिका, पकेटक्षेत्र घोषणा, कर्जा कार्यक्रम, सीपमूलक तालिम, अनुदान, पर्यटन प्रवर्द्धनका लागि कोशी महोत्सव, फोहोरलाई मोहर बनाउने अभियान, महिला स्वरोजगार कार्यक्रम, युवा उद्यम कार्यक्रम आदि सञ्चालन गरेका छन्। पूर्वाधार

विकास, शिक्षा र स्वास्थ्य व्यवस्थापन, कृषि, सिँचाइ, खानेपानी) लगायतका बहुआयामिक क्षेत्रहरुमा सेवा प्रवाह गर्दै पूर्वाधार विकास गरी नागरिकले सरकारको अनुभूति गर्न सक्ने वातावरण सिर्जना गरेका छन् । स्थानीय स्रोतसाधनको परिचालनमार्फत समुदाय साझेदारीमा आधारित विकास गरी दिगो आर्थिक वृद्धि र विकास हासिल गर्ने अवसर स्थानीय सरकारलाई सिर्जना भएको छ ।

- ❖ तीन तह र सरोकारवालासँग समन्वय र सहकार्य गर्दै स्थानीय तहले सहभागितामूलक योजना तथा कार्यक्रमहरु, विकास र नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा आफ्नो भूमिका निर्वाह गर्न कसरत गरिरहेकै देखिन्छन् । स्थानीय स्रोत साधनको संरक्षण र दिगो परिचालनमार्फत आर्थिक आत्मनिर्भरतातर्फ कदम चाल्दै अर्थतन्त्रलाई चलायमान बनाउन योगदान पुऱ्याएका छन् ।
- ❖ विद्युतीय शासन (e-governance) को अग्रसरतासँगै अभिलेख व्यवस्थापन, राजस्व संकलन, खरिद प्रक्रियामा e-procurement, पालिकाको अनलाईन वेवसाईट लगायतका क्रियाकलापहरुले सेवामा डिजिटलाइजेसन बढ्न गई Paperless प्रणालीमा सुधार हुँदै पारदर्शीता अभिवृद्धि भएको छ ।

उल्लिखित भूमिका, योगदान र उपलब्धिहरूले स्थानीय सरकारलाई सुशासन कायम गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र विकास प्रक्रियालाई पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउन आधार प्रदान गरेका छन् ।

## ६. विभिन्न अन्तराष्ट्रिय सूचकमा नेपालको स्थान, स्थानीय तह र सुशासनको अवस्था

पछिल्लो समयमा विभिन्न अन्तर्राष्ट्रिय निकायहरूले प्रकाशन गरेका सूचकाङ्कहरूलाई हेर्दा; नेपाल Corruption Perceptions Index (2025) मा ३४ अंकसहित १०९ औं स्थान[7], मानव विकास सूचकाङ्क (2025) मा ०.६२२ अंकसहित १४५ औँ स्थान[8], विधिको शासन सूचकाङ्क (2025) मा ६८ औँ स्थान[9], भोकमरी सूचकाङ्क (2025) मा ७२ औं स्थान[10], विश्व खुशी सूचकाङ्क (2026) मा ९९ औं स्थान[11], आतङ्कवादी गतिविधि सूचकाङ्क (2026) मा ८९ औं स्थान[12], दिगो विकास सूचकाङ्क (2025) मा ८५ औं स्थान[13] र विश्व शान्ति सूचकाङ्क (2026) मा १११ औं स्थानमा[14] रहेको देखिन्छ ।

Financial Action Task Force ले अपराधबाट आर्जन हुने सम्पत्तिले निम्त्याउने जोखिमवारे थप संवेदनशील र जोखिमहरु नपहिल्याएको, जोखिमको पहिचान गरी त्यसमा आधारित अनुगमन र निगरानीलाई नबढाएको, उच्च जोखिममा रहेका क्षेत्रलाई कारोबारमाथि निगरानीको अवस्था कमजोर रहेको, निगरानीमा राज्यका निकायहरु कमजोर रहेको, आतङ्कबादमा वित्तीय लगानी लगायतका जोखिम रहेको सात बुँदे कारणहरु औँल्याउँदै नेपाललाई Grey List मा राखेको छ ।[15]

माथिका सूचकाङ्कहरुमा नेपालको विद्यमान अवस्था र नेपाललाई Grey List मा पर्नाले हाम्रो समग्र शासन, विकास र सेवा प्रवाह एबम् लोकतान्त्रिक मूल्यमान्यताको कार्यान्वयनमा कमीकमजोरी रहेको देखाउँछन् । यो जनताले व्यवहारमा महसुस गर्ने सुशासनको कमीको प्रतिविम्ब नै हो। तीन तहकै साझा एजेण्डा सुशासन रहेको

[7] *https://www.transparency.org/en/cpi/2025*
[8] *https://hdr.undp.org/data-center/specific-country-data#/countries/NPL*
[9] *https://worldjusticeproject.org/rule-of-law-index/global/2025/Nepal/*
[10] *https://www.globalhungerindex.org/nepal.html*
[11] *https://www.happierlivesinstitute.org/2026/03/19/world-happiness-report-2026*
[12] *https://www.visionofhumanity.org*
[13] *https://dashboards.sdgindex.org/rankings/*
[14] *https://www.visionofhumanity.org*
[15] सम्पत्ति शुद्धीकरण: ग्रे लिस्टका कारण नेपाललाई पर्ने नकारात्मक असर. BBC News नेपाली. *https://www.bbc.com/nepali/articles/c1d4pxwpqnzo*

सन्दर्भमा सुशासन प्रत्याभूत गराउने प्रारम्भिक बिन्दु (Starting Point) का रूपमा नागरिकसँग जोडिएको स्थानीय तह/सरकारको भूमिका बढी रहन्छ ।

**७. सुशासन प्रवर्द्धनका क्रममा स्थानीय तह/सरकारमा देखिएका विद्यमान यथार्थ र प्रमुख समस्याहरु**

संविधान र संघीयताको मर्म एबम् जनअपेक्षालाई आत्मसात् गर्दै कतिपय स्थानीय तहहरूले शासन सञ्चालन गरेको भएता पनि केही स्थानीय तहले संविधानले परिकल्पना गरेको सुशासनको एजेण्डा कार्यान्वयन गर्न नसकेको अवस्था समेत रहेको देखिन्छ। समग्र परिदृश्यलाई मध्यनजर गर्दा, केही स्थानीय तहहरूमा भइरहेका रचनात्मक र उदाहरणीय अभ्यासहरूले आशा जगाउने आधार प्रदान गरेका छन् । यस अवस्थामा स्थानीय तहमा देखिएका विद्यमान यथार्थ र समस्या निम्नानुसार रहेका छन् ।

- Deepening Democracy र संघीयताको मियो/खम्बाको रूपमा स्थानीय सरकारलाई संविधानले भूमिका प्रदान गरेकोमा संघीय सरकारले दिने भनिएका अधिकारहरुको प्रभावकारी हस्तान्तरण नभएपछि प्रदेश र स्थानीय सरकारहरू अपेक्षित रूपमा सबल हुन सकेका छैनन् । स्थानीय सरकारप्रति प्रदेश र संघीय सरकारको Big Brother मानसिकताले तहगत विश्वास र सहकार्य कमजोर रहेको देखिन्छ। स्थानीय तहलाई स्वायत्त र सक्षम शासकीय इकाइको रूपमा स्वीकार गरी सहयोग गर्नुको सट्टा "यो गर्न सक्छ कि सक्दैन?" भन्ने शंका र नियन्त्रणमुखी व्यवहार हावी हुँदा स्थानीय सरकारको निर्णय र कार्यक्षमता झन् कमजोर बन्न पुग्दछ । यसले सहकारितामूलक संघीयताको मर्म अनुसारको भावना विकास हुन नदिई जिम्मेवारी कार्यान्वयनमा ढिलाइ, दोहोरो संरचना र द्विविधा सिर्जना गरेको छ ।
- स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका एकल अधिकारमा प्रदेश र संघीय कानूनसँग नबाझिने गरी कानून त बनाउन सक्छन् तर साझा अधिकारका विषयमा संघीय र प्रादेशिक कानून समयमा निर्माण नगर्दा स्थानीय तह अलमलमा परेका छन् । संघीय निजामती सेवा ऐन, शिक्षा ऐन अहिलेसम्म खिचडी बनाउँदा कर्मचारीहरुमा असन्तुष्टि देखिएको छ। अन्तत: यसको असर र प्रभाव सेवाग्राहीमा नै पर्ने देखिन्छ ।
- नेपालमा राजनीतिक, प्रशासनिक र वित्तीय संघीयताका तीनवटै आयामहरुबीच असन्तुलन रहेको अवस्था देखिन्छ । स्थानीय तहहरू सम्पन्न नहुँदा संघीय तथा प्रदेश सरकारले उपलब्ध गराउने सीमित अनुदानमा निर्भर हुनुपरेकका यस्ता गतिविधिले स्थानीय तहको स्वायत्तता र कार्यक्षमतामा प्रभाव पार्दछ । अर्कोतर्फ, स्थानीय तहले पनि वित्तीय आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन रणनीतिक योजना निर्माण गर्न सकेको पनि देखिँदैन । सामान्यतय कर तिरेपछि सेवा पाउनुपर्छ भन्ने नागरिकको अपेक्षा हुनु स्वभाविक नै हो । आफूसँग भएको स्रोतसाधनको प्रभावकारी परिचालन गर्न नसक्दा, लक्ष्य अनुरुप राजस्व सङ्कलन गर्न नसक्दा स्थानीय सरकारले संघ र प्रदेशको मुख ताकेर बस्न बाध्य भई जनआकाङ्क्षालाई सम्बोधन गर्न असमर्थ रहेको तितो यथार्थ विद्यमान रहेको छ ।
- महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनले लेखापरीक्षण भएका ७२१ स्थानीय तहहरुको आय रु.६३३.४० अर्बमध्ये करिब रु.५५९ अर्ब (८८.३५%) खर्च भएको देखिएको छ । पूँजीगत खर्च २५.४६% मा सीमित रहेको, चालु खर्च आन्तरिक आय र राजस्व बाँडफाँटको तुलनामा २.३ गुणा बढी भएको देखाएको छ । यसबाट स्थानीय तहहरुले आफ्नो वास्तविक स्रोत र क्षमताअनुसार प्रशासनिक खर्च धान्न सक्ने गरी यथार्थपरक बजेट निर्माण गर्ने कानूनी प्रावधानको पालना कमजोर रहेको र वित्तीय असन्तुलनलाई देखाएको छ। स्रोत सुनिश्चितता बिना घाटा बजेट बनाउने प्रवृत्तिले तत्कालीन आवश्यकताहरु पुरा गरेजस्तो देखिएतापनि

दीर्घकालीन दायित्वको जोखिम बढाउँछ ।

❖ महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनले स्थानीय तहतर्फ बेरुजु १.७२% रहेको, अद्यावधिक बाँकी बेरूजु २२० अर्ब रहेको, गत वर्ष ३२७(४३.४३%) स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष २६७(३७.१७%) स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएका, २९३ स्थानीय तहले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गरेका छैनन्। २१९ स्थानीय तहले रु. ७.५६ अर्ब अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको देखाएको छ । पदाधिकारी सेवासुविधामा अनियमितता, बढी भुक्तानी गरेको साथै बेरुजु असुलीको अवस्था सन्तोषजनक नरहेको प्रतिवेदनले उल्लेख गरेको छ । यस्तो प्रवृत्तिले राजनीतिक नेतृत्व र कर्मचारी दुवैमा वित्तीय अनुशासन, नैतिकता र सदाचार पालनामा कमी रहेको देखाउँछ ।

❖ राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र नै सुशासन कायम गर्न मुख्य जिम्मेवारी वहन गर्ने पात्र हुन् । कुशासन र संघीयताको गलत अपव्याख्याको जिम्मेवारी राजनीति र प्रशासन सबैले लिनैपर्छ । पल्लाघरलाई दोषारोपण गरेर आफू निर्दोष देखिने प्रवृत्ति राम्रो होइन । व्यवहारमा धेरै स्थानीय तहहरूमा बुझाइमा अतिवाद हावी भएको हो कि? कर्मचारीतन्त्रमा स्थायी सरकारको दम्भ; कमजोरी राजनीतिक नेतृत्वलाई थोपर्ने र शासनको बागडोर समालेको नेतृत्वमा पनि आफ्ना दायित्व र भूमिका बारे सचेत नरही कर्मचारीतन्त्रमाथि दोषारोपण गर्ने, प्रशासनिक निर्णयमा हस्तक्षेप गर्ने तथा नीति र कानून निर्माणमा अपेक्षित संवेदनशीलता नदेखाउने जस्ता प्रवृत्ति विद्यमान छन् ।

❖ प्रशासनिक आयामलाई हेर्दा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाइने गरेको छ । मन्त्रालयले "खटाइएको स्थानीय तहहरुमा हाजिर नभएका कारण सेवाप्रवाहमा गम्भीर असर परेको भनी स्थानीय तहबाट गुनासाहरु आइरहेकोले खटाइएका कर्मचारीहरुलाई सात ७ दिनभित्र हाजिर हुन अन्यथा कानूनबमोजिम कारबाही गरिने"[16] भनी हालै सूचना प्रकाशन गरेको छ । फेरि, समयमा प्रमुख प्रशासकीय अधिकृत नपठाइदिने, पठाइएतापनि छिटोछिटो सरुवा गरि दिने गुनासो स्थानीय तहले व्यक्त गरिरहेकै छन् । त्यसैगरी, वडा कार्यालयहरू स्थानीय सेवाका मुटु भएपनि धेरैजसो वडा कार्यालयमा जनशक्तिको अभाव देखिन्छ; अड्को पड्को तेलको धुप भनेझैँ प्राविधिक कर्मचारी (लेखा, सब इन्जिनियर, इन्जिनियर, कम्प्युटर अपरेटर) र करारका कर्मचारीले वडा सचिवको जिम्मेवारी धानिरहेका देखिन्छन् ।

❖ अधिकांश स्थानीय तहहरूले आवधिक योजना निर्माण नगरेका, योजना बनाएका स्थानीय तहहरुले पनि सतही विषयवस्तु मात्र समेटेका, केही तहले असार १० र असार मसान्तसम्म पनि बजेट पारित नगरेका दृष्टान्तहरु पाइन्छन् । यस्ता अभ्यासहरु सुशासनको दृष्टिकोणबाट सार्वजनिक उत्तरदायित्व र जवाफदेहिताको मापदण्डसँग मेल खाने देखिँदैनन् ।

❖ जिल्ला समन्वय समितिसँग दण्ड र पुरस्कार तथा वित्तीय एवं प्रशासनिक शक्ति नरहेकोले जिल्ला समन्वय समिति त्यति प्रभावकारी रहेको देखिँदैन ।

❖ आफू शक्तिमा रहेको समयमा जनप्रतिनिधि र कर्मचारीले आफ्नो पकेट क्षेत्रमा बजेट र कार्यक्रमको ठूलो हिस्सा विनियोजन गर्ने, Lobbying गर्ने Common Pool Problem स्थानीय सरकारमा देखिएको छ । मेयर वडाध्यक्षको घर नजिकैको बाटो छिटो पिच हुनु यसका उदाहरण हुन् । असारे दौडधुप र डोजरे विकासको प्रवृत्ति पनि त्यत्तिकै हावी देखिन्छ ।

[१६] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को मिति २०८३/०१/२२ गतेको हाजिर हुन जाने बारे अत्यन्त जरुरी सूचना

- ❖ स्थानीय तहले स्रोतसाधन, अवसर, पहुँच, क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिने कार्यक्रमका लाभमा लक्षित समुदाय/क्षेत्रका टाठाबाठा/तरमारा वर्गहरु (Elite Capture) ले लिने गरेको र वास्तविक लक्षित वर्ग उपेक्षित भएको देखिन्छ ।
- ❖ संघीयता लागू भएसँगै गण्डकी प्रदेशका स्थानीय तहका नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखहरुसँग गरिएको छलफलमा स्थानीय तहहरुले भोगिरहेका समस्याहरुमा कर्मचारी अभाव र टिकाउन नसकिनु, कानून निर्माणमा कठिनाइ, न्यून बजेट तथा वित्तीय स्रोतको अभाव, प्राविधिक विज्ञताको कमी, भौगोलिक विकटता, पूर्वाधारको अपूरोपन, तीन तहबीच समन्वयको कमी, स्पष्ट नीति निर्देशनको अभाव, कर प्रणालीमा अस्पष्टता र संकलनमा समस्या, योजना निर्माण तथा प्राथमिकीकरणमा चुनौती, प्रशासनिक जटिलता, जनसहभागिता जुटाउन कठिनाइ, संघीयताको स्पष्ट बुझाइको अभाव, संघ र प्रदेशबाट समयमै सूचना तथा बजेट नआउने, केन्द्रीकृत मानसिकता, कर्मचारी समायोजन र सरुवामा अस्थिरता, प्रोत्साहन प्रणालीमा कमजोरी, सामाजिक आर्थिक असमानता र सेवा सुविधामा पहुँचको सीमितता प्रमुख रूपमा देखिएका छन्[17]। वास्तवमा Ground Reality मा देखिएका समस्याहरू यीनै हुन् ।

## ८. सुशासन प्रवर्द्धनका क्रममा स्थानीय तहमा देखिएका विद्यमान समस्या समाधानका उपायहरु

स्थानीय तहलाई संविधानले प्रदान गरेको जिम्मेवारी पालना गरी सुशासन कायम गर्नको लागि माथि उल्लेखित समस्याका आधारित रहेर निम्न समाधानका उपायहरु प्रस्तुत गरिएको छ ।

- ❖ स्थानीय तहलाई सक्षम बनाउन समस्या भोग्ने तहबाटै संकलन र सम्बोधन गर्ने प्रणाली विकास गर्दै विशेषगरी अन्तर-सरकारी सम्बन्ध (IGR) संयन्त्रहरू (प्रदेश समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, अन्तरप्रदेश परिषद् र जिल्ला समन्वय समिति) लाई सुदृढ र सक्रिय बनाई स्थानीय तहका समस्यामा समयमै पहिचान, समाधान र समन्वयको सुनिश्चितता गरी यी निकायहरुको भूमिकालाई अझ परिणाममुखी बनाउनु पदर्छ । विद्यमान समन्वयकारी निकायलाई जति क्रियाशील गर्न सक्यो अन्तरतह सम्बन्ध त्यति नै प्रभावकारी हुन्छ ।
- ❖ सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई संस्थागत गर्ने तथा दोहोरो अधिकार क्षेत्र हटाउन कानूनमा नै पुनरावलोकन गर्नुपर्दछ ।
- ❖ साझा अधिकारका सूचीमा रहेका विषयमा बन्न बाँकी संघीय र प्रादेशिक कानून जति छिटो बन्न सक्यो त्यति नै संघीयताको अभ्यासमा रहेका अन्योलता घट्दै जानेछन् । तीनै तहका कर्मचारीहरुलाई समेटिने गरी तत्कालै छाता ऐनको रूपमा संघीय निजामती सेवा ऐन निर्माण र कार्यान्वयन गर्ने, कर्मचारी वृति विकास, सरुवा बढुवा र कारबाहीमा पारदर्शीता कायम गर्ने, करार प्रणाली सुधार गर्ने तथा सेवा प्रवेशदेखि नै संघीयता, नैतिकता सदाचारीता र सुशासन सम्बन्धी तालिम अनिवार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।
- ❖ संघीयता कार्यान्वयनको लागि वित्तीय संघीयताको सुधार अनिवार्य शर्त हो। कर प्रणालीलाई वैज्ञानिक, पारदर्शी र करदातामैत्री बनाउने, करको दायरा विस्तार गर्ने, कर सङ्कलन क्षमता वृद्धि गर्न e-Revenue System को विस्तार र पूर्ण कार्यान्वयन गर्ने, स्थानीय करका स्रोतहरुको पहिचान र प्रभावकारी परिचालन एबम् संघीय तथा प्रादेशिक वित्तीय हस्तान्तरणलाई नतिजामुखी बनाई स्थानीय तहको वित्तीय स्वायत्तता र आत्मनिर्भरता सुदृढीकरण गर्न सकिन्छ । साथै, Local Governance Performance Assessment System लाई सूचक बनाई सोबाट प्राप्त नतिजाका आधारमा सेवा प्रवाह, सुशासन, पारदर्शीता र जवाफदेहीता सुधार गर्दै

[17] *https://nagariknews.nagariknetwork.com/opinion/173588-1552617300.html*

त्यसलाई वित्तीय हस्तान्तरणसँग आबद्ध गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

- वित्तीय अनुशासन र पारदर्शीता कायम गर्न आन्तरिक लेखापरीक्षणलाई अनिवार्य बनाउने, बेरुजु नियन्त्रणका लागि Real Time Expenditure Monitoring प्रणाली लागू गर्ने, आन्तरिक लेखापरीक्षण र बेरुजुको अवस्थालाई वित्तीय हस्तान्तरण तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने, PAMS को अनिवार्य प्रयोग सुनिश्चित गर्ने तथा अनियमित भुक्तानीमा कारबाही गर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्दछ ।
- राजनीति र प्रशासनबीचको Political Dichotomy लाई सन्तुलित रूपमा व्यवस्थापन गर्दै राजनीतिक तटस्थता र प्रशासनिक प्रतिबद्धता संस्थागत गर्ने, राजनीतिक नेतृत्वलाई नीति निर्माण र रणनीतिक नेतृत्वमा केन्द्रित गर्ने, कर्मचारीतन्त्रलाई व्यवसायिकता र निष्पक्षतामा जिम्मेवार बनाउने, सूचकमा आधारित वस्तुनिष्ठ कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गर्ने, राजनीति र कर्मचारीबीच पूरकता र सहकार्यमा आधारित सम्बन्ध स्थापित गर्ने संस्कारको विकास गर्नुपर्छ ।
- प्रमुख प्रशासकीय अधिकृतको न्यूनतम कार्यावधि तोकेर खटाउने र खटाइएका कर्मचारी समयमै हाजिर नभएमा कानूनी कारबाही गरी प्रमुख प्रशासकीय अधिकृतलाई संघ र स्थानीय तह दुवैप्रति उत्तरदायी बनाउनु पर्दछ । वडा तहमा देखिएको जनशक्ति अभाव पूर्ति गर्न समयमै प्रदेश लोकसेवामार्फत नियमित पदपूर्ति गर्ने व्यवस्था मिलाउनका साथै, कर्मचारीको क्षमता बढाएर स्थानीय तहमा प्रशासनिक संघीयता सुदृढ गर्न सकिन्छ ।
- योजना तर्जुमा गर्दा Bottom-up Planning एबम् सहभागितामूलक योजना छनोट प्रक्रिया लागू भए पनि प्रभावकारिता सन्तोषजनक नदेखिएको हुँदा त्यसलाई परिणाममुखी बनाउने, सबै स्थानीय तहमा आवधिक योजना निर्माण अनिवार्य गर्ने, समयमै बजेट पेस नगर्ने अभ्यासलाई निरुत्साहित गर्ने तथा योजनालाई तथ्य, यथार्थपरक र कार्यान्वयनमुखी बनाउने नीति अवलम्बन गर्नुपर्छ। त्यसैगरी स्थानीय तहले स्रोतसाधन, अवसर, पहुँच, क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिने कार्यक्रमका लाभमा Elite Capture/Creamy Layer रोक्न समावेशीकरणको Double Disadvantage Theory को व्यवहारगत अवलम्बन गर्नुपर्दछ ।
- स्थानीय तहमा बजेट तथा कार्यक्रम विनियोजन प्रक्रियालाई सहभागितामूलक बनाउनु पर्दछ । पकेट एरिया केन्द्रित Lobbying लाई रोक्न (जनसंख्या, गरिबीको अवस्था, पूर्वाधारको पहुँच) जस्ता व्यावहारिक सूचकका आधारमा बजेट बाँडफाँट गर्ने, बजेट तथा खर्च विवरणलाई Common Pool Problem नियन्त्रण गर्न विद्युतीय शासनको प्रयोग गर्नुपर्दछ । बहुवर्षीय योजना प्रणाली लागू गरेर असारे दौडधुप र डोजरे विकास प्रवृत्तिलाई कमी गर्न सकिन्छ । आर्थिक वर्षको सुरुवातीमै खरिद प्रक्रिया अगाडि बढाउने कार्यसम्पादन मूल्याङ्कनलाई खर्चको आधारमा नतिजा र गुणस्तरमा आधारित बनाउनु पर्दछ ।
- प्रविधिमा आधारित सुशासन प्रवर्द्धन गर्न सम्पूर्ण सेवा e-Governance र Digital Governance प्रणालीमा रूपान्तरण गर्ने, एकद्वार सेवा प्रणाली (Single Window Service) विस्तार गर्नुपर्छ ।
- जनसहभागिता र सामाजिक उत्तरदायित्व सुदृढीकरण गर्न सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण प्रक्रियालाई कागजमा सीमित नराखी व्यवहारमा अनुभूत हुने गरी कार्यान्वयन गर्ने नियमित र अनिवार्य गरी प्रभावकारी बनाउने, Proactive Disclosure मार्फत पारदर्शीता प्रवर्द्धन गर्ने, गुनासो व्यवस्थापन प्रणालीलाई कर्मचारी वृत्ति विकासमा जोड्नका लागि Citizen Satisfaction Index लागू गर्ने व्यवस्था गर्नुपर्छ ।
- नीतिगत तहमा गरिने सुधारहरु यथार्थपरक बनाउन यस्ता समस्या भोग्ने तहबाटै प्राप्त सुझाव र अनुभवका आधारमा सम्बोधन गर्नु आवश्यक हुन्छ । माथि उल्लेख गरिएका गण्डकी प्रदेशको स्थानीय तहले भोगेका समस्या, अनुभव र सिकाइलाई जस्तै आधार मानी अन्य प्रदेशहरु तथा संघीय सरकारले समेत स्थानीय तहका

वास्तविक समस्यालाई नीति सुधारको आधार बनाउनुपर्छ ।

- ❖ राजनीतिक र प्रशासनिक व्यवहारगत सुधार गर्ने नैतिकता र सदाचारमा आधारित सुशासनको संस्कार विकास गरी पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्वलाई संस्थागत गर्ने, नागरिक सम्प्रभुताको मान्यताअनुरूप सार्वजनिक पदाधिकारीलाई पद जिम्मेवारीका रूपमा ग्रहण गर्ने संस्कार विकास गर्ने तथा निरन्तर क्षमता अभिवृद्धि र सशक्तीकरणको व्यवस्था गर्नुपर्छ ।
- ❖ नैतिक शिक्षा, आचरण, अनुशासन र निष्ठाको संस्कृति विकास गर्ने, राजनीतिक र प्रशासनिक प्रणालीमा शुद्धीकरण गर्ने, जिम्मेवारीको संस्कृति निर्माण गर्ने, नीतिगत तथा कानूनी सुधार, औपचारिक अर्थतन्त्रको विकास गर्ने, सदाचारी नेतृत्व र क्षमता अभिवृद्धि गर्ने, अनुसन्धानमा शीघ्रता र प्रभावकारिता अभिवृद्धि गर्ने साथै सरोकारवालाहरूसँग सहकार्य र साझेदारी गरी[18] सुशासन कायम गर्न सकिन्छ ।
- ❖ स्रोतसाधन, संस्थागत संरचना तथा जनशक्ति व्यवस्थापन गर्ने, कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने, क्षमता अभिवृद्धि गर्ने, कार्यप्रणालीलाई सरलीकरण गरी सेवाग्राही मैत्री बनाउने, सहभागितामूलक योजना तर्जुमा गर्ने, विकास प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउने, पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्ने, प्रविधिको उपयुक्त संयोजन गर्ने, स्थानीय तहको योजनालाई राष्ट्रिय योजनासँग आबद्ध गर्ने, नागरिक सचेतना केन्द्रको विस्तार गरी स्थानीय तहलाई सक्षम सेवा प्रवाह इकाइको रूपमा विकास गर्न सकिन्छ[19] ।

## ९. उपसंहार

संघीयताको कार्यान्वयन स्थानीय शासन प्रक्रिया र सुशासन परिणामले प्रभावकारी बनाउछ । नेपालमा संघीयताको कार्यान्वयनसँगै स्थानीय सरकार जनताको नजिकको सरकारको रुपमा स्थापित भएको छ । संघीयतामा सुशासनको प्रगति सम्मिश्रण भएपनि संघीय इकाइका सबै सरकारहरुले शासन, विकास र सेवा प्रवाहमा जनअपेक्षित गति लिन सकेको देखिँदैन। विशेषत जेन जी (Gen Z) पुस्ताले लोकतान्त्रिक मूल्यमान्यता र सुशासनको आवाज उठाइरहेको अवस्थामा केन्द्रिकृत शासन प्रणाली कायम रहँदा जनताको अपेक्षा पुरा गर्न कठिनाइ रहेको छ । शासकीय नेतृत्वकर्ता र सार्वजनिक पदाधिकारीहरुमा नैतिकता, संस्कार र असल आचरणको अपेक्षा गरेका छन् । संविधानले स्थानीय तहलाई दिएका जिम्मेवारी पुरा गर्न राजनीतिक, प्रशासनिक र वित्तीय चुनौतीहरू विद्यमान रहेका छन् । तीनै तहका सरकार, जवाफदेहिता, पारदर्शीता, जनसहभागिता र उत्तरदायी संस्कृतिको विकास एवम् वित्तीय संघीयतासँगै अन्य आयामको सबलीकरण नै सुशासनको आधार हो । पारदर्शीता, जवाफदेहिता, जनसहभागिता, र उत्तरदायित्वलाई व्यवहारमा रूपान्तरण गरी सुशासन कायम गर्न सकिएमा स्थानीय शासन प्रणालीले अपेक्षित नतिजा दिन सक्छ । अत: सुशासनको प्रारम्भिक बिन्दु स्थानीय तहबाटै सुरुवात गरी तीनै तहका सरकार एवम् सरोकारवालाबीच समन्वय, सहकार्य र सहअस्तित्वबाट मात्रै सोह्रौं योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोच हासिल गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री

नेपालको संविधान ।

दीर्घकालीन सोच, 2100 ।

सोह्रौँ योजना ।

---

[१८] रिसाल, नारायणप्रसाद. (२०७७). भ्रष्टाचार नियन्त्रणमा नेपालः अवस्था र भावी दिशा (पराग पाँचौं संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन ।

[१९] भट्टराई, महेश. (२०७७). सहसचिव (प्रशासन) लिखित परीक्षा तयारीका लागि संग्रहित सामाग्री: प्रथम पत्रः शासकीय प्रबन्ध र विकास ।

महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदन, सारांश-२०८३ ।

सुशासन मार्गचित्र, २०८२ (Good Governance Blueprint) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ ।

लेखापरीक्षण ऐन, २०७५ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ ।

सार्वजनिक खरिद ऐन, २०६३ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ।

ढकाल, झंकनाथ. (२०७१). *सुशासनको अवधारणा र अवलम्बनका अभ्यासहरू.* https://nkcs.org.np/nja/library/opac_css/index.php?lvl=notice_display&id=2865

थारु खुशीप्रसाद. (2077). *नेपालको संघीय प्रणाली*(पराग पाँचौ संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन।

पराजुली, जगदिश. (२०७७). स्थानीय तहमा विद्यमान समस्याहरु. प्रशासन. https://www.prasashan.com/2020/09/10/195530/

पौडेल, बालानन्द. (2077). *नेपालमा वित्तीय संघीयता सरल प्रश्न तर कठिन उत्तर* (पराग पाँचौ संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन ।

भट्टराई, महेश. (2077). *सहसचिव (प्रशासन) लिखित परीक्षा तयारीका लागि संग्रहित सामाग्री: प्रथम पत्रः शासकीय प्रबन्ध र विकास ।*

रिसाल, नारायणप्रसाद. (2077). *भ्रष्टाचार नियन्त्रणमा नेपालः अवस्था र भावी दिशा* (पराग पाँचौँ संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन ।

सुवेदी, सोमलाल. (२०७५). स्थानीय तहका ७७ समस्या. *Nagarik News.* https://nagariknews.nagariknetwork.com/opinion/173588-1552617300.html

खनाल, गोपी कृष्ण. (२०७५). *नेपालमा संघीयताको अभ्यास संघ प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध* (पराग पाँचौ संस्करण). नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन ।

# साना तथा मझौला उद्यमको उन्नयनका लागि क्षमता विकास



✍विष्णु प्रसाद काफ्ले*

**लेखसार**

साना तथा मझौला उद्यम क्षेत्र राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भ भएर पनि यो क्षेत्रको अपेक्षित परिमाणात्मक र गुणात्मक वृद्धि र विकास हुन सकिरहेको छैन । मुख्य रूपमा उद्यम व्यवसायले दुई प्रमुख अवरोध सामना गरिरहेका छन् -—पूँजीमा पहुँच (Access to Finance) र बजार पहुँच (Access to Market)। पर्याप्त बैंक तरलता भए पनि धेरै उद्यमहरू बैंक योग्य व्यवसाय योजना, वित्तीय अभिलेख, नगद प्रवाह व्यवस्थापन, कर अनुपालन तथा धितो व्यवस्थापनको कमजोरीका कारण कर्जा प्राप्त गर्न असफल छन्। अर्कोतर्फ, कमजोर ब्राण्ड पहिचान, गुणस्तर मापदण्डको कमी, सीमित डिजिटल प्रयोग, अपर्याप्त बजार अनुसन्धान तथा प्याकेजिङ र प्रमाणीकरणको अभावले बजार विस्तारमा चुनौती सिर्जना गरेको छ। जसले गर्दा अपेक्षित उत्पादनशील र  नाफामुलक हुन सकेका छैनन् ।यसको समाधानका लागि व्यवसायिक क्षमता विकास अत्यन्त महत्वपूर्ण हुन्छ । जसले वित्तीय साक्षरता, नेतृत्व विकास, बजार पहुँच, प्रविधि उपयोग, उत्पादन विकास, गुणस्तर सुधार तथा ब्राण्डिङ जस्ता क्षेत्रमा सुधार ल्याउँछ। यसले उद्यमलाई लगानी योग्य (Investment Ready) र बजारग्राह्य (Market Ready) बनाउन सहयोग पुऱ्याउँछ। यसका लागि सरकार, बैंक, निजी क्षेत्र, व्यवसाय विकास सेवा प्रदायक तथा विकास साझेदारबीच समन्वय र सहकार्य आवश्यक छ।

## १. पृष्ठभूमि

विश्व अर्थतन्त्रमा साना तथा मझौला उद्यमलाई आर्थिक वृद्धिको मेरुदण्डका रूपमा लिइन्छ । विश्वमा ९० प्रतिशत बढी साना मझौला उद्यम व्यवसाय छन् । ५० प्रतिशत बढी रोजगारीको हिस्ता यहि क्षेत्रको रहेको छ । विकासशील मुलुकको एकतिहाइ बढी कुल गार्ह्यस्थ उत्पादन यो क्षेत्रले दिएको छ । नेपालमा मात्रै २० लाख बढी रोजगारी र कुल गार्ह्यस्थ उत्पादनमा करीब २२ प्रतिशत योगदान साना तथा मझौला उद्यम व्यवसायको रहेको छ । कृषि तथा पशुपालन, उत्पादनमूलक उद्योग, सेवा, सुचना प्रविधि, पर्यटन तथा हस्पिटालिटी, हस्तकला लगायतका प्राथमिक क्षेत्रहरुको बाहुल्यता नेपालका साना तथा मझौला उद्योगहरुको बाहुल्यता रहेको छ । कोशी प्रदेशको पछिल्लो आर्थिक सर्वेक्षणले यस प्रदेशमा करीब ८६ हजार उद्योग व्यवसाय सञ्चालनमा रहेका छन् । औपचारिक रुपमा दर्ता नभएका उद्यम व्यवसायको संख्या समेत उल्लेख्य रहेका छन् । विशेषगरी कोशी प्रदेशमा कृषि, पर्यटन, उत्पादन, सेवा र सूचना प्रविधिमा आधारित उद्यमहरूको उच्च सम्भावना रहेको छ। यद्यपि साना तथा मझौला उद्यम क्षेत्रको संख्यात्मक र गुणात्मक बृद्धि र विस्तार अपेक्षित रुपमा भने हुनसकेको छैन ।

* बिजिनेश डेभेलपमेन्ट सर्भिस लिड  DAI Global UK Ltd.- आर्थिक विकासका लागि लगानी र नव प्रवर्तन, उदय परियोजना

**२. दुई ओटा मुख्य उल्झन वा अवरोध**

मुल रुपमा यसमा दुई ओटा उल्झन वा अवरोध उद्यम व्यवसायले झेलिरहेका छन् । पहिलो पुजीँमा पहुँच (Access to Finance) र दोस्रो बजार पहूँच (Access to Market) ।

बैंकहरुसँग पर्याप्त तरलताको अवस्थामा पनि धेरै उद्यमीहरु वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न सक्षम  छैनन् । यसको कारण पूँजीको अभाव मात्र नभई व्यवसायिक तयारी (Business Readiness) र लगानी योग्य व्यवसायिक योजना (Bankable Business Plan) को कमी हो । धेरै उद्यमीहरूमा व्यवस्थित व्यवसाय योजनाको अभाव, वित्तीय अभिलेख तथा लेखा प्रणालीको कमजोरी, नगद प्रवाह व्यवस्थापनको कमी, कर तथा कानुनी अनुपालनमा कमजोरी, धितो तथा जोखिम व्यवस्थापन क्षमता न्यून भएका कारण  बैंकहरूमा कर्जा दिने क्षमता हुँदाहुँदै पनि लगानी योग्य योजनाको कमी देखिन्छ ।विश्व बैंकको अध्ययनले समेत नेपालका धेरै उद्यमहरु अनौपचारिक स्वरूपमा सञ्चालन हुने तथा सीमित बजारमा केन्द्रित रहने भएकाले वित्तीय पहुँचमा समस्या देखिएको उल्लेख गरेको छ । खासगरी साना उद्यमीहरुको व्यवसायिक साक्षरता (Business Literacy) को स्तर पनि कमी रहेको छ ।

अर्कातिर साना तथा मझौला उद्यमहरुको उत्पादनशीलता (Productivity) र नाफा (Profitability) न्यून छ। जसका कारण बजार पहुँचमा कमी छ अर्थात् बजारग्राह्य (Market Ready) हुन सकिरहेका छैनन् ।गुणस्तर मापदण्डको अभाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमाणीकरणमा सीमित पहुँच, कमजोर ब्राण्ड पहिचान, आकर्षक प्याकेजिङको अभाव, डिजिटल मार्केटिङ तथा ई-कमर्सको न्यून प्रयोग, पर्याप्त र विश्वासनीय बजार सूचना र ग्राहक विश्लेषणको कमी हो ।कमजोर ब्राण्ड पहिचान, आकर्षक तथा सूचनामूलक प्याकेजिङको कमी, गुणस्तर मापदण्डहरू पूरा गर्न नसक्नु, आवश्यक प्रमाणीकरण प्राप्त नगर्नु, डिजिटल बजार तथा प्रविधिको सीमित प्रयोग र बजार अनुसन्धानमा पर्याप्त ध्यान नदिनु जस्ता कारणहरूले उनीहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ । आजको प्रतिस्पर्धात्मक बजारमा केवल उत्पादन गर्नु पर्याप्त हुँदैन । ग्राहकलाई विश्वास दिलाउने, मूल्य सिर्जना गर्ने, नव-प्रवर्तन र बजारमा फरक पहिचान (Identity) निर्माण गर्ने क्षमता आवश्यक पर्ने हुन्छ ।

**३. व्यवसायिक क्षमता विकास**

उल्लेखित साना तथा मझौला उद्यम व्यवसायका मुख्य दुई समस्या समाधान नगरी यो क्षेत्रको वृद्धि र विकास हुन सक्दैन । पुँजीमा पहुँच सुनिश्चित गर्न व्यवसायहरु लगानी योग्य (Investment Ready) हुनु पर्दछ । नाफामुलक हुनका लागि बजारग्राह्य (Market Ready) हुन जरुरी हुन्छ । यसका लागि उद्यम व्यवसायले समय अनुसार आफ्नो क्षमता विकास गर्दै उच्च कार्य कुशल र प्रतिस्पर्धी बनाउदै जानु पर्ने हुन्छ । तसर्थ आवश्यक पुँजी र बजार जानकारीका अलावा गुणस्तरीय र सान्दर्भिक व्यवसायिक विकास सेवा (Business Development Services- BDS) का माध्यमबाट उद्यम व्यवसायको क्षमता विकास, दीगो वृद्धि र विस्तार गर्न सकिन्छ ।

व्यवसाय विकास सेवा (BDS) भनेको उद्यम तथा व्यवसायहरूको व्यावसायिक ज्ञान, सीप, क्षमता, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमता र व्यवसाय वृद्धि वा विस्तारका लागि योग्य, अनुभवी तथा विज्ञ सेवा प्रदायकहरूबाट प्रदान गरिने व्यावसायिक परामर्श सेवा हो । यस सेवाभित्र व्यवसायसम्बन्धी व्यावसायिक वित्तीय साक्षरता, व्यवसायिक नेतृत्व विकास, जनशक्ति क्षमता अभिवृद्धि, मुल्य तथा आपूर्ति श्रृंखला सवलीकरण, बजार पहुँच तथा उपयुक्त प्रविधि सुधारका लागि सुझाव, परामर्श, सहजीकरण, सूचना प्रवाह लगायतका प्राविधिक, व्यावसायिक र व्यवस्थापकीय पक्षहरू समावेश हुन्छन् ।

नेपालमा पनि विस्तारै उद्यमीहरुको क्षमता विकास र सहजीकरणका लागि व्यवसायिक विकास परामर्श सेवाको प्रचलन विकास हुदै गएको देखिन्छ । खासगरि कर्पोरेट क्षेत्रले लामो समय देखि यस प्रकारका सेवाहरुको अभ्यास गरेर व्यवसायलाई नाफामुलक, उत्पादनशील र प्रतिस्पर्धी बनाइरहेका छन् । तर लघु, घरेलु तथा साना उद्योग व्यवसायको यस प्रकार सेवाहरुको बारेमा पर्याप्त जानकारी, चेतना र पहुँचमा कमी रहेको देखिन्छ ।कोशी प्रदेशमा पनि सरकार, नीजि क्षेत्र एवं विकास परियोजनाहरुले व्यवसायिक विकास परामर्श सेवा मार्फत उद्यमी व्यवसायीहरुको उद्यमशीलता, नव प्रवर्तन र क्षमता अभिवृद्धिका लागि सहयोग र सहजीकरण गरीरहेका छन् ।

व्यवसायिक क्षमता विकास साना तथा मझौला उद्यमहरूको प्रतिस्पर्धात्मकता, उत्पादकत्व तथा दिगोपन अभिवृद्धि गर्ने महत्वपूर्ण आधार हो । यसले उद्यमशील नेतृत्व विकास, व्यवसाय योजना तथा रणनीतिक व्यवस्थापन, वित्तीय तथा व्यवसायिक साक्षरता, डिजिटल व्यवसायिक सीप, लागत न्यूनीकरण, अद्वितीय बिक्री विन्दु (Unique Selling Point) को पहिचान तथा ब्राण्डिङ (Branding), कुशल बजार व्यवस्थापन, आकर्षक प्याकेजिङ (Packaging) र लेबलिङ (Labelling), उत्पादन विकास (Product Development) तथा नवप्रवर्तन (Innovation), गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण (Standardization & Certification), निर्यात तयारी (Export Readiness) लगायतका क्षेत्रमा सकारात्मक सुधार ल्याउँछ । साथै, यसले उद्यमशीलता र नवप्रवर्तनको संस्कारलाई सुदृढ गर्दै व्यवसायलाई दीर्घकालीन सफलता हासिल गर्न सहयोग पुऱ्याउँछ । विभिन्न कार्यक्रम तथा परियोजनाहरूबाट प्राप्त अनुभवले देखाएको छ कि सूचना, पूँजी तथा गुणस्तरीय व्यवसाय विकास सेवाको प्रभावकारी संयोजन प्राप्त गरेका उद्यमहरू दिगो रूपमा विस्तार हुने, रोजगारी सिर्जना गर्ने तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने सम्भावना अन्य उद्यमहरूको तुलनामा बढी हुन्छ। उत्पादन गर्नु मात्र व्यवसायिक सफलताको आधार होइन; उत्पादन वा सेवालाई प्रभावकारी रूपमा बजारसम्म पुऱ्याउने, ग्राहकको विश्वास आर्जन गर्ने तथा प्रतिस्पर्धात्मक लाभ सिर्जना गर्ने क्षमता पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

**४. सहकार्यका पाँच क्षेत्रहरु**

साना तथा मझौला उद्यमहरूको व्यवसायिक क्षमता विकास मार्फत दिगो उन्नयन, प्रतिस्पर्धात्मकता अभिवृद्धि तथा विस्तारका लागि सरकार, बैंक तथा वित्तीय संस्था, व्यवसाय विकास सेवा प्रदायक, नीजि क्षेत्र, व्यवसायिक प्रतिनिधी संस्थाहरु, शैक्षिक संस्था तथा विकास साझेदारहरूबीच प्रभावकारी समन्वय र सहकार्य अपरिहार्य छ । उद्यम क्षेत्रका विद्यमान चुनौतीहरूलाई सम्बोधन गर्दै उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न विशेषगरी पाँच रणनीतिक क्षेत्रमा केन्द्रित हुन आवश्यक देखिन्छ । पहिलो, उद्यमहरूलाई वित्तीय संस्थाहरूको लगानी तथा कर्जा प्राप्तिका लागि आवश्यक व्यवसायिक र वित्तीय तयारीसहित लगानी योग्य (Investment/Bank Ready) बनाउने; दोस्रो, गुणस्तरीय उत्पादन, प्रभावकारी ब्राण्डिङ तथा बजार पहुँचमार्फत बजार ग्राह्य (Market Ready) बनाउने; तेस्रो, नवप्रवर्तन, अनुसन्धान तथा प्रविधिमैत्री व्यवसायिक अभ्यासमा लगानी वृद्धि गर्ने; चौथो, गुणस्तर सुनिश्चितता, प्रमाणीकरण तथा ब्राण्ड विकासलाई प्रवर्द्धन गरी उत्पादन तथा सेवाको विश्वसनीयता बढाउने; र पाँचौं, डिजिटल रूपान्तरण तथा निर्यात क्षमता अभिवृद्धिमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा उद्यमहरूको पहुँच विस्तार गर्ने । साथै उद्यमशीलता (Entrepreneurship) र नव प्रवर्तन (Innovation) को सोच एवं संस्कार विकास र भविश्यमा व्यवसाय सञ्चालनमा अभ्यासमा परिणत गर्नका लागि स्कूल तथा विश्वविद्यालयहरुमा नै सरकार, नीजि क्षेत्र र शैक्षिक संस्थाहरुको सहकार्यमा विद्यार्थी तथा युवा लक्षित कार्यक्रम (School/University Entrepreneurship Education Program) हरु सञ्चालन गर्दै जानु पर्दछ ।

### ५. उपसंहार

कोशी प्रदेशको अर्थतन्त्र, जैविक विविधता, प्राकृतिक स्रोतसाधन तथा भौगोलिक विशेषतालाई मध्यनजर गर्दै कृषि तथा खाद्य प्रशोधन, चिया, कफी, अलैंची तथा फलफूलमा आधारित मूल्य श्रृंखला, डेरी तथा पशुपालन, पर्यटन तथा हस्पिटालिटी, ढाका, हस्तकला तथा स्थानीय उत्पादन, सूचना प्रविधि तथा डिजिटल सेवा, उर्जा साथै हरित उद्यम तथा जलवायुमैत्री व्यवसायहरू उच्च सम्भावना भएका क्षेत्रमा साना तथा मझौला उद्यम व्यवसायहरु रहेका छन् । यी क्षेत्रहरूको दिगो विकास र प्रतिस्पर्धात्मकता अभिवृद्धिका लागि प्रविधिमैत्री उत्पादन प्रणाली, गुणस्तर सुधार, मूल्य अभिवृद्धि, ब्राण्डिङ, बजार पहुँच विस्तार तथा नवप्रवर्तनमा आधारित व्यवसायिक अभ्यासहरूको प्रवर्द्धन आवश्यक छ। विशेषगरी स्थानीय स्रोत, सीप र उद्यमशीलतालाई आधुनिक व्यवस्थापन, वित्तीय पहुँच तथा गुणस्तरीय व्यवसाय विकास सेवासँग जोड्न सकेमा यी क्षेत्रहरूले रोजगारी सिर्जना, आय वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन मार्फत कोशी प्रदेशको आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्नेछन् । साथै, हरित र जलवायुमैत्री उद्यमहरूको विस्तारले दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुर्‍याउँदै पर्यावरणीय संरक्षण र आर्थिक समृद्धिबीच सन्तुलन कायम गर्न साना तथा मझौला उद्यम व्यवसायहरु ले प्रादेशिक अर्थतन्त्रको Growth Engine का रुपमा महत्वपूर्ण भूमिका खेल्ने सुनिश्चित रहेको छ ।

### सन्दर्भ स्रोत सामग्रीहरु

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश सरकार. (२०८२). *आर्थिक सर्वेक्षण प्रतिवेदन. कोशी प्रदेश सरकार.*

नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश. (२०८०). *कोशी प्रदेशको आर्थिक पार्श्वचित्र.* नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश.

नेपाल राष्ट्र बैंक. (२०८१). *कोशी प्रदेशको आर्थिक तथा वित्तीय अवस्थाः संक्षिप्त विवरण.* नेपाल राष्ट्र बैंक.

कोशी प्रदेश सरकार. (२०८१). *दोस्रो आवधिक योजना.* कोशी प्रदेश सरकार.

Udaya Project. (2026). *Digital Information Portal.* https://www.udaya.koshi.gov.np

World Bank. (2023). *Enterprise surveys.* World Bank.

World Bank Group. (२०८१). *नेपाल लघु उद्यम सर्वेक्षण.* World Bank Group.

# नेपालमा सूचना तथा सञ्चार प्रविधि विकासको प्राथमिकता : डिजिटल नेपालको मार्गचित्र र चुनौती



✍राजबाबु शंकर*

**लेखसार (Abstract) :**
प्रस्तुत आलेखले नेपालको आर्थिक–सामाजिक रूपान्तरणका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) लाई एक मुख्य संवाहकका रूपमा चित्रण गरेको छ । 'डिजिटल नेपाल फ्रेमवर्क २.०' को मार्गचित्र र 'FAST' रणनीति (पूर्वाधार, पहुँच, सीप र रूपान्तरण) मा आधारित रहेर नेपालले शिक्षा, सुशासन र सेवा प्रवाहमा गरिरहेका प्रयासहरूको यसमा विश्लेषण गरिएको छ ।

विशेषतः नागरिक एप मार्फत सरकारी सेवाको सरलीकरण, १ अर्ब डलरभन्दा बढीको आईटी सेवा निर्यात र शिक्षामा प्रविधिको एकीकरणलाई सकारात्मक उपलब्धिका रूपमा लिइएको छ । यद्यपि, दक्ष जनशक्तिको पलायन (brain drain), कमजोर साइबर सुरक्षा, नीतिगत अस्थिरता र डिजिटल खाडल जस्ता गम्भीर चुनौतीहरू विद्यमान छन् । नेपाललाई 'भूपरिवेष्ठित'बाट 'डिजिटल्ली ल्याण्डलिंक्ड' (Digitally Landlinked) राष्ट्र बनाउन पूर्वाधारमा लगानी, कानूनी सुधार र निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य देखिन्छ । अन्ततः सूचना प्रविधिलाई जलविद्युत र पर्यटन जस्तै अर्थतन्त्रको बलियो खम्बा बनाउन सके मात्र समृद्ध नेपालको लक्ष्य प्राप्त हुने निष्कर्ष यस आलेखले प्रस्तुत गरेको छ ।

**शब्दकुञ्जी (Keywords)**
डिजिटल नेपाल (Digital Nepal), सूचना तथा सञ्चार प्रविधि (ICT), आईटी सेवा निर्यात (IT Services Export), डिजिटल पूर्वाधार (Digital infrastructure) र सुशासन (Good Governance).

## १. पृष्ठभूमि (Background)

एक्काइसौं शताब्दीको विश्वलाई डोर्‍याउने र आर्थिक–सामाजिक सन्तुलनलाई नयाँ गति दिने सबैभन्दा शक्तिशाली आयाम सूचना तथा सञ्चार प्रविधि (ICT) बनेको छ । वर्तमान विश्वमा प्रविधि केवल सञ्चारको माध्यम वा विलासिताको साधन मात्र नभएर ज्ञानमा आधारित समाज निर्माण र डिजिटल अर्थतन्त्रको मुख्य मेरुदण्ड हो । विकासोन्मुख राष्ट्र नेपालका लागि परम्परागत विकासका उकाली–ओरालीहरूलाई छोट्याउँदै तीव्र र समावेशी आर्थिक रूपान्तरण गर्ने यो एक अभूतपूर्व ऐतिहासिक अवसर हो । भौगोलिक विकटता, पूर्वाधारको न्यूनता र आर्थिक सीमितता भोगिरहेको देशका लागि सूचना प्रविधिको रणनीतिक विकास र विस्तार केवल एक वैकल्पिक रोजाइ मात्र नभएर देशको सार्वभौमिकता, सुशासन र समृद्धिको अनिवार्य शर्त बनिसकेको छ ।

नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' मार्फत कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र शहरी पूर्वाधार जस्ता

* सम्पादक प्रकाशक : 'साप्ताहिक समाचार', भद्रपुर (झापा)

राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रविधिको सघन एकीकरण गर्ने लक्ष्य राखेको छ । प्रविधिको द्रूत विकासले परम्परागत प्रशासनिक जडता र सेवा प्रवाहमा विद्यमान ढिलासुस्तीलाई अन्त्य गर्ने सामर्थ्य राख्दछ ।

यद्यपि, महत्त्वाकांक्षी योजनाहरू हुनु र तिनको तल्लो तहसम्म सफल कार्यान्वयन हुनु फरक कुरा हुन् । विश्वव्यापी प्रविधि बजारको गतिसँग तालमेल गर्दै नेपालले आफ्नो राष्ट्रिय आवश्यकता अनुकूल सूचना प्रविधिका प्राथमिकताहरू पहिचान गर्नु पर्ने टड्कारो आवश्यकता छ । यस सन्दर्भमा, पूर्वाधार निर्माणदेखि नीतिगत सुधारसम्मका प्राथमिकताहरूलाई वस्तुपरक र व्यावहारिक रूपमा परिमार्जन गर्दै अघि बढ्नु नै आजको मुख्य कार्यदिशा हो ।

**२. मुख्य प्राथमिकताहरू (Key priorities) :**

नेपाल जस्तो देशमा सूचना तथा सञ्चार प्रविधिको दिगो विकासका लागि केही विशिष्ट क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राख्नु पर्छ । ती प्राथमिकताहरूलाई निम्न बमोजिम विश्लेषण गर्न सकिन्छ—

सूचना प्रविधिको मेरुदण्ड मानिने पूर्वाधारको विकास र विस्तारले नेपालमा सर्वाधिक महत्व राख्दछ । नेपाल दूरसञ्चार प्राधिकरण तथा विश्वव्यापी प्रविधि प्रतिवेदनहरूका अनुसार, हाल झण्डै ५६ प्रतिशत नागरिक मात्र सक्रिय रूपमा इन्टरनेटको पहुँचमा रहेका छन्, जसले गर्दा ग्रामीण र शहरी क्षेत्रबीच डिजिटल पहुँचको खाडल अझै पनि गहिरो देखिन्छ । मोबाइल र अन्य माध्यमको पहुँच जोड्दा ब्रोडब्याण्ड इन्टरनेटको प्रशासनिक घनत्व उच्च देखिए तापनि करीब ४४ प्रतिशत जनसंख्याको डिजिटल पहुँच सुनिश्चित गरिनु अबको प्राथमिकता हुनु वाञ्छनीय छ । यसका लागि मध्यपहाडी लोकमार्ग र अन्य रणनीतिक मार्गहरूमा अप्टिकल फाइबर बिछ्याउने कार्यलाई द्रूत गतिमा सम्पन्न गर्दै डिजिटल पहुँचको सञ्जाल देशव्यापी बनाउन आवश्यक छ । हाल नेपालका कूल इन्टरनेट प्रयोगकर्तामध्ये करीब ८७.९ प्रतिशतले ४ जी (4G) सेवा प्रयोग गरिरहेका छन्, तर यसको गुणस्तर सुधार गर्दै ५ जी (5G) प्रविधिको व्यावसायिक विस्तार अपरिहार्य भइसकेको छ । यस प्रक्रियामा ग्रामीण दूरसञ्चार विकास कोषको अधिकतम र प्रभावकारी उपयोग गर्नु दूरसञ्चार प्राधिकरणको मुख्य दायित्व हुन आउँछ । यसका साथै, नेपालभित्रै सुरक्षित र उच्च क्षमताका सरकारी तथा निजी डाटा सेन्टरहरू निर्माण गरी डाटा सार्वभौमिकता (Data Sovereignty) को रक्षा गर्नु अर्को महत्वपूर्ण राष्ट्रिय प्राथमिकता हो ।

यसरी बलियो डिजिटल पूर्वाधार तयार भइसकेपछि त्यसको जगमा नागरिकले पाउने सार्वजनिक सेवालाई झन्झटमुक्त, पारदर्शी र भ्रष्टाचारमुक्त बनाउन विद्युतीय सुशासन ऐन र नीतिको पूर्ण कार्यान्वयन अपरिहार्य हुन जान्छ । वर्तमान समयमा विभिन्न सरकारी निकायका सफ्टवेयरहरू एक–अर्कासँग जोडिन नसक्दा नागरिकले एउटै विवरण पटक–पटक बुझाउनु पर्ने बाध्यता छ । यस झन्झटलाई अन्त्य गर्न एकीकृत डाटा केन्द्रको अवधारणा लागू गर्दै मालपोत, यातायात, राहदानी र कर भुक्तानी जस्ता सबै आधारभूत सेवाहरूलाई 'नागरिक एप'मा पूर्ण रूपमा एकीकृत गरी शतप्रतिशत अनलाइन बनाइनु जरुरी हुन्छ । संघीयताको मर्म अनुरूप यो प्रविधिलाई केन्द्रमा मात्र सीमित नराखी स्थानीय सरकारहरूलाई प्रविधिमैत्री बनाई गाउँ–गाउँबाटै डिजिटल सेवा प्रवाह गर्ने क्षमता विकास गर्नु आवश्यक छ ।

डिजिटल पूर्वाधारको उपलब्धता र सार्वजनिक सेवाको सुदृढीकरणसँगै मुलुकको समग्र विकासका लागि शिक्षामा प्रविधिको एकीकरण अर्को अपरिहार्य कदम बन्न पुग्छ । जब पूर्वाधारको विश्वव्यापी पहुँच र स्थानीय तहसम्म डिजिटल सेवाको सबलीकरण हुन्छ, तब मात्र विद्यालय तथा उच्च शिक्षामा सूचना प्रविधिलाई व्यावहारिक रूपमा जोड्न सकिन्छ । डिजिटल साक्षरताको प्रवद्र्धन, ई–लर्निङ प्लेटफर्महरूको विकास र ग्रामीणदेखि दुर्गम क्षेत्रसम्मका विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण सामग्रीको पहुँचले नै भोलिको पुस्तालाई डिजिटल अर्थतन्त्रका लागि योग्य बनाउन सक्छ । अतः पूर्वाधार विकास, प्रशासनिक सहजता र शैक्षिक रूपान्तरणलाई एकअर्काको परिपूरकका रूपमा अगाडि बढाएर मात्र डिजिटल नेपालको सपनालाई साकार पार्न सकिने गुञ्जायस रहन्छ ।

**(ग) शिक्षामा प्रविधिको एकीकरण (ICT in Education) :**

परम्परागत सिकाइ सञ्चालन पद्धतिलाई विस्थापित गर्दै आधुनिक, पहुँचयोग्य र व्यावहारिक शिक्षाका लागि सूचना प्रविधिको प्रयोग नेपालमा शैक्षिक सुधारको प्रमुख प्राथमिकता हुनु पर्छ ।

- डिजिटल क्लासरूम र स्मार्ट लर्निङ : सरकारी तथा सामुदायिक विद्यालयहरूमा परम्परागत चक र डस्टरको विकल्पमा स्मार्ट बोर्ड, प्रोजेक्टर र कम्प्युटर ल्याबको व्यवस्था गरिनु पर्छ । 'एक विद्यालय, एक कम्प्युटर ल्याब'को अवधारणालाई ग्रामीण तहसम्म प्रभावकारी रूपमा लागू गर्न प्राथमिकता दिइनु पर्दछ ।
- खुला तथा दूर शिक्षा (Open and Distance Learning) : विकट हिमाली तथा पहाडी क्षेत्रका विद्यार्थीहरू, जहाँ विषयगत शिक्षकहरूको अभाव छ, त्यहाँ भर्चुअल कक्षा (Virtual Classes) र अनलाइन शिक्षण माध्यमबाट गुणस्तरीय शिक्षा पुर्‍याउन सकिन्छ । नेपाल सरकारको 'शिक्षा तथा मानव स्रोत विकास केन्द्र'ले निर्माण गरेका डिजिटल लर्निङ पोर्टलहरूलाई अझ बढी अन्तरक्रियात्मक र प्रयोगकर्ता–मैत्री बनाउन जरुरी हुन्छ ।
- इन्टरनेट र डिजिटल सामग्रीमा पहुँच : विद्यालयहरूमा उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट जडान गरी विद्यार्थी र शिक्षकलाई विश्वव्यापी शैक्षिक सामग्री, ई–पुस्तकालय (E–Library) र खुला शैक्षिक स्रोत (OER) मा पहुँच सुनिश्चित गराउनु पर्छ ।
- शिक्षकहरूको प्राविधिक क्षमता अभिवृद्धि : प्रविधिको प्रयोगका लागि सबैभन्दा पहिले शिक्षकहरू नै दक्ष हुनु पर्छ । त्यसैले, शिक्षक सेवा आयोग र शैक्षिक तालिम केन्द्रहरूले शिक्षकहरूका लागि अनिवार्य आईसीटी तालिम र डिजिटल साक्षरता पाठ्यक्रम सञ्चालन गर्नु पर्छ ।

**(घ) आईटी सेवा निर्यात र रोजगारी सिर्जना (IT service export and job creation) :**

नेपाल जस्तो भूपरिवेष्ठित र सीमित उत्पादन क्षमता भएको देशका लागि सफ्टवेयर र डिजिटल सेवा निर्यात आर्थिक समृद्धिको सबैभन्दा ठूलो र नयाँ सम्भावनाको क्षेत्र हुन सक्छ ।

- डलर आर्जन र अर्थतन्त्रमा योगदान : नेपालको सूचना प्रविधि क्षेत्रले निर्यातमा अभूतपूर्व फड्को मारेको छ । 'नास–आईटी' का अध्ययनहरूका अनुसार, नेपालको आईटी सेवा निर्यात इतिहासमै पहिलो पटक १ अर्ब अमेरिकी डलर (करीब १ खर्ब ४५ अर्ब नेपाली रुपैयाँ) को विन्दुमा पुगेको अनुमान गरिएको छ ।
- केन्द्रीय बैंकको तथ्याङ्क र राष्ट्रिय लक्ष्य : नेपाल राष्ट्र बैंकको हालैको वित्तीय प्रतिवेदन अनुसार, आर्थिक वर्षको पहिलो ६ महिनामा मात्रै सूचना प्रविधि र टेलिकम्युनिकेशन क्षेत्रबाट नेपालले ४५ अर्ब रुपैयाँभन्दा बढी वैदेशिक मुद्रा आर्जन गरेको छ । यसै गतिको आधारमा सरकारले आगामी १० वर्षमा कूल २२ अर्ब डलरको आईटी निर्यात गर्ने र ५ लाख नयाँ डिजिटल रोजगारी सिर्जना गर्ने महत्त्वाकांक्षी राष्ट्रिय लक्ष्य राखेको छ ।
- प्रतिभा पलायन (Brain Drain) को रोकथाम : नेपालका दक्ष आईटी इन्जिनीयरहरू स्वदेशमै आकर्षक पारिश्रमिक र कामको उचित वातावरण पाएमा विदेशिने क्रम रोकिने छ । आईटी निर्यात क्षेत्रले युवाहरूलाई नेपालमै बसेर विश्वस्तरीय कम्पनीहरूमा काम गर्ने (Remote Work) अवसर प्रदान गर्दछ ।
- अन्तर्राष्ट्रिय भुक्तानी गेट–वे (Payment Gateway) को सहजता : नेपाली आईटी व्यवसायी र फ्रिलांसरहरूले भोग्ने सबैभन्दा ठूलो समस्या अन्तर्राष्ट्रिय भुक्तानीको हो । पेपाल (PayPal), स्ट्राइप (Stripe) जस्ता अन्तर्राष्ट्रिय भुक्तानी माध्यमहरूलाई नेपालको बैंकिङ प्रणालीसँग सहज रूपमा आबद्ध गराई रकम भित्र्याउने प्रक्रियालाई सरल र वैध बनाउनु आवश्यक छ ।

**(ङ) साइबर सुरक्षा र कानूनी पूर्वाधारको सुदृढीकरण**

प्रविधिको विकाससँगै साइबर अपराध, डाटा चोरी र प्रणालीगत जोखिमहरू पनि तीव्र रूपमा बढेका छन्। त्यसका निम्ति—

- राष्ट्रिय साइबर सुरक्षा केन्द्रको सक्रियता : साइबर आक्रमणको तत्काल पहिचान र समाधान गर्न 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र'लाई चौबीसै घण्टा क्रियाशील र साधन-स्रोत सम्पन्न बनाउनु पर्छ ।
- कानूनी परिमार्जन : पुरानो विद्युतीय कारोबार ऐनलाई प्रतिस्थापन गरी समसामयिक साइबर सुरक्षा ऐन र व्यक्तिगत डाटा सुरक्षा ऐन (Data Privacy Law) यथाशीघ्र कार्यान्वयनमा ल्याउनु पर्छ ।

**३. डिजिटल प्रयासहरू र नागरिक एपको प्रभावकारिता :**

नेपाल सरकारले सार्वजनिक सेवालाई सरल, छिटो र प्रविधिमैत्री बनाउन विभिन्न डिजिटल प्रयासहरू अघि बढाउने क्रम जारी राखेको छ । यी प्रयासहरूमध्ये नागरिक एप (Nagarik App) सर्वसाधारणले प्रत्यक्ष अनुभूत गरेको डिजिटल रूपान्तरणको मुख्य कडी हो ।

- बढ्दो प्रयोगकर्ता संख्या : सार्वजनिक सेवालाई ढोकामै पुर्याउने उद्देश्यले शुरु गरिएको सरकारी डिजिटल प्लेटफर्म 'नागरिक एप' प्रयोग गर्ने नागरिकहरूको संख्या १.५ मिलियन (१५ लाख) भन्दा माथि पुगिसकेको छ ।
- एकीकृत सेवा प्रवाह : यस एपमा हाल २५ भन्दा बढी सरकारी सेवाहरू एकीकृत भइसकेका छन् । नागरिकहरूले आफ्नो नागरिकता, राहदानी (Passport), मतदाता परिचय-पत्र र शैक्षिक प्रमाण-पत्रका विवरणहरू एकै ठाउँमा हेर्न र प्रमाणित गर्न सक्छन् ।
- क्यूआर (QR) जरिवाना प्रणाली : सवारी चालक अनुमति-पत्र (Driving License) मा क्यूआर कोड थपिएको छ, जसलाई ट्राफिक प्रहरीले डिजिटल यन्त्र मार्फत स्क्यान गरी प्रमाणीकरण गर्न सक्छन् । साथै, ट्राफिक नियम उल्लंघनको जरिवाना पनि एप मार्फत सिधै अनलाइन भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।
- ई–गभर्नेन्स सूचकाङ्कमा सुधार : संयुक्त राष्ट्र सङ्घ (UNO) को ई–गभर्नेन्स डेभलप्मेन्ट इन्डेक्समा नेपालले उल्लेखनीय सुधार गर्दै पहिलेको १२५ औं स्थानबाट माथि उठेर ११ औं स्थानमा फड्को मारेको छ ।

**४. डिजिटल नेपाल फ्रेमवर्क २.० : डिजिटल रूपान्तरणको रणनीति (Digital Nepal Framework 2.0 : Strategy for Digital Transformation)**

पहिलो ‘डिजिटल नेपाल फ्रेमवर्क’को समीक्षा र सिकाइका आधारमा नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क २.०' (DNF 2.0) को परिमार्जित मस्यौदा तयार गरी कार्यान्वयनको प्रक्रिया अघि बढाएको छ । यसले मुख्य रूपमा 'FAST' नामक ४ वटा रणनीतिक आधारहरूमा ध्यान केन्द्रित गरेको छ—

(क) F = Future–Ready Digital Foundations (भविष्यका लागि तयार डिजिटल पूर्वाधार) : यस अन्तर्गत डिजिटल सार्वजनिक पूर्वाधार (DPI), अत्याधुनिक डाटा सेन्टर र देशव्यापी रूपमा ५-जी (5G) प्रविधिको विस्तार गर्ने लक्ष्य राखिएको छ ।

(ख) A = Access to Digital Services (डिजिटल सेवाहरूमा पहुँच) : प्रत्येक नागरिक र स्थानीय

तहसम्म किफायती, सुरक्षित र उच्च गतिको इन्टरनेट तथा अनलाइन सरकारी सेवा पुऱ्याउन सुनिश्चित गर्ने ।

(ग) S = Skills Development (सीप तथा डिजिटल साक्षरता) : प्रविधि उद्योगका लागि आवश्यक पर्ने उच्च दक्ष प्राविधिक जनशक्ति (एआई, क्लाउड कम्प्युटिङ, डाटा साइन्स) स्वदेशमै उत्पादन गर्ने र नागरिकको डिजिटल साक्षरता बढाउने उपक्रम ।

(घ) T = Transformation of the digital economy (डिजिटल अर्थतन्त्रमा रूपान्तरण) : अर्थतन्त्रलाई परम्परागत स्वरूपबाट डिजिटल स्वरूपमा लैजाने, सूचना प्रविधि निर्यात बढाउने र स्वदेशमै रोजगारी सिर्जना गर्ने ।

**५. चुनौती र अवरोधहरू (Challenges and Obstacles) :**

प्राथमिकताहरू स्पष्ट भए तापनि नेपालको सूचना प्रविधि क्षेत्रले निम्न बहुआयामिक चुनौतीहरूको सामना गरिरहेको छ—

(क) प्रतिभा पलायन : नेपालमा उत्पादित दक्ष आईटी जनशक्ति उच्च पारिश्रमिक र सुरक्षित भविष्यको खोजीमा विदेश पलायन हुने क्रम तीव्र छ । स्वदेशमै उचित अवसर र कदर नहुँदा प्रतिभा पलायन रोक्न गाह्रो पनि भएको छ ।

(ख) नीतिगत अस्थिरता र कर्मचारीतन्त्रीय जडता : प्रविधिको गति द्रूत हुन्छ । तर, सरकारी नीति र निर्णय प्रक्रिया अत्यन्त सुस्त र परम्परागत छ । नीति निर्माताहरूमा प्रविधिको दूरगामी महत्त्व बारे बुझाइको कमी देखिन्छ ।

(ग) विद्युत आपूर्ति र गुणस्तरको समस्या : डिजिटल पूर्वाधारका लागि चौबीसै घण्टा स्थिर विद्युत आवश्यक पर्छ । नेपालमा विद्युत उत्पादन बढे पनि ट्रान्समिसन र वितरण प्रणाली कमजोर हुँदा इन्टरनेट र डाटा सेन्टरहरू बारम्बार प्रभावित हुने गरेका छन् ।

(घ) कानूनी वैधताको अन्योल : कतिपय सरकारी कार्यालय वा मतदान केन्द्रहरूमा अझै पनि नागरिक एपको डिजिटल कागजातलाई मान्यता नदिई भौतिक नागरिकता वा परिचय-पत्र नै माग्ने परम्परागत प्रवृत्तिका कारण नागरिकले सास्ती बेहोर्नु परेको छ ।

**६. विश्लेषण र भावी दिशा (Analysis and future directions) :**

सूचना तथा सञ्चार प्रविधिलाई नेपालले केवल ‘मनोरञ्जन’ वा ‘सञ्चारको माध्यम’ मात्र सोच्ने परम्परागत दृष्टिकोणबाट माथि उठ्नु पर्छ । यो देशको कूल गार्हस्थ्य उत्पादन (GDP) मा ठूलो योगदान पुरयाउन सक्ने रणनीतिक आर्थिक क्षेत्र हो । जलविद्युत र पर्यटन जस्तै सूचना प्रविधिलाई पनि अब नेपालको आर्थिक विकासको तेस्रो मुख्य खम्बाको रूपमा स्वीकार गरिनु वाञ्छनीय छ ।

